मङ्सिर – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

| वर्ष २४, अङ्क १५ | २०७२, मङ्सिर १–१५ | पूर्णाङ्क ५६१ |
|---|---|---|



प्रकाशक

**सर्वोच्च अदालत**

**रामशाहपथ, काठमाडौं**

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

# प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ११ |
| इजलास नं. १ | ४ |
| इजलास नं. २ | ११ |
| इजलास नं. ३ | २७ |
| इजलास नं. ४ | ७ |
| इजलास नं. ५ | १३ |
| इजलास नं. ६ | ५ |
| इजलास नं. ७ | ३ |
| एकल इजलास | २ |
| पुनरावलोकन निस्सा | ५ |
| अन्तरिम आदेश | २ |
| जम्मा | ९० |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, मङ्सिर – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१-५** |
| १. | सार्वजनिक जग्गा खिचोला, घर भत्काई निकास बाटो खुलाई चलन | मनमतिया दुसाधिनसमेत वि. जोगिन्दर साह तेली | |
| २. | उत्प्रेषण | युवराज लामा वि. युवा तथा खेलकुद मन्त्रालयसमेत | |
| ३. | लागु औषध, डाइजेपाम र बुप्रिनर्फिन | नेपाल सरकार वि. शेखर शाही ठकुरीसमेत | |
| ४. | उत्प्रेषण / परमादेश | रामपतेश्वर दास वैष्णव वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंसमेत | |
| ५. | बहुविवाह | नेपाल सरकार वि. धर्मरत्न खड्गीसमेत | |
| **इजलास नं. १** | | | **५-७** |
| ६. | परमादेश | अधिवक्ता ध्रुवप्रसाद भट्टराई वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० बुद्धनगरस्थित नेपाल कम्युनिष्ट पार्टी माओवादीसमेत | |
| ७. | उत्प्रेषण / परमादेश | पुरूषोत्तम श्रेष्ठ वि. नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय | |
| ८. | सवारी ज्यान | नेपाल सरकार वि. प्रेमकुमार राई | |
| ९. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. जयबहादुर चन्दसमेत | |
| **इजलास नं. २** | | | **७-११** |
| १०. | उत्प्रेषण | शिवकुमार कार्की वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत | |
| ११. | करकाप | गगनदेव यादव वि. बद्रीनारायण शाह | |
| १२. | सम्बन्ध विच्छेद | सीता झवाली (पोखरेल) वि. ध्रुवराज पोखरेल | |
| १३. | करारको यथार्थ परिपालना | जिल्ला विकास समितिको कार्यालय, रूपन्देही, सिद्धार्थनगरसमेत वि. कृष्णप्रसाद शर्मा | |
| १४. | लागु औषध, सेतो हेरोइन | अमरावती लङ्गम वि. नेपाल सरकार | |
| १५. | सवारी ज्यान | नेपाल सरकार वि. मुक्तिराम बस्याल | |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनवीर सुब्बा | |
| **इजलास नं. ३** | | | **११-२८** |
| १७. | रक्तचन्दन ओसारपसार | नेपाल सरकार, वि. निरकुमार मोक्तान | |

| | | |
|---|---|---|
| १८. | पर्चा बदर गरी दर्ता गरिपाउँ | दलबहादुर मिजार वि. टलकबहादुर आले मगरसमेत |
| १९. | हक कायम, दर्ता फोड दर्ता | आयसा खातुनसमेत वि. जयतुन नेसासमेत |
| २०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भंगेडी भन्ने रामदेव बढईसमेत |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. श्रीमती राधादेवी मल्ल |
| २२. | अपहरण र शरीर बन्धक | प्रभात भन्ने दिनेश के.सी. वि. नेपाल सरकार |
| २३. | अदालतको अपहेलना | अधिवक्ता कमलप्रसाद इटनी वि. प्रधानमन्त्री बाबुराम भट्टराईसमेत |
| २४. | निषेधाज्ञा | रामेश्वर थारू वि. चाँददेवी नुनिया |
| २५. | परमादेश | महन्तराज गिरी वि. मालपोत कार्यालय, कञ्चनपुरसमेत |
| २६. | निषेधाज्ञा / परमादेश | रामजतन मल्लाह वि. गोविन्द केवटसमेत |
| २७. | उत्प्रेषण / परमादेश | महेशबहादुर सिंह वि. सुनिता राणासमेत |
| २८. | उत्प्रेषण / परमादेश | नरेश डगौरा वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत |
| २९. | उत्प्रेषण | वैकुण्ठप्रसाद न्यौपाने वि. मालपोत कार्यालय, बारा कलैयासमेत |

| | | |
|---|---|---|
| ३०. | जग्गा खिचोला चलन | नवलकिशोर महतोसमेत वि. भविछन राय यादव |
| ३१. | निषेधाज्ञा | शिवकृष्ण प्रजापति वि. किष्ट बैंक लिमिटेड अनामनगर |
| ३२. | उत्प्रेषण | डम्बरकुमारी सेन ठकुरी वि. कलङखोला वन उपभोक्ता समूहकी अध्यक्ष मेनुका शर्मा रिजालसमेत |
| ३३. | निषेधाज्ञा | दिवाकर घिमिरे वि. निलकुमार श्रेष्ठसमेत |
| ३४. | लागु औषध खैरो हिरोइन | मोहम्मद नावेद वि. नेपाल सरकार |
| ३५. | परमादेश | पूर्णकुमारी विष्ट वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत |
| ३६. | प्रतिषेध / निषेधाज्ञा | चन्द्रप्रसाद पौडेल वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत |
| ३७. | निषेधाज्ञा / परमादेश | पुरुषोत्तम दाहाल वि. हिमालयन बैंक लिमिटेड, केन्द्रीय कार्यालय, कमलादी काठमाडौंसमेत |
| ३८. | उत्प्रेषण / परमादेश | नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, आयुर्वेद विभाग, टेकु, काठमाडौं वि. राम प्रवेश यादव |
| ३९. | उत्प्रेषण | नयनकुमारी शाही वि. जिल्ला वन कार्यालय, रोल्पासमेत |
| ४०. | अंश चलन | लवकुमार रानामगर वि. विष्णुबहादुर मगरसमेत |

| | | |
|---|---|---|
| ४१. | मानव बेचविखन तथा ओसारपसार | शिवराज जोशी वि. नेपाल सरकार |
| ४२. | कर्तव्य ज्यान | ईन्द्रबहादुर वली वि. नेपाल सरकार |
| ४३. | कर्तव्य ज्यान | लछु गौतम वि. नेपाल सरकार |
| **इजलास नं. ४** | | **२८-३४** |
| ४४. | जबरजस्ती करणी | अनिलकुमार गुप्ता वि. नेपाल सरकार |
| ४५. | कर्तव्य ज्यान | बाबुराम थारू वि. विनोदकुमार थारूको जाहेरीले नेपाल सरकार |
| ४६. | प्रतिषेध | मनोजकुमार गुप्ता (भुजुवा) वि. नेपालगञ्ज नगरपालिकाको कार्यालयसमेत |
| ४७. | उत्प्रेषण | जिल्ला वन कार्यालय, उदयपुर वि. गोमाकुमारी बस्नेत |
| ४८. | उत्प्रेषण / परमादेश | दुखनीदेवी वि. विजयकुमार यादव |
| ४९. | अशं चलन | ध्रुव के.सी.समेत वि. भक्तबहादुर खत्री (के.सी.) |
| **इजलास नं. ५** | | **३४-४१** |
| ५०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबहादुर तामाङ |
| ५१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मीनबहादुर थापासमेत |
| ५२. | परमादेश | राधेश्याम वैश्य वि. भेरी अञ्चल अस्पताल विकास समिति, नेपालगञ्जसमेत |
| ५३. | निषेधाज्ञा | शोभाराम कुर्मी (वर्मा) वि. दुर्गाध्विज श्रेष्ठसमेत |
| ५४. | निषेधाज्ञा / परमादेश / उत्प्रेषण | जाइफली राना वि. प्रदिपकुमार राना |
| ५५. | निषेधाज्ञा | प्रमोदकुमार गुप्ता वि. प्रविणकुमार गुप्तासमेत |
| ५६. | उत्प्रेषण / परमादेश | देवशरणप्रसाद कलवार वि. राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय, सिंहदरबार, काठमाडौंसमेत |
| ५७. | उत्प्रेषण / परमादेश | लक्ष्मीराम अधिकारीसमेत वि. रघुनाथ अधिकारीसमेत |
| ५८. | उत्प्रेषण | मिश्रीदेवी खड्कासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत |
| ५९. | उत्प्रेषण | पार्वती देवी यादव वि. पुनरावेदन अदालत, जनकपुरसमेत |
| ६०. | उत्प्रेषण / परमादेश | राजेन्द्र तिमल्सेना वि. पुनरावेदन अदालत, राजविराज, सप्तरीसमेत |
| ६१. | निर्णय दर्ता बदरसमेत | सुरेन्द्रमान सिंह प्रधान, वि. विक्रमराज भन्ने विक्रमबहादुर थापा |
| ६२. | परमादेश | लालबहादुर शाही वि. रविलाल वि.सि.समेत |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ६** | | | **४१-४५** |
| ६३. | निर्णय दर्ता बदर दर्तासमेत | वन्दीङिमा शेर्पा वि. नारायण थपलिया | |
| ६४. | निर्णय दर्ता बदर दर्तासमेत | आङदाली शेर्पा वि. नारायण थपलिया | |
| ६५. | लेनदेन | इन्द्रबहादुर गुरूङ वि. कुलचन्द्र भट्टराई | |
| ६६. | सवारी ज्यान | नेपाल सरकार वि. सुरज कर्ण | |
| ६७. | जबरजस्ती करणी | श्यामकुमार अधिकारी वि. नेपाल सरकार | |
| **इजलास नं. ७** | | | **४५-४७** |
| ६८. | निषेधाज्ञा | फरमुद मियाँ वि. रमेश मरिकसमेत | |
| ६९. | निषेधाज्ञा | हरिनारायण यादवसमेत वि. सावित्री यादव | |
| ७०. | उत्प्रेषण / परमादेश | रामकुमार श्रेष्ठ वि. मालपोत कार्यालय, सुर्खेत | |
| **एकल इजलास** | | | **४७-४८** |
| ७१. | उत्प्रेषण / परमादेश / प्रतिषेध | अवधकिशोर महतो वि. लगन महतोसमेत | |
| ७२. | उत्प्रेषण | महावीर मल्लाह गोठी वि. भूमिसुधार कार्यालय, मोरङसमेत | |
| **पुनरावलोकन निस्सा** | | | **४८** |
| ७३. | फैसला बदर | सफिद महमद मियाँ वि. शोभाकान्त चौधरी | |
| **अन्तरिम आदेश** | | | **४८-४९** |
| ७४. | उत्प्रेषण | तुलसीप्रसाद सुवेदी वि. गृह मन्त्रालयसमेत | |
| ७५. | उत्प्रेषण | जगन्नाथ आचार्य वि. विद्या मन्दिर उच्च मा.वि. बागलुङसमेत | |
| **अदालत गतिविधि** | | | **५०-५२** |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.** ०६७-CI-०२५२, सार्वजनिक जग्गा खिचोला, घर भत्काई निकास बाटो खुलाई चलन, *मनमतिया दुसाधिनसमेत वि. जोगिन्दर साह तेली*

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १७१क नं. ले निर्धारण गरेको प्रक्रिया पुर्‍याई भएको नक्सा मुचुल्कालाई बिना आधार र कारण बेरीतको भन्न मिल्ने हुँदैन । पुनरावेदकले सो नक्सा मुचुल्का बेरीतको भयो भनी अरू कुनै ठोस प्रमाणसमेत पेस गर्न सकेको छैन । यसरी मिसिल संलग्न नक्सा मुचुल्का कानूनबमोजिम भएको देखिएको र सो नक्सा मुचुल्का बेरीतपूर्वकको भन्ने कुरा पुष्टि हुने ठोस प्रमाण पुनरावेदकले पेस गर्न सकेको नदेखिँदा निजलाई रोहवरमा नराखेको भन्ने आधारमा मात्र सो नक्सा मुचुल्का कानूनविपरीत रहेछ भन्न र मान्न सकिने अवस्था नहुने ।

प्रतिवादीले कि.नं. ६९ मा रहेको सार्वजनिक इनारमा आवतजावत गर्ने न.नं. २२ को सार्वजनिक बाटो खिचोला गरेको देखिँदा उक्त सार्वजनिक बाटो निकास खुलाई कि.नं. ६९ को सार्वजनिक इनारमा जानका लागि सो न.नं. २२ को जग्गा सार्वजनिक बाटो कायम गरी निकास खुलाई वादीले चलनसमेत पाउने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।१।५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : किशोर घिमिरे

कम्प्युटर : विकेश गुरागाईं

इति संवत् २०७२ साल जेठ १८ गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०७९२, उत्प्रेषण, *युवराज लामा वि. युवा तथा खेलकुद मन्त्रालयसमेत*

निवेदकलाई राष्ट्रिय खेलकुद परिषद्को सदस्यमा मनोनयन गर्ने क्रममा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६८।२।२७ को निर्णय एवम् सो निर्णयबमोजिम दिएको मिति २०६८।२।२९, च.नं. १७३० को पत्रमा खेलकुद विकास ऐन, २०४८ को दफा ३(२)(ख) बमोजिम मनोनित गरिएको भनिएपनि ऐनको दफा ६(२) बमोजिम बाँकी पदावधिको लागि भन्ने उल्लेख भएको देखिँदैन । निवेदकलाई मनोनयन गर्ने क्रममै निजको बाँकी पदावधिको लागि मनोनयन गरिएको भन्न नसकिरहेको अवस्थामा सो पदबाट हटाउने क्रममा पश्चादर्शी असर पुग्नेगरी मन्त्रिस्तरीय तहबाट निर्णय गर्नु कानूनसङ्गत हुँदैन । मनोनयन गर्ने क्रममा नै मनोनयन गरिएको पत्रमा लेख्नुपर्ने कानून र तथ्यको कुरा तत्समयमा उल्लेख नगरी सेवामा बहाल रहेकै अवस्थामा निजलाई हटाउने क्रममा मन्त्रिस्तरीय निर्णयबाट आफूखुसी व्याख्या गरी पदावधि समाप्त भएको भनी जानकारी दिएको पत्रमा लेख्न मिल्ने पनि हुँदैन । मनोनयन एवम् नियुक्त गर्ने क्रममा जुनकुरा गर्न खोजेको हो सोको कानूनसङ्गत आधार र सोसँग सम्बन्धित अभिव्यक्ति पदाधिकार सुरू हुनुभन्दा अघि नै दिनुपर्ने ।

उपर्युक्त विवेचित तथ्य एवम् कानूनी आधारसमेतबाट निवेदक युवराज लामालाई खेलकुद विकास ऐन, २०४८ को दफा ३(२)(ख) एवम् ३(३) बमोजिम मनोनित एवम् नियुक्ति गरेको देखिएको र सोही ऐनको दफा ६(२) बमोजिम बाँकी पदावधिको सम्बन्धमा सो पत्रमा उल्लेख नभएकामा मिति २०७१।२।२ मा मात्र मन्त्रिस्तरिय निर्णयबाट बाँकी पदावधिको लागि मनोनयन गरिएको भन्ने कुरा

स्पष्टरूपमा मनोनयन गर्दाकै अवस्थामा भन्न नसकेको अवस्था रहे पनि हाल यी निवेदकको पदावधि नै समाप्त भई सो पदमा अर्को व्यक्ति मनोनयन भैसकेको अवस्था हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्नु निरर्थक हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। निवेदकको पदावधि समाप्त भै रिट निवेदन नै खारेज भएकाले मिति २०७१।२।१९ मा जारी भएको अन्तरिम आदेशसमेत स्वतः निष्क्रिय भैसकेकाले सो सम्बन्धमा केही बोलिरहनु नपर्ने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७१-MS-०००९, अदालतको अवहेलना, *युवराज लामा वि. माननीय मन्त्री एवम् राष्ट्रिय खेलकुद परिषद्का अध्यक्ष, युवा तथा खेलकुद मन्त्रालय*
- ०७०-WO-०८७८, उत्प्रेषण/परमादेश, *युवराज लामा वि. माननीय मन्त्री एवम् राष्ट्रिय खेलकुद परिषद्का अध्यक्ष, युवा तथा खेलकुद मन्त्रालयसमेत*
- ०७०-WO-०९८८, उत्प्रेषण/परमादेश, *युवराज लामा वि. माननीय मन्त्री एवम् राष्ट्रिय खेलकुद परिषद्का अध्यक्ष, युवा तथा खेलकुद मन्त्रालयसमेत*
- ०७०-WO-०७९३, उत्प्रेषण/परमादेश, *इन्द्रबहादुर थिङसमेत वि. युवा तथा खेलकुद मन्त्रालयसमेत*
- ०७०-WO-०८७९, उत्प्रेषण/परमादेश, *इन्द्रबहादुर थिङसमेत वि. युवा तथा खेलकुद मन्त्रालयसमेत*

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-MS-००१८, लागु औषध, *डाइजेपाम र बुप्रिनर्फिन, नेपाल सरकार वि. शेखर शाही ठकुरीसमेत*

प्रतिवादीहरूउपर लागु औषधको कारोवारमा समेत सजाय हुन दाबी लिएको भए पनि प्रतिवादीहरूले के कति लागु औषध कति रकममा कसलाई बिक्री गर्ने गरेका हुन् कुनै व्यहोरा उल्लेख हुन नसकेको र प्रतिवादीहरू बिक्री वितरण गर्दाको अवस्थामा पक्राउ परेकोसमेत नभएको अवस्थामा बिक्री वितरणको कारोवारमा संलग्न कसुरदार मान्न मिल्दैन । लागु औषध कारोबारको अभियोग दाबी लिनुमात्र सजाय ठहर हुने आधार हुन सक्दैन, सो दाबी प्रमाणबाट पुष्टिसमेत भएको हुनु आवश्यक हुने।

प्रतिवादीहरू शेखर शाही र अर्जुन तामाङले लागु औषध सेवनको कसुर गरेको तर लागु औषध बिक्री वितरण गर्ने गरेको छैन भनी सविस्ताररूपमा व्यहोरा खुलाई अधिकार प्राप्त अधिकारीसमक्ष एवम् अदालतमा आई बयान गरेका र बरामदी लागु औषध, वस्तुस्थिति मुचुल्का एवम् घटना विवरण कागजका मानिसहरूको भनाइसमेतका प्रमाणहरूबाट निजहरूको लागु औषध सेवनको साबिती बयान पुष्टि भइरहेको छ । यसबाट प्रतिवादीहरू शेखर शाही ठकुरी र अर्जुन तामाङले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुर गरेको देखिँदा निजहरूलाई ऐ ऐनको दफा १४(१)(ज) बमोजिम सजाय हुने।

निज प्रतिवादीहरू शेखर शाही ठकुरी र अर्जुन तामाङले लागु औषध बिक्री वितरण गरेको कसुर प्रमाणबाट पुष्टि भएको नदेखिएको अवस्थामा पुनरावेदन अदालत, पोखरामा संयुक्त इजलासमा माननीय न्यायाधीश श्री राजकुमार वनले दुवै प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुरमा ऐ.ऐनको दफा १४(१)(झ) बमोजिम जनही कैद वर्ष २ र जरिवाना रू. १०००००।- (एक लाख) हुने गरी व्यक्त गर्नुभएको राय एवम् तेस्रो न्यायाधीशको इजलाससमक्ष पेस हुँदा प्रतिवादी शेखर शाही ठकुरीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३

को दफा ४(च) को कसुरमा ऐ.ऐनको दफा १४(१)(झ) बमोजिम कैद वर्ष २ र जरिवाना रू. १०००००।- (एक लाख) हुने गरी व्यक्त गर्नुभएको राय कानूनसम्मत मान्न नमिल्ने।

पुनरावेदन अदालत, पोखरामा संयुक्त इजलासमा माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठले प्रतिवादीहरू शेखर शाही ठकुरी र अर्जुन तामाङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा ऐ. ऐनको दफा १४(१)(ज) बमोजिम लागु औषध सेवनसम्मको कसुरमा दुवै प्रतिवादीहरूलाई जनही २ महिना कैद र रू.२०००।- जरिवाना हुने ठहर गरेको लमजुङ जिल्ला अदालतको फैसला सदर हुने भनी व्यक्त गर्नुभएको राय कानूनसम्मत हुँदा उक्त राय मनासिब देखिने।

प्रतिवादीहरू शेखर शाही ठकुरी र अर्जुन तामाङले लागु औषध डाइजेपाम र नुर्फिनको सेवन गर्ने कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा ऐ. ऐनको दफा १४(१)(ज) बमोजिम जनही २ (दुई) महिना कैद र रू.२०००।- जरिवाना हुने ठहर गरेको लमजुङ जिल्ला अदालतको मिति २०६८।३।२८ को फैसला सदर गरी पुनरावेदन अदालत, पोखरामा संयुक्त इजलासका माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठले मिति २०६९।३।११ मा व्यक्त गर्नु भएको राय मनासिब हुँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल असार २४ गते रोज ५ शुभम्।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०५४५, उत्प्रेषण / परमादेश, *रामपतेश्वर दास वैष्णव वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंसमेत*

गुठी संस्थान ऐन, २०३३ प्रारम्भ भएपछि सबै छुट गुठी राजगुठीमा परिणत भई छुट गुठीको सबै अधिकार, हक र दायित्व गुठी संस्थानमा सर्ने एवम् त्यस्ता छुट गुठीको गुठीयारको सबै अधिकार समाप्त भई त्यस्तो गुठीको चलअचल जायजेथाको विवरण गुठी संस्थानमा बुझाउनु पर्ने व्यवस्था रहेको पाइन्छ भने राजगुठीमा परिणत भएका छुट गुठी र निजी गुठीका हकमा गुठी संस्थानले अमानतबाट गुठीको कार्य सञ्चालन नगराई आफ्नै रेखदेख, नियन्त्रण र निर्देशनमा बढिमा पाँच वर्षसम्मको अवधि तोकी त्यस्तो गुठीको बन्दोबस्त र सञ्चालन साबिकमा चलाई आएको दर्ता गुठियार, महन्त, पुजारी वा अरू कसैलाई सुम्पन सक्ने कानूनी व्यवस्था रहेको देखिन आउँछ। उक्त व्यवस्थाबमोजिम गुठी संस्थानले जानकी मन्दिरको महन्त पदमा नियुक्ति गर्न सक्ने कानूनी अधिकार रहेको देखिन आउने।

मूलतः रिट निवेदक रामतपेश्वर दासले मिति २०५३।४।२७ भन्दाअघि साबिक महन्त परलोक भएपछि गुरूशिष्य परम्पराअनुसार महन्तको पगरी गुठी संस्थान ऐन, २०३३ को दफा १७(२) बमोजिम नियुक्ति लिई जानकी मन्दिरको महन्तको पदमा कार्य गरी आएको भन्ने कुरामा कुनै विवाद छैन। विपक्षी गुठी संस्थानको लिखित जवाफमा पनि रिट निवेदकलाई जानकी मन्दिरको महन्त पदमा मिति २०५३।४।२७ मा नियुक्ति दिइएको कुरामा विवाद उठाइएको पाइँदैन। रिट निवेदकलाई महन्त पदमा नियुक्ति गर्दा दिइएको नियुक्तिपत्रमा निजको पदावधि सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिँदैन। त्यसका अतिरिक्त रिट निवेदकलाई नियुक्ति दिँदा उल्लेख भएको गुठी संस्थान ऐन, २०३३ को दफा १७(२) मा पनि महन्तको पदावधि सम्बन्धमा कुनै व्यवस्था भएको पाइँदैन। तर रिट निवेदकलाई मिति २०५३।४।२७ मा दिइएको नियुक्तिपत्रमा गुठी संस्थान ऐन, २०३३ को दफा १६, १९ वा २१ लगायतको प्रक्रिया अपनाई निश्चित अवधि

किटान गरी निवेदकको नाममा साबिकमा चलाई आएको अनुसार जानकी मन्दिरको महन्त पदको जिम्मेवारी सुम्पेको भन्ने पनि देखिँदैन । रिट निवेदकलाई महन्त पदमा नियुक्ति दिनेसम्बन्धीमा खास कानून, प्रयोजन र प्रक्रिया खुलेको निर्णयसहितको फायल पनि विपक्षी गुठी संस्थानले प्रस्तुत गर्न नसक्नुका अतिरिक्त प्रस्तुत मुद्दाको सुनुवाईको छलफलमा उक्त संस्थानको तर्फबाट उपस्थिति भएकोसमेत नपाइने ।

विपक्षी गुठी संस्थान सञ्चालक समितिको लिखित जवाफमा गुठी संस्थान ऐन, २०३३ प्रारम्भ भएपछि जानकी मन्दिर छुट गुठीबाट राजगुठीमा परिणत भई जानकी मन्दिरको अधिकार गुठी संस्थानले लिई मन्दिर सञ्चालन गर्दै आएकाले महन्त पदमा नियुक्त गर्न पाउने अधिकार रहेको भन्ने जिकिर रहेको भए पनि महन्त पदमा मिति २०५३।४।२७ मा नियुक्ति भएका रिट निवेदकको महन्त पदको पदावधि किटान नभएको अवस्थामा सो पदबाट निजलाई मुक्त गर्दा सुनुवाईको मौकासमेत प्रदान गरिएको देखिएको छैन । यी रिट निवेदकलाई जानकी मन्दिरको महन्त पदमा नियुक्ति गरिएपूर्व छुट गुठीको रूपमा रहेको भनिएको जानकी मन्दिरको व्यवस्थापनको हकमा गुठी संस्थान ऐन, २०३३ को दफा १६(२) बमोजिमको प्रक्रिया पूरा गरी जानकी मन्दिरको बन्दोबस्त र सञ्चालनको अधिकार गुठी संस्थानअन्तर्गत नियन्त्रणमा लिने वा जिम्मेवारी सुम्पने कार्यसमेत नगरी महन्तको हकमा मात्रै विना कुनै नियुक्ति प्रक्रिया एकाएक अर्को व्यक्तिको नियुक्ति गरेको कार्यलाई कानूनअनुकूलको कार्य भन्न मिल्ने नहुने ।

रिट निवेदनमा अन्तरिम आदेश जारी नभई यी रिट निवेदकबाट अविच्छिन्नरूपमा जानकी मन्दिरको महन्तको रूपमा मन्दिरको पूजाआजा र व्यवस्थापनको जिम्मेवारीको कार्य भैरहेको परिप्रेक्ष्यमा हठात्‌रूपमा कानूनी प्रक्रिया पूरा नगरी विपक्षी जगदीश दास वैष्णवलाई जानकी मन्दिरको महन्त पदमा नियुक्ति दिने गरेको गुठी संस्थानको मिति २०७०।१०।१७ को निर्णय विधिसम्मत नदेखिएकाले उक्त निर्णय र सोसम्बन्धी काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

जानकी मन्दिरको बन्दोबस्त र सञ्चालनको हकमा गुठी संस्थान ऐन, २०३३ को दफा १६, १७, १९ र २१ लगायतको प्रयोजनका लागि जे जो गर्नुपर्ने कानूनी प्रक्रिया पूरा गरी मन्दिरको व्यवस्थापन, महन्तको नियुक्ति, निजको काम, कर्तव्य, अधिकार एवम् पदावधि सम्बन्धमा आवश्यक नियम र निर्देशिकासमेत बनाई उपयुक्त निर्णय लिई महन्तसमेतको हकमा आवश्यक व्यवस्था गर्नु भनी विपक्षी गुठी संस्थान केन्द्रीय कार्यालय र गुठी संस्थान सञ्चालक समितिको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

संवत् २०७२ साल साउन २६ गते रोज ३ शुभम् ।

- ०७०-WO-००३५, उत्प्रेषण/परमादेश, *असिम कार्की वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

४

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CR-०५२१, बहुविवाह, *नेपाल सरकार वि. धर्मरत्न खड्गीसमेत*

प्रतिवादी माइली भन्ने उजेलीले धर्मरत्न खड्गीसँग विवाह गरेको होइन भनी अदालतमा बयान गर्नुका साथै विवाह गरेको ठहर गरेको जिल्ला अदालतको फैसलाउपर पुनरावेदन अदालत, पाटनमा आफू धर्मरत्न खड्गीको श्रीमती नभएको व्यहोरा उल्लेख गरी पुनरावेदन गरेको र प्रस्तुत मुद्दाकी जाहेरवाली तथा प्रतिवादी धर्मरत्न खड्गीबिचको अंश मुद्दामा प्रतिवादी माइली भन्ने उजेलीलाई अंशियार

कायम नगरी जाहेरवाली, नाबालक छोरा लिकेश र प्रतिवादी धर्मरत्न खड्गी गरी तीन अंशियारमा रहेको भनी पुनरावेदन अदालत, पाटनमा मिलापत्र भई सो मिलापत्र अन्तिम भइरहेको अवस्थामा अदालतले निज प्रतिवादी माइली भन्ने उजेलीलाई धर्मरत्न खड्गीको श्रीमती कायम गरी बहुविवाहको कसुरदार ठहर गर्न नमिल्ने।

प्रतिवादीहरूलाई बहुविवाहको कसुरमा सजाय हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६४।१।१२ को फैसला उल्टी गरी प्रतिवादीहरू धर्मरत्न खड्गी र माइली भन्ने उजेलीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।५।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७१ साल चैत १ गते रोज १ शुभम्।

**इजलास नं. १**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WO-०३५४, परमादेश, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ अनामनगरस्थित नेपाल डेमोक्रयाटिक लयर्स एसोसिएसनको तर्फबाट अधिवक्ता ध्रुवप्रसाद भट्टराई वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० बुद्धनगरस्थित नेपाल कम्युनिष्ट पार्टी माओवादीसमेत*

निवेदकले जे कुराको आशङ्का देखाई निवेदन दिएको हो, मिति २०७०।८।४ मा सो संविधान सभाको निर्वाचन सम्पन्न भैसकेको भन्ने देखिन्छ । यसरी विपक्षीहरूबाट आयोजना गरिएको बन्द हड्तालबाट संविधान सभा निर्वाचनमा बिना अवरोध भाग लिन पाउने नागरिकको मताधिकार हनन् हुने अवस्था रहेको भनी सो रोक्न माग गरी प्रस्तुत रिट निवेदन परेकामा संविधान सभाको निर्वाचन नै सम्पन्न भइसकेको यस स्थितिमा रिट निवेदन दायर गर्दाको परिस्थिति नै परिवर्तन भइसकेको देखियो। परिवर्तित अवस्थामा रिट निवेदनको सान्दर्भिकतासमेत रहेको नदेखिँदा संविधानसभाको लागि तोकिएको मितिमा निर्वाचन सम्पन्नसमेत भइसकेकाले त्यसलाई लक्षित कार्यक्रमको सान्दर्भिकता नै समाप्त भई स्थितिमा नै परिवर्तन भइसकेको हुँदा मागबमोजिम आदेश जारी गर्नु निरर्थक हुने भएकाले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल असार ९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WO-१०५५, उत्प्रेषण / परमादेश, *पुरूषोत्तम श्रेष्ठ वि. नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय*

दसी व्यवस्थापनका सम्बन्धमा कानूनमा भएको प्रावधान कार्यान्वयन नगर्दा एकातर्फ सम्बन्धित मालधनीलाई नोक्सान पर्न जाने कुरा अपेक्षित नै हुन्छ भने अर्कोतर्फ वैदेशिक मुद्रा खर्च गरी विदेशबाट आयात गरिने सवारी साधनजस्ता मालवस्तु मुद्दाको किनारा हुन लाग्ने लामो समयसम्म त्यतिकै थन्क्याएर राख्दा खिया लाग्ने इन्जिन नै सिज हुने र विभिन्न कारणबाट नोक्सान भई परिणामतः राज्यकै लागि अपुरणीय क्षतिको अवस्था सिर्जना हुन पुग्दछ। यस्तो स्थिति आउन नदिनेतर्फ सम्बन्धित जिम्मेवार निकाय र पदाधिकारी जिम्मेवार हुनै पर्दछ। अन्यथा त्यस्तो हानी नोक्सानीको जिम्मेवारी पनि आफ्नो कर्तव्यप्रति उदासिन रहने सम्बन्धित निकाय वा पदाधिकारी नै हुनुपर्दछ। व्यक्तिगत त्रुटिको दायित्व राज्यमाथि थोपरी

रहने कुरा न्यायोचितसमेत हुन नसक्ने।

अवैध वन पैदावार ओसापसार गरेको भन्ने मुद्दामा यी रिट निवेदकको ट्रक अनुसन्धानको क्रममा बरामद भएको र विपक्षी इलाका वन कार्यालय, कञ्चनपुरको हातामा राखिएको भन्ने कुरामा विवाद छैन । २०६२ सालदेखि बरामद गरी उक्त ट्रक नियन्त्रणमा राखिएबाट निवेदकले त्यसको उपयोग गर्न पाएको अवस्था देखिँदैन। सिद्धार्थ बैंकबाट हायर पर्चेज कर्जामा खरिद गरी चलाउँदै आएको उक्त ट्रक नियन्त्रणमा लिइएबाट ट्रक चलाई प्राप्त हुने आम्दानीले ऋणको साँवा ब्याज तिर्नुपर्ने अवस्थाका रिट निवेदकले सो कार्य गर्न नसकी धितो सुरक्षण नै लिलाम हुने अवस्थामा पुगिसकेको भन्ने देखिन्छ। यसरी एकातर्फ फौजदारी मुद्दामा बरामद गरिएको ट्रक मुद्दामा सफाइ पाउँदासमेत फिर्ता नपाउने र अर्कोतर्फ उक्त ट्रक खरिद गर्दा लिएको ऋणको साँवा ब्याजबापत सुरक्षणमा राखेको आफ्नो घर जग्गासमेत लिलाम हुने अवस्थामा पुग्नु न्यायको कुनै पनि मूल्य मान्यता र अभ्यास अनुकूल हुन सक्दैन । फौजदारी न्याय प्रणालीमा रहेको त्रुटि वा त्यसको सही ढङ्गबाट कार्यान्वयन नगरिएको परिणामस्वरूप सिर्जित असरको हिस्सेदार निर्दोष नागरिकले लिनुपर्ने स्थिति नै न्यायको पहुँचको बाधककारूपमा रहेको देखिने।

फौजदारी मुद्दाको अनुसन्धानको क्रममा नियन्त्रणमा लिइएको निवेदकको ट्रक जे जुन अवस्थामा बरामद गरिएको थियो। सोही अवस्थामा फिर्ता दिनु राज्यको कानूनी दायित्व हो। २०६५ सालमा गरिएको मूल्याङ्कनबाट सो ट्रकको मूल्य रू. १३,००,०००।– पर्ने भन्ने उल्लेख भएको पनि देखिन्छ । निवेदकले २०६५ सालदेखिको ब्याज दिनुपर्ने र धितो सुरक्षण लिलाम रोकिनु पर्ने मागसमेत गरेको देखिए पनि कानूनले स्पष्टरूपमा नतोकेको त्यस्ता विषयमा रिट आदेश जारी हुन नसक्ने हुँदा सुविधा सन्तुलन र समन्यायिक दृष्टिकोणसमेतबाट सरकारी निकायबाटै मूल्याङ्कन गरिएको ट्रकको मूल्यसम्म निवेदकलाई भराउनु प्रस्तुत सन्दर्भमा न्यायोचित हुने हुँदा उल्लिखित आधार कारणसमेतको विवेचनाबाट अनुसन्धानका क्रममा बरामद गरी राज्यले नियन्त्रणमा लिएको अवस्थामा आगजनी भएको निवेदकको ट्रकको २०६५ सालमा गरिएको मूल्याङ्कनबमोजिमको रू. १३,००,०००।– रकम निजलाई यथाशिघ्र भुक्तानी दिनु भनी विपक्षी अर्थ मन्त्रालयका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०७२६, सवारी ज्यान, *नेपाल सरकार वि. प्रेमकुमार राई*

प्रस्तुत मुद्दामा प्रतिवादीले मादक पदार्थ सेवन गरेको भनी मौकाको बयानमा उल्लेख गरे तापनि निजले मादक पदार्थ सेवन गरे नगरेको भनी शारीरिक परीक्षण हुन सकेको देखिँदैन। सडक दुर्घटना प्रतिवेदनमा समेत चालकले रक्सी सेवन गरेको कुरामा "शङ्का नलागेको" भन्ने जनिएबाट मादक पदार्थ सेवन गरेको मान्न मिल्ने आधार देखिन्न। यसै गरी प्रतिवादीले बढि गतिमा लापरवाहीपूर्वक गाडी चलाएको भन्ने पनि निजको अनुसन्धानको क्रममा भएको बयानबाहेक अन्य कागजबाट पुष्टि भएको देखिँदैन । प्रतिवादीले तीव्र गतिमा चलाएको भनी मौकामा घटना विवरण कागज गर्ने मानिसहरू गगन ठगुन्ना र सुरेश सिंह ठगुन्नाले अदालतमा उपस्थित भई बकपत्र गर्न नसकेको हुँदा निजहरूको उक्त अनुसन्धानको भनाइलाई आधार मान्न प्रमाण ऐन, २०३१ को दफा १८ ले मिल्ने नदेखिने।

प्रतिवादीले मादक पदार्थ सेवन गरी तीव्र गतिमा सवारी चलाएको भन्ने वस्तुनिष्ठ प्रमाणको

अभाव रहेको अवस्थामा प्रतिवादीले लापरवाहीपूर्वक सवारी चलाएको मान्न सकिने भएन। अतः प्रतिवादीले सवारी चलाई दुर्घटना गराएको कार्यलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम कसुर कायम गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।८।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६६**-CR-०७५०, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. जयबहादुर चन्दसमेत*

प्रतिवादीहरूको जाहेरवालालाई मार्नु पर्नेसम्मको पूर्व रिसइबी वा मनसाय रहेको थियो भन्ने कुरा खुल्न आएको पाइँदैन। जग्गासम्बन्धी वादविवाद भई दोहोरो हात हालाहालसम्म भएको भन्ने घटना वारदातबाट देखिए पनि प्रतिवादीहरूले मर्नेसम्मको चोट प्रहार गरेको भन्ने देखिएको छैन । सामान्य छाला खोस्रिएको र काटेको घाउबाट मानिस मर्न सक्नेसम्मको अवस्था हुँदैन। त्यस्तै कुनै तेस्रो पक्षको उपस्थिति वा हस्तक्षेपको कारण प्रतिवादीहरूले जाहेरवालालाई मार्न नपाएको वा जाहेरवालाहरूको ज्यान बच्न सकेको भन्ने पनि नदेखिएको हुँदा सुरुको फैसला उल्टी गरी कुटपिटमा परिणत गरेको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने।

जाहेरवालाहरूलाई लागेको चोटपटक घातक नभई सामान्य देखिएको र निजहरूलाई प्रतिवादीहरूले मार्ने मनसाय राखी प्रहार गरेको भन्ने पुष्टि हुन नआएको अवस्थामा प्रतिवादीहरूउपर ज्यान मार्ने उद्योगको कसुर स्थापित नगरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कसुरलाई कुटपिटमा परिणत गर्ने गरी भएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६७।३।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १८ गते रोज ४ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०७०८, उत्प्रेषण, *का.जि. का.म.न.पा. वडा नं. ६ बौद्धमा रजिस्टर्ड कार्यालय रहेको तारागाउँ रिजेन्सी होटल्स लि. को तर्फबाट अख्तियार प्राप्त ऐ.कम्पनी सचिव शिवकुमार कार्की वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत*

निवेदक होटल्सले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट क्यासिनो सञ्चालनको लागि मिति २०५९।१०।१० मा पाएको इजाजत सोही मन्त्रालयको मिति २०७१।१।५ को निर्णयानुसार खारेज भई निवेदकले आफ्नो होटल्स परिसरमा क्यासिनो सञ्चालन गर्न पाउने अवस्था नै नरही प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भैसकेको देखिएकाले निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने देखिएन । तसर्थ मिति २०६९।९।२२ मा जारी भएको अन्तरिम आदेश स्वत: निस्क्रिय हुने भै प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम्।

- यसै लगाउको ०६९-WO-०७१३, उत्प्रेषण उत्प्रेषण, *जि. काठमाडौं का.म.न.पा. वडा नं. ९ सिनामङ्गलमा रजिस्टर्ड कार्यालय रहेको भ्याली लिङ्क्स प्रा.लि. का तर्फबाट*

*अख्तियारप्राप्त योगेन्द्रबहादुर के.सी. वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।*

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-१०६५, करकाप, *गगनदेव यादव वि. बद्रीनारायण शाह*

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को कानूनी व्यवस्थाअनुसार सुरू अदालतले गरेको फैसलाउपर उल्टी वा केही उल्टी हुने ठहरेको मुद्दामा पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढि जरिवाना हुने मुद्दामा मात्र सर्वोच्च अदालतसमक्ष पुनरावेदन अदालतले गरेको फैसलाउपर पुनरावेदन लाग्न सक्ने हुन्छ। प्रस्तुत मुद्दामा दण्ड सजायको १२ नं. बमोजिम पाँच हजार रूपैयाँसम्म जरिवाना हुने हुँदा जिल्ला अदालतको फैसला उल्टी वा केही उल्टी गरेको पुनरावेदन अदालतको फैसलाउपर यस्ता प्रकारका मुद्दामा यस अदालतमा पुनरावेदन लाग्न सक्ने नदेखिने।

पुनरावेदकले पुनरावेदन गर्ने पुनरावेदकीय अधिकार कानूनी अधिकार हो । कानूनले नै निर्दिष्ट गरी व्यवस्था गरेको अवस्थामा पुनरावेदन गर्न सकिन्छ तर कानूनले पुनरावेदन लाग्न नसक्ने भनी रोक लगाएको अवस्थामा पुनरावेदन लाग्न सक्ने अवस्था रहँदैन । प्रस्तुत मुद्दा करकाप मुद्दा भएको र न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न नसक्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिँदा प्रस्तुत मुद्दाको तथ्य र प्रकृतिबाटै पुनरावेदन अदालतको फैसला अन्तिम हुने हुँदा अड्डाले पक्षलाई पुनरावेदन गर्न जानु भनी पुनरावेदनको म्याद दिएकै आधारमा मात्र पक्षको पुनरावेदकीय अधिकार सृजना हुन सक्ने नहुने।

प्रस्तुत करकाप मुद्दामा सुरू सप्तरी जिल्ला अदालतले वादी दाबी नपुग्ने ठहर्‍याएको फैसला उल्टी गरी वादी दाबीबमोजिम करकाप ठहर गरी दण्ड सजायको १८ नं. को अन्तिम वाक्यांशबमोजिम प्रतिवादीलाई जरिवानासम्म नगर्ने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट भएको मिति २०६९।३।२५ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को संशोधित कानूनी व्यवस्थाअनुसार प्रतिवादीको सर्वोच्च अदालतसमक्ष पुनरावेदन लाग्न सक्ने अवस्था देखिएन । तसर्थ प्रस्तुत पुनरावेदनपत्र खारेज हुने ।

पुनरावेदन दर्ता गर्ने अधिकारीले कानूनी व्यवस्थाबमोजिम हेरी जाँची पुनरावेदन लाग्ने नलाग्ने यकिन गरी कानूनबमोजिम दर्ता हुन सक्ने पुनरावेदन पत्र मात्र दर्ता गर्नुपर्नेमा कानूनले निर्दिष्ठ गरेको प्रावधानबमोजिम यस अदालतमा पुनरावेदनको रोहमा दर्ता हुनै नसक्ने पुनरावेदनपत्र दर्ता हुन आएको देखिँदा अब उप्रान्त न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को कानूनी प्रावधान र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतलाई ध्यानमा राखी सर्वोच्च अदालतमा लाग्ने पुनरावेदन दर्ता गर्नु गराउनु भनी सर्वोच्च अदालत, रजिस्ट्रारको कार्यालय र सबै पुनरावेदन अदालतहरूका रजिस्ट्रारहरूका नाममा न्याय प्रशासन ऐन, २०४८ को दफा ३० बमोजिम यो निर्देशन जारी हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०७१ साल मङ्सिर ४ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६९-WO-१२७८, लेनदेन, *गगनदेव यादव वि. बद्रीनारायण शाह* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०७०२, सम्बन्ध विच्छेद,

*सीता ज्ञवाली (पोखरेल) वि. ध्रुवराज पोखरेल*

प्रतिवादीले पेस गरेको प्रमाण कागजातलाई अदालतमा उपस्थित भै वादीले खण्डन गर्न नसकेको तथा वादी सीता ज्ञवाली र यज्ञनाथ खनालसँगको सम्बन्धबाट छोरीसमेतको जायजन्म भएको कुरा जन्म प्रमाणपत्र जारी गर्ने निकायको पत्रबाट पुष्टि हुन आएको देखिँदा वादी सीता ज्ञवालीले अर्को विवाह गरेकी होइन रहिछन् भनी मान्न मिल्ने नदेखिने ।

प्रस्तुत मुद्दाकी वादी सीता ज्ञवालीले यज्ञनाथ खनालसँग दोस्रो विवाह गरेको तथ्य स्थापित भएको हुँदा उपर्युक्तबमोजिम यी पुनरावेदिका वादीको प्रत्यर्थी प्रतिवादी ध्रुवराज पोखरेलसँगको वैवाहिक सम्बन्ध लोग्ने स्वास्नीको महलको १ नं. अनुरूप सम्बन्ध विच्छेद हुने अवस्था नभै ऐ. २ नं. बमोजिम स्वत: सम्बन्ध विच्छेद हुने भएकाले निजले प्रत्यर्थी प्रतिवादी ध्रुवराज पोखरेलबाट अंश पाउन सक्ने अवस्था देखिन नआउने हुँदा यी पुनरावेदिका वादी र प्रत्यर्थी प्रतिवादीको सम्बन्धविच्छेद भै वादीले प्रतिवादीबाट अंशसमेत पाउने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी पुनरावेदिका वादी सीता ज्ञवालीको प्रतिवादी ध्रुवराज पोखरेलसँगको सम्बन्ध लोग्ने स्वास्नीको महलको २ नं. बमोजिम स्वत: विच्छेद हुने हुँदा वादीले प्रतिवादीबाट अंशसमेत नपाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

इति संवत् २०७१ साल माघ ८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०८६४, करारको यथार्थ परिपालना, *जिल्ला विकास समितिको कार्यालय, रूपन्देही, सिद्धार्थनगरसमेत वि. कृष्णप्रसाद शर्मा*

करार ऐन, २०५६ को दफा ८७(१) मा करारको कुनै पक्षको क्रियाकलापबाट करारको परिपालना नभएमा मर्का पर्ने पक्षले पुनरावेदन अदालतमा उजुरी दिन सक्ने र दफा ८७(२) मा उपदफा (१) बमोजिमको उजुरी परेमा सम्बन्धित करार वा प्रचलित कानूनबमोजिम करारबाट उत्पन्न विवादको समाधान हुने गरी कुनै पक्षको काम कारवाही वा व्यवहार तत्काल रोक्न उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । पुनरावेदन अदालतबाट भएको त्यस्तो आदेशउपर वा त्यस्तो आदेश जारी गर्न इन्कार गरेउपर पुनरावेदन लाग्ने व्यवस्था करार ऐन, २०५६ मा रहे भएको देखिँदैन । यस्तो आदेश अन्तरकालीन आदेशसम्म हो र अन्तरकालीन आदेशउपर पुनरावेदन लाग्ने व्यवस्था सिद्धान्ततः हुँदैन । यस्तो आदेशबाट मर्का पर्ने पक्षले अ.बं. १७ नं. बमोजिमको कार्यविधि पूरा गरी पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन पाउने र त्यसरी परेको निवेदनमा रीत बेरीत हेरी बेरीत देखिएमा कानूनबमोजिम गर्न लगाउने क्षेत्राधिकार माथिल्लो अदालतलाई रहेको देखिन्छ, तर कानूनमा पुनरावेदन लाग्ने व्यवस्था नै नभएको अवस्थामा त्यस्तो पुनरावेदन सुन्ने र इन्साफ गर्ने क्षेत्राधिकार यस अदालतलाई नभएको हुँदा प्रस्तुत मुद्दाको पुनरावेदनको तथ्यमा प्रवेश गरी इन्साफ गर्न मिल्ने नदेखिने ।

प्रस्तुत मुद्दामा करार ऐन, २०५६ को दफा ८७ अनुसार पुनरावेदन अदालत, बुटवलले गरेको आदेशउपर मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम निवेदन दिनु पर्नेमा पुनरावेदन पर्न आएको देखिँदा प्रस्तुत पुनरावेदन खारेज हुने ।

इजलास अधिकृत : विदुर काफ्ले

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल असार १५ गते रोज ३ शुभम् ।

- ०६६-CI-०६५५, करारको परिपालना, *केतन ढुङ्गानासमेत वि. प्रतिज्ञा ढकाल*

भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-१३२९, लागु औषध, सेतो हेरोइन, *अमरावती लङ्गम वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा मेरो कुनै कसुर नरहेको, मबाट लागु औषध बरामद पनि नभएको उक्त किताबहरू मेरो नभएकाले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर रहेको छ। त्यसतर्फ विचार गर्दा मिति २०६५।१।२३ गतेको बरामदी मुचुल्काबाट बरामद भएका ५ थान किताबहरू र सो किताबको गातामा फल्स बटम बनाई राखेको लागु औषध सेतो हेरोइन आफूबाट बरामद नभएको भन्ने कुनै साक्षी प्रमाण प्रतिवादीले प्रस्तुत गर्न सकेको पाइएन। साथै प्रतिवादीबाहेक उक्त सामानहरू DHL प्रा.लि. मा लगी गएको भनी अन्य कुनै व्यक्ति रहे भएको भन्ने कुरा प्रतिवादीले पुष्टि गर्न सकेको देखिएन। यसरी प्रतिवादीले आफू निर्दोष भएको तथ्य शङ्कारहित तवरबाट प्रमाणित गराउन सकेको नदेखिँदा आपराधिक दायित्वबाट उन्मुक्ति पाउने देखिन नआउने हुँदा ७५० ग्राम लागु औषध सेतो हेरोइन बरामद भएको देखिएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा बरामदी व्यहोरालाई स्वीकार गरी बयान गरेको, कसुर अपराधमा आफू निर्दोष रहेको कुरा प्रमाणित गर्न नसकेको आधार प्रमाणबाट यी प्रतिवादी अमरावती लङ्गमलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(घ)(ङ)(च) को कसुरमा ऐ. ऐनको दफा १४(१)(छ)(३) र ऐ. ऐनको १६ बमोजिमको थप सजायसमेत गरी १६ वर्ष ६ महिना कैद र ६,००,०००।– जरिवाना हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।७।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७२ साल जेठ ६ गते रोज ४ शुभम्।

- ०६७-CR-१३२८, लागु औषध, *अमरावती लङ्गम वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-००३९, सवारी ज्यान, *नेपाल सरकार वि. मुक्तिराम बस्याल*

प्रस्तुत वारदातमा प्रतिवादीले दुर्घटना हुनासाथ सवारी रोकी घाइतेको उपचारको बन्दोबस्त गरेको देखिँदैन। तत्काल रोक्दा स्थानीय मानिसहरूले कुटपिट गर्छन् भन्ने प्रतिवादीको जिकिर हेर्दा सवारी दुर्घटनामा त्यस्तो प्रवृत्ति देखिए पनि त्यसबाट फुत्कन अनन्त दुरीसम्म सवारी कुदाइरहन पाउने चालकको अधिकार हो भनी मान्न सकिँदैन। चालकले स्थानीय मानिसको भयबाट आफू बच्न केही पर पुगेपछि सवारी रोकी आफ्नो मानवीय र कानूनी कर्तव्य पूरा गर्नुपर्नेमा त्यसो नगरी फ्रन्ट एक्सल र टाइडरमा टाउको अड्किएको मृतकलाई घिसार्दै १६ कि.मि. सुनवल प्रहरी चौकीसम्म लगेको देखिँदा त्यस्तो कार्यलाई सामान्य लापरवाहीमात्र मान्न नमिल्ने।

यी प्रतिवादी र मृतकको बिचमा पूर्व चिनजान भएको र यी प्रतिवादीले मृतकलाई मार्नु पर्नेसम्मको पूर्व रीसइबी वा मनसाय रहे भएको मिसिलबाट देखिँदैन। मृतक अमली रानालाई मार्नुपर्नेसम्मको पूर्व रीसइबी र मनसाय यी चालकमा नरहेको अवस्थामा वारदातको समय र वारदातपछिका प्रतिवादीका क्रियाकलापहरू हेर्दा प्रस्तुत वारदात मृतकलाई मार्ने मनसायबाट भएको नभै लापरवाहीपूर्वक सवारी चलाएको कारणबाट भएको देखिन आउने।

प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था

ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुर ठहर गरी सजाय गर्नु पर्नेमा दफा १६१(१) अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर गरी प्रतिवादीलाई अ.बं. १८८ नं. अनुसार ५ वर्षमात्र कैद गर्न उपयुक्त हुने भनी व्यक्त गरेको रायसमेत मिलेको देखिन आएन । प्रतिवादीले मृतक अमली रानालाई मार्नुपर्ने पूर्व मनसाय रहेको स्थापित हुन नसकेको र माथि उल्लिखित वारदातको परिस्थिति र वारदातपछिका प्रतिवादीको क्रियाकलापसमेतबाट प्रस्तुत वारदात लापरवाहीबाट सवारी हाँकेको कारण हुन गएको र वारदातपछि प्रतिवादीले सवारी रोकी घाइतेको उपचारको व्यवस्था मिलाउनु पर्नेमा त्यसो नगरी फ्रन्ट एक्सल र टाइडरमा टाउको अड्किएकी मृतकलाई १६ कि.मि. पर रहेको सुनवल प्रहरी चौकीसम्म घिसार्दै लगेको देखिँदा यी प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुरमा सोही दफाबमोजिम १० वर्ष सजाय हुने अवस्था देखिन आउने हुँदा यी प्रतिवादी मुक्तिराम बस्याललाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुसार सजाय गर्नु पर्नेमा ऐ. दफा १६१(१) अनुसार सर्वस्वसहित जन्मकैद गरी ५ वर्षमात्र सजाय गर्न उपयुक्त हुने भनी राय व्यक्त गरेको पुनरावेदन अदालत, बुटवलको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भै निज प्रतिवादी मुक्तिराम बस्याललाई ऐ. ऐनको दफा १६१(२) बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल असार १८ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०१५१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धनवीर सुब्बा*

प्रतिवादी स्वयम् आरोपित कसुरमा मौकामा र अदालतसमक्ष साबित भै अनुसन्धानमा सहजता प्रदान गरेको, निज प्रतिवादीको साबितीलाई अन्य स्वतन्त्र प्रमाणहरूले थप पुष्टि गरी राखेको र सोको विरोधाभास हुने कुरा मिसिलमा कहीँ कतै नदेखिएबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने ।

यी प्रतिवादी धनवीर सुब्बालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०७१।३।१८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । साथै वारदात हुँदाका बखत प्रतिवादीको उमेर २० वर्षमात्र रहेको, मृतक र प्रतिवादीबिच नाता सम्बन्धसमेत रही प्रतिवादी मृतकको घरमा आवतजावत हुने क्रममा मृतकको श्रीमतीलाई भगाई पछि नाता सम्बन्धको कारण शिर उठाउनीबापत रकम बुझाई श्रीमती फिर्ता गरिसकेपछि पनि मृतकले बारम्बार थप रकम मागेको कारण वारदात हुन गएको परिस्थिति एवम् प्रतिवादी आरोपित कसुर गरेको कुरामा मौकामा र पछि अदालतमा समेत साबित भै न्यायिक प्रक्रियामा सहयोग गरेको देखिँदा निजलाई अ.बं. १८८ नं. अनुसार १५ वर्षमात्र कैद गर्न उपयुक्त हुने भनी सुरूले व्यक्त गरेको राय सदर गरेको पुनरावेदन अदालतको रायसमेत सदर हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल असार १८ गते रोज ६ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०७०-CR-०१९१, बिना इजाजत

रक्तचन्दन ओसारपसार, *नेपाल सरकार, वि. निरकुमार मोक्तान*

प्रतिवादीहरू सोनाम दोर्जे शेर्पा, लाक्पा दोर्जे शेर्पा र ध्रुव लामालाई सुरू काठमाडौं जिल्ला अदालतले वन ऐन, २०४९ को दफा ४९(घ) को कसुरमा सोही ऐनको दफा ५०(१)(घ)(४) बमोजिम बिगो रू. ८९६४०।– को दोब्बर रू. १,७९,२८०।– दामासाहीले जरिवाना गर्ने गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसलामा निज प्रतिवादीहरूले पुनरावेदन नगरी चित्त बुझाई बसेकाले निजहरूको हकमा केही बोली रहनु नपर्ने।

प्रतिवादी निरकुमार मोक्तानलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा बसका चालक लाक्पा दोर्जे शेर्पा र कन्डक्टर ध्रुव लामासमेतले बस धनीलाई बसमा रक्त चन्दन छ भन्ने जानकारी थिएन भनी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेका छन्। त्यसैगरी निज प्रतिवादी निरकुमार मोक्तानले पनि कसुरमा इन्कार रही मौकामा र अदालतमा समेत बयान गरेका छन्। वादी पक्षले पनि निज प्रतिवादी निरकुमार मोक्तानको उक्त अवैध रक्त चन्दन आफ्नो बसमा ल्याउन सहमति र मन्जुरी थियो भन्ने ठोस सबुद प्रमाण पेस गर्न सकेको छैन। बसबाट रक्त चन्दन बरामद हुँदा प्रतिवादी निरकुमार मोक्तान पक्राउ परेको अवस्था पनि छैन। बसमा फल्स बटम भएकै कारणले मात्र निजलाई प्रस्तुत मुद्दामा दोषी ठहर गर्न मिल्ने देखिँदैन। लामो रूटमा चल्ने यात्रुबाहक बसमा फल्स बटम हुँदा बसमा सवार यात्रुको ब्याग लगेज त्यहाँ राख्न सजिलो हुनेसमेत भएबाट फल्स बटम बनाएको हुन सक्छ। तसर्थ ठोस सबुद प्रमाणको अभावमा प्रतिवादी निरकुमार मोक्तानलाई अभियोग दाबीमा सजाय गर्न नमिल्ने।

सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट ने.का.प. २०६८ अङ्क ६ पृष्ठ ९०८ निर्णय नं. ८६२९ मा प्रकाशित पुनरावेदक वादी नेपाल सरकार विरूद्ध प्रत्यर्थी प्रतिवादी बेलबहादुर थापा मगरसमेत भएको काठ चोरी निकासी मुद्दामा अवैधरूपमा वन पैदावार ओसार-पसार गर्ने कार्यमा सवारी धनी आफू संलग्न पनि नभएको वा अवैध वन पैदावार ओसार-पसार गर्ने मनसाय पनि निजको नभएको तथा आफ्नो सवारी साधन अवैध वन पैदावर ओसार-पसार गर्ने कार्यमा प्रयोग हुँदैछ भन्ने थाहा जानकारी पनि नभएको र त्यस्तो कार्यमा निजको अनुमति, मन्जुरी वा सहमति रहेको पनि नदेखिएको अवस्थामा निजको सवारी साधन जफत हुनु न्याय वा औचित्य कुनै पनि दृष्टिबाट तर्कसङ्गत हुने देखिँदैन भनी नजिर कायम भएको अवस्था छ। सो नजिरलाई मनन् गरी बस मालिक निरकुमार मोक्तानले सफाइ पाएको अवस्थामा प्रस्तुत मुद्दामा रक्त चन्दन ओसार-पसार गर्ने कार्यमा प्रयोग गरिएको बा.२ ख ८२७२ नं. यात्रुबाहक बस जफत हुने नदेखिने।

माथि उल्लिखित नजिर, कानूनी व्यवस्था मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी निरकुमार मोक्तानलाई अभियोग दाबीबाट सफाइ दिने भनी गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको देखिँदा सदर हुने र रक्तचन्दन ओसार-पसारमा प्रयोग गरिएको बा. २ख ८२७२ नं. को यात्रुबाहक बस जफत गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।०७।२३ को फैसलालाई केही उल्टी गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१२।१८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७२ साल साउन २४ गते रोज १ शुभम्।

२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री गोपाल पराजुली,** ०६७-CI-०५९३, पर्चा बदर गरी दर्ता

गरिपाउँ, *दलबहादुर मिजार वि. टलकबहादुर आले मगरसमेत*

आफ्नो हक भएकोसम्म कृष्णबहादुरले हक हस्तान्तरण गर्न पाउने हो। अदालतको मिलापत्रबाट नै हक समाप्त भएको जग्गासमेत समावेश गरी कृष्णबहादुर मिजारले हक हस्तान्तरण गर्न पाउने हुँदैन। त्यसमा पनि २०३१ ।९ ।२९ को घरसारको लिखत जहिलेसुकै पनि तयार हुन सक्ने प्रकृतिको देखिन्छ । अघि मुद्दा चल्दाको अवस्थामा वादी प्रतिवादी कतैबाट पेस हुन नआएको लिखतलाई एक पटक मुद्दा अन्तिम भई फैसला भइसकेपछि सोही जग्गालाई अघि भएको फैसलाविपरीत हुने गरी घरसारको लिखतलाई मान्यता दिई फैसलाविपरीत निर्णय गर्दै जाने हो भने फैसलामा अन्तिमताको सिद्धान्तविपरीत हुन जाने।

२०३१ सालमा घरसारमा राजीनामा पुनरावेदक दलबहादुरलाई कृष्णबहादुरले दिएको भए ७ नं. नापी गोस्वारा तथा अदालतमा समेत मुद्दा परी कारबाही हुँदा पुनरावेदक प्रतिवादीका दाताले सो राजीनामाको बारेमा उसै बखत भएको व्यहोरा उल्लेख गर्नु पर्ने हुन्छ । घरसारमा जहिलेसुकै जुनसुकै मिति राखेर तयार गर्न सकिने घरसारको २०३१ सालको लिखत २०६० सालमा पेस हुन आएको छ । दाता कृष्णबहादुरले मुद्दा गर्दा उसै बखत सो २०३१ सालको घरायसी राजीनामाको बारेमा कुनै व्यहोरा उल्लेख नगर्ने मुद्दा गरी विपक्षी वादीलाई हक छाडी दिने गरी मिलापत्र भएको लामो समयपछि सो २०३१ सालको घरायसी राजीनामाको लिखत पेस हुन आएको हुँदा सो घरायसी राजीनामाको लिखतले विपक्षीले मिलापत्रबाट प्राप्त गरेको जग्गाको हकमा अन्यथा गर्न सक्ने देखिन नआउने।

उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा कि.नं. १०४ को पूर्वतर्फ न.नं. १५ को जग्गामध्ये दाबीबमोजिमको २-१४-०-० जग्गासमेत पुनरावेदक दलबहादुरका नाउँमा रैतान परिणत गर्ने गरी भएको मालपोत कार्यालय नुवाकोटको मिति २०६०।४।२२ को निर्णय सो हदसम्म नमिलेको हुँदा सो हदसम्म बदर हुने ठहर्छ । वादी दाबी नपुग्ने ठहर्‍याएको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०६६।१।१६ को फैसला उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर: खगेन्द्रकुमार खत्री
इति संवत् २०७१ साल चैत २ गते रोज २ शुभम्।

३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री गोपाल पराजुली,** ०६८-CI-०४५३, हक कायम, दर्ता फोड दर्ता, *आयसा खातुनसमेत वि. जयतुन नेसासमेत*

उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतका आधारमा मूल पुरूष स्व. नुर महमदका छोराहरूमध्ये सवरूदिन मियाँ हाँगातर्फका तासिम मियाँ अन्सारीसमेतले हासिम मियाँउपर अंश मुद्दा दिई सो अंश मुद्दामा बन्डा छुट्ट्याएको समेत देखिँदा कि.नं. १४४ र ३९८ को जग्गाको ३ खण्डको २ खण्ड हक कायम दर्ता फोड दर्ता हुने ठहर गर्नुपर्नेमा ४ खण्डको २ खण्ड हक कायमसमेत हुने ठह्याएको सुरू बारा जिल्ला अदालतको मिति २०६६।७।२४ को फैसला केही उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।२।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर अपरेटर: गीता घिमिरे
इति संवत् २०७१ साल चैत २ गते रोज २ शुभम्।

४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री दीपकराज जोशी,** ०७१-RC-०१४७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भंगेडी भन्ने रामदेव बढईसमेत*

मृतकको लोग्ने रामदेव बढई र सासू चन्द्रावती बढईले मृतक जुनमाया बढईलाई घरमा कुटपिट गरी मारी लास नचिनिने बनाउन बगैँचामा लगी जलाई छोडी आएका हुँदा निजहरूलाई कारवाही गरिपाउँ भनी कर्तव्य गरी मारेको किटानी जाहेरी दरखास्त, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको साबितीलाई जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का एवम् मृतक र प्रतिवादी रामदेव कै नाबालक छोरा श्याम बढईले मौकामा लेखाइदिएको कागजलगायत जाहेरवालासमेतका बकपत्रबाट मृतकलाई कुटपिट गरी मारी नचिनिने बनाउन घरबाट टाढा बगैँचामा लगी मृतकको लासको जीउमा मट्टितेल खन्याई आगो लगाएको शरीरमा शक्ति प्रयोगका चोटहरू नदेखिएको र शरीरका मुख्य अङ्गहरू जलेका कारणले मृत्युको यकिन कारण खुलाउन नसकिने तर जलेको चोटहरू मृत्युपछिका हुन् भन्नेसमेत ब्यहोराको लास जाँच प्रतिवेदन वस्तुस्थिति मुचुल्काका मानिसहरूले लेखाइदिएको कागजसमेतका आधार प्रमाणहरूबाट मृतकको मृत्यु कर्तव्यबाट भएकामा विवाद नदेखिने।

प्रतिवादी रामदेव बढई र चन्द्रावती बढईको अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई प्रतिवादीहरूले कसुरमा अदालतसमक्ष इन्कार रही बयान गरेपनि अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा साबित रही बयान गरेको देखिन्छ । प्रतिवादीहरूको उक्त साबिती निजहरूको इच्छाविपरीतको बयान हो भनी भन्न र प्रमाणित गराउन सकेको देखिँदैन । प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको साबितीलाई जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का एवम् मृतक र प्रतिवादी रामदेव कै नाबालक छोरा श्याम बढईले मौकामा लेखाई दिएको कागजमा प्रतिवादीहरूले आफ्नो आमालाई लात मुक्कासमेतले कुटपिट गरेको देखी आफू डराई मुख घोप्टो पारी सुतेको भनी उल्लेख गरे मुताबिक कै ठाउँमा निजले लगाउने चुरा फुटी यत्रतत्र छरिएको र सङ्घर्षका चिन्हहरू देखिएको, प्रतिवादीका बुबा, पति हरिराम बढईले कर्तव्य गरी मारी अनुहार नचिनिने गरी जलाई छाडेकामा विश्वास लाग्छ भनी मौकामा लेखाई दिएको कागजलगायत जाहेरवालासमेतका बकपत्रबाट मृतकलाई कुटपिट गरी मारी नचिनिने बनाउन घरबाट टाढा बगैँचामा लगी मृतक लासको जीउमा मट्टितेल खन्याई आगो लगाएको जस्तो जघन्य अपराधको कसुर गरेको मिसिल संलग्न लासको फोटोहरू र साक्षी प्रमाणबाटसमेत प्रमाणित भएको अवस्थामा प्रतिवादीहरूले नै मृतकलाई कर्तव्य गरी मारेको भन्ने तथ्य शङ्कारहित तवरले पुष्टि हुने।

प्रतिवादीमध्येका भंगेडी भन्ने रामदेव बढईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वश्वसहित जन्मकैद सजाय गर्नुपर्नेमा जन्म कैदको मात्र सजाय हुने ठहर्‍याई भएको कपिलवस्तु जिल्ला अदालतको मिति २०७०।८।२३ को फैसला मिलेको नदेखिँदा केहि उल्टी भई निज प्रतिवादी भंगेडी भन्ने रामदेव बढईलाई सर्वश्वसहित जन्मकैद सजाय हुने र अरूमा उक्त फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: खेमकुमारी बस्नेत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल असार ११ गते रोज ६ शुभम्।

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री दीपकराज जोशी,** ०७१-RC-०१४६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. श्रीमती राधादेवी मल्ल*

वेवारिसे अवस्थाको नवजात शिशुको मृत लास रहेको भन्ने ब्यहोराको घटनास्थल लास जाँच मुचुल्का, प्रतिवादी राधादेवी मल्ल र प्रतिवादी नरबहादुर मल्ल पक्राउ गरी दाखिला गरेको प्रतिवेदन, मृत्युको कारण Undetermined till the histopathological examination of viscera is received भन्नेसमेत ब्यहोराको शव परीक्षण प्रतिवेदन, सामाजिक बेइज्जतीको डरले जीवितै

जन्मेको नवजात शिशुलाई खोलामा फालेको हुँ भनी स्वीकारेकी थिइन् भन्ने ब्यहोराको प्रतिवादी राधादेवी मल्लको श्रीमान् रतनबहादुर मल्लले गरी दिएको घटना विवरण कागज, अवैधरूपमा शारीरिक सम्पर्क गरी उक्त नवजात शिशुलाई जन्माई सोपश्चात् निज प्रतिवादीद्वय नरबहादुर मल्ल र राधादेवी मल्ल जना २ ले खोलामा फाली हत्या गरेकामा विश्वास लाग्छ भन्ने ब्यहोराको जानकी देवी साउदसमेतका जना ७ ले गरी दिएको वस्तुस्थिति मुचुल्कासमेतका आधार प्रमाणहरूबाट मृतक शिशुको मृत्यु कर्तव्यबाट भएकामा विवाद नदेखिने।

मेरो नवजात शिशु देवर नरबहादुर मल्लसँगको अवैध शारीरिक सम्बन्धबाट रहन गएको गर्भ हुँदा नरबहादुर मल्लसँग सरसल्लाह गरी निजले समाजमा अरूले थाहा पायो भने लाज हुन्छ भनी जन्माउने बित्तिकै खोलामा लगी फाल्नु पर्छ भनेकाले मिति २०६७।७।२७ गतेको दिन खेतमा मल छर्न गएको बेलामा खेतमा नवजात पुरूष शिशु जन्माई खोँचमा फालेकी हुँ भन्नेसमेत ब्यहोराको प्रतिवादी राधादेवी मल्लले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान र उक्त नवजात शिशुको जन्म मैले राधादेवी मल्ललाई अवैध यौनसम्पर्क गर्दा भएको कुरा सत्य हो, उक्त शिशु जिवितै जन्मेमा जसरी पनि हत्या गरी फाल्नु पर्दछ भनी मैले निजलाई दबाब दिएको हुँ, उक्त नवजात शिशुलाई खोलामा फाली हत्या गर्ने कार्यमा उक्त दिन मेरो प्रत्यक्ष संलग्नता नरहे तापनि सामाजिक बेइज्जतीका डरले बच्चा जन्मनासाथ फाल्ने कुरामा दबाब र सरसल्लाह दिँदै आएको थिएँ भन्ने ब्यहोराको प्रतिवादी नरबहादुर मल्लले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान र उक्त प्रतिवादीको साबिती बयानलाई वादी प्रतिवादीका साक्षीहरूले गरेको बकपत्र आदि प्रमाणबाट पुष्टी भएको अवस्थामा प्रतिवादीले उक्त बच्चा मृत अवस्थामा जन्मेको कारण खाल्टो खनी हालेकी हुँ, मारेको होइन भनी अदालतमा बयान गरेको देखिन्छ। नवजात शिशु जिउँदै जन्मिएको कुरा नवजात शिशुको शव परीक्षण प्रतिवेदन र शव परीक्षण प्रतिवेदक डा. विशाल पौडेलको बकपत्रमा पुष्टि भएको अवस्थामा प्रतिवादीहरूले मृतक नवजात शिशुलाई कर्तव्य गरी मारेको भन्ने तथ्य शङ्कारहित तवरले पुष्टि हुन आउने।

प्रतिवादी राधादेवी मल्लले नवजात शिशु जन्माएको तर सामाजिक लोकलाजका डरका कारण इन्कार रही अदालतमा बयान गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष कसुर गरेकामा साबित भई बयान गरेको पाइन्छ। मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूको अवैध शारीरिक सम्पर्कबाट नवजात शिशुको जन्म भएको अवस्थामा सामाजिक लोकलाजबाट बच्न नवजात शिशुको ज्यान गएको हो भन्न सकिने अवस्था विद्यमान देखिएको हुँदा प्रतिवादी राधादेवी मल्ललाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्म कैद हुन्छ । प्रतिवादी राधादेवी मल्ललाई सर्वश्वसहित जन्म कैदको सजाय गर्दा चर्को पर्ने भई निजलाई मुलुकी ऐन अदालती बन्दोबस्तको महलको १८८ नं.बमोजिम ५(पाँच) वर्ष कैंद सजायको राय पेस गरेको डडेल्धुरा जिल्ला अदालतबाट मिति २०६८।१२।९ मा भएको फैसलालाई पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०७०।५।३० सदर हुने ठहर्‍याई भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृतः खेमकुमारी बस्नेत
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७२ साल असार ११ गते रोज ६ शुभम्।

६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री दीपकराज जोशी,** ०७०-CR-१०१०, अपहरण र शरीर बन्धक, *प्रभात भन्ने दिनेश के.सी. वि. नेपाल सरकार*

जाहेरवालालाई मिति २०६६।३।२६ गते साँझको समयमा बालकुमारीमा बोलाई नरेफाँटस्थित

कोठामा पुर्‍याई अपहरणकारीहरूले ज्यान मार्ने धम्की दिई विभिन्न नाङ्गो फोटो खिची शारीरिक र मानसिक यातना दिई विभिन्न मितिमा गरी रू. १२,०००००।- बाह्र लाखको कागजमा हस्ताक्षर गराई केही रकम दिएमा आजै छोड्ने भनी रू. ४५,०००।- किष्ट बैंकको एटिएमबाट झिकी आफूलाई अपहरण मुक्त गरेको भनी जाहेरी दरखास्तमा किटानीसाथ उल्लेख गरेका र सो सम्बन्धमा मिसिल संलग्न रहेको मिति ०६६।३।२६ गतेको जाहेरवालाले प्रयोग गरेको एटिएम कार्डबाट रूपैयाँ निकालेको भन्नेसमेत व्यहोराको किष्ट बैंकको बैंक स्टेटमेण्ट रहेको, जाहेरवालालाई अपहरण गरी नरेफाँट कोठामा बन्धक बनाई डर त्रास देखाई नाङ्गो फोटो खिचेको र रू. १२,०००००।- बाह्र लाखको वैदेशिक रोजगारको कागज गराई सोही दिन जाहेरवालाबाट रू. ४५,०००।- फिरौती लिएको भन्नेसमेत व्यहोराको आकाश डम्बर भन्ने धनबहादुर लिम्बू र कामानन्द खड्काले एकै व्यहोराको अलगअलग अनुसन्धान अधिकृतसमक्ष बयान गरेको र रू. ४५,०००।- फिरौती रकम लिने आकाश लामा भन्ने धनबहादुर लिम्बू यिनै हुन् भनी सनाखत कागज गरेको मिसिल संलग्न कागजबाट देखिएको अवस्थामा अन्यथा प्रमाणित नभएसम्म अनुसन्धानको क्रममा व्यक्त गरेको कुरालाई प्रमाणमा लिन हुने नै हुँदा यी प्रतिवादीले जाहेरवालालाई अपहरण गरेको पुष्टि हुने।

जाहेरवालाको किटानी जाहेरी, घटना मुचुल्का, घटना विवरण कागज पुनरावेदक प्रतिवादी दिनेश के.सी र अन्य प्रतिवादीहरूको अधिकार प्राप्त अधिकारी र अदालतसमक्ष भएको बयान एवम् जाहेरवालाको अदालतमा भएको बकपत्र, मिति २०६६।३।२६ गते जाहेरवालाले प्रयोग गरेको ATM कार्डबाट रूपैयाँ निकालेको भन्नेसमेत व्यहोराको किष्ट बैंकको स्टेटमेन्ट, सनाखत कागज तथा अन्य संलग्न प्रमाणसमेतका आधारबाट यी पुनरावेदक प्रतिवादीले अभियोग माग दाबीबमोजिम अपहरण तथा शरीर बन्धकको महलको १ नं. को विपरीतको कसुर गरेको देखिन आएकाले निज प्रतिवादीलाई अपहरण तथा शरिर बन्धक लिनेको महलको ३ नं. बमोजिम सजाय तथा समूहगत संलग्नता भएको तर्फ ऐजन महलको ७ नं. ले थप सजायसमेत हुने देखिँदा पुनरावेदक प्रतिवादी प्रभात भन्ने दिनेश के.सीलाई अभियोग माग दाबीबमोजिम कसुरदार ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।६।१० गतेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटर: अमृता उप्रेती

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम्।

७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री दीपकराज जोशी,** ०६८-MS-००२७, अदालतको अपहेलना, *अधिवक्ता कमलप्रसाद इटनी वि. प्रधानमन्त्री बाबुराम भट्टराईसमेत*

अदालतलगायतका राज्यका अन्य अङ्गहरूको मुख्य अभिष्ट भनेको नागरिक हितको सम्बर्द्धन गर्नु हो। स्वतन्त्र न्यायपालिकाको अर्थ न्याय सम्पादनमा निष्पक्षता र स्वच्छता कायम गर्नु हो । जसबाट लोकतन्त्र दरिलो हुन सक्दछ। मुद्दा मामिलाको रोहमा अदालतले गरेको आदेश वा निर्णय उल्लङ्घन हुँदै जाने हो भने स्वतन्त्र न्यायपालिकाको कुनै अर्थ रहँदैन । यस्तो अवस्थाले नागरिक अधिकारको संरक्षणमा समेत बाधा उत्पन्न भइरहने हुन्छ । अदालतप्रतिको जनआस्थालाई जोगाई राख्नको लागि अदालतबाट भएका आदेश वा निर्णय नमान्ने व्यक्ति वा निकायलाई अदालतको अवहेलनामा अदालतले कारवाही गर्नु पर्ने बाध्यता हुन जाने।

नेपालको अन्तरिम संविधानबमोजिम गठन भएको संविधान सभा, मन्त्रिपरिषद्लगायतका सबै

संवैधानिक संस्थाहरूसँग संविधान र कानूनद्वारा बाँधिने संस्कार र पद्धतिको अपेक्षा गरिएको हुन्छ । सोअनुसार उपरोक्त उल्लिखित निर्णयको अक्षर र भावनाको कार्यान्वयन गर्ने अहम् जिम्मेवारी सुम्पेको प्रधानमन्त्री र मन्त्रिपरिषद् जस्तो संस्थाले अदालतको निर्णयको अवज्ञा गर्ने वा उल्लङ्घन गर्ने वा सो हिसाबले कुनै अपेक्षा कदापि गर्न नसकिने ।

विपक्षीहरूले अवहेलना हुन गएको भए क्षमायाचना गर्दछु भनी अदालतको प्रतिष्ठा र गरिमामाथि मर्यादा कायम गर्दै क्षमा याचनासमेत प्रकट गर्नुभएकाले र अदालतको आदेशप्रति सम्मान प्रकट गरेकाले विपक्षीहरूको अवहेलना गर्ने मनसाय रहेको भन्ने पुष्टि हुन नआउने हुँदा विपक्षीहरूबाट निवेदन मागबमोजिम अदालतको अवहेलना भएको पुष्टि हुन नआएकाले प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर : खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल माघ २९ गते रोज ५ शुभम् ।

८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-१२१६, निषेधाज्ञा, *रामेश्वर थारू वि. चाँददेवी नुनिया*

जिल्ला पर्सा गा.वि.स. महादेव पट्टी वडा नं. ३ को साबिक कि.नं. ९५ र कि.नं. १७३ को जग्गाको जग्गाधनी अन्हिया देवी र उक्त जग्गाहरूको मोहीमा पुनरावेदक रामेश्वर थारूको धर्म पिता तथा जग्गाधनी अन्हिया देवीकै सहोदर देवर पर्शुराम खवास भएको र कि.नं. ९५ कि.का. गराई दक्षिणतर्फबाट कि.नं. ४३६ र कि.नं. ४३७ प्रत्यर्थी चाँददेवी नुनीयाले अन्हिया देवीबाट मिति २०५८।४।९ मा राजीनामा पास गरी लिएकामा हाल नापीबाट कि.नं. १२७ र कि.नं. २५४ भएको कुरामा कुनै विवाद नदेखिने ।

जहाँसम्म उक्त राजीनामाबाट पास भई तथा हालको नापिबाट कायम भएका कि.नं. १२७ र कि.नं. २५४ को जग्गाहरूमा आफ्ना धर्म पिता पर्शुराम खवासको मोही हक निरन्तर कायम रही आएकामा निजको मिति २०६०।२।१० मा मृत्यु भएपश्चात् आफूले पनि निरन्तररूपमा उक्त जग्गाहरूमा मोहीको हैसियतले जोत कोड गर्दै आएकामा आफ्नो मोही हक कायम हुन नसक्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको आदेश त्रुटिपूर्ण भएको भन्ने पुनरावेदकको मुख्य पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा साबिक कि.नं. ९५ र १७३ को जग्गाको साबिक जग्गा धनी अन्हिया देवी र पुनरावेदकका धर्म पिता पर्शुराम खवास देवर भाउजू नाताका भई दुवैको मन्जुरी निवेदनअनुसार मोही पर्शुरामको मोही लगत कट्टा भइसकेको कुरा मिसिल संलग्न भूमिसुधार कार्यालय, पर्साको मिति २०५८।४।८ को निर्णयबाट देखिन्छ । उक्त निर्णयलाई बदर गराउन पुनरावेदक रामेश्वर थारूले भूमिसुधार कार्यालय पर्सामा निवेदन दिएकामा उक्त निर्णय बदर नहुने ठहरी मिति २०६६।१२।२० मा निर्णयसमेत भएको मिसिल संलग्न प्रमाण कागजबाट देखिने ।

उक्त जग्गाहरूबाट मोही पर्शुराम खवासको मोही लगत कट्टा भएपश्चात् मिति २०५८।४।९ मा विवादका कि.नं. ४३६ र ४३७ का जग्गा अन्हिया देवीले प्रत्यर्थी चाँददेवी नुनियालाई रजिस्ट्रेसन पारित गरि दिएको र उक्त रजिस्ट्रेसनको लिखतमा पुनरावेदकका धर्म पिता विवादित जग्गाका साबिक मोही पर्शुराम खवास साक्षीमा बसेकोसमेत देखिएबाट विवादका जग्गाहरूमा कोही कसैको मोही नरही जग्गा धनी चाँद देवी नुनियाको एकलौटी हक भोगको देखिँदा उक्त जग्गाहरूमा पुनरावेदकले आफ्नो मोही हक कायम रहिरहेको भन्नु युक्तिसङ्गत र न्यायोचित नहुने हुन्छ । यसरी राजीनामाबाट पारित भै आएका जग्गाहरूमा जग्गावालालाई निजको निर्विवाद हक भोग स्वामित्वमा कसैले पनि भोग चलन गर्न अवरोध उत्पन्न गर्ने जस्ता कार्यबाट निजको सम्पत्तिको अधिकार

(Right to property) को उपभोग र प्रचलनमा बाधा अवरोध उत्पन्न हुन जाने ।

विवेचित आधार, कारण र प्रमाणहरूको आधारमा पुनरावेदकको निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।५।२६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला
कम्प्युटर : मन्जिता ढुङ्गाना
इति संवत् २०७१ साल चैत १७ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-१२६४, परमादेश, *जिल्ला कञ्चनपुर, भीमदत्त नगरपालिका वडा नं.१५ सिद्धटोल भगतपुरस्थित मन गिरी जोगेनी संस्कृति प्रतिष्ठानका तर्फबाट ऐ. को अख्तियारीप्राप्त एवम् प्रतिष्ठानका अध्यक्ष श्री महन्तराज गिरी वि. मालपोत कार्यालय, कञ्चनपुरसमेत*

जिल्ला कञ्चनपुर साबिक ऐरी वडा नं.८(घ) हाल भिमदत्त नगरपालिका वडा नं. १८ को कि.नं.४३१२ को जग्गा मन गिरी जोगेनीको नाममा दर्ता कायम रहेको कुरामा विवाद देखिँदैन । जहाँसम्म निज मन गिरी जोगेनीको नाममा दर्ता कायम रहेको उक्त जग्गा मन गिरी जोगेनी स्मृति प्रतिष्ठानका नाममा नामसारी दा.खा. दर्ता हुन सक्ने हो होइन भन्ने मुख्य विवादको विषयको सम्बन्धमा विचार गर्दा मन गिरी जोगेनी स्मृति प्रतिष्ठान संस्था दर्ता ऐन, २०३४ बमोजिम गठित भएको एक वैधानिक प्रतिष्ठान हो यसरी कानूनबमोजिम गठित प्रतिष्ठानले आफ्नो क्रियाकलाप गर्दा कानूनद्वारा निर्धारित प्रक्रिया र कार्यविधिभन्दा बाहिर गई गर्नु हुँदैन । कुनै व्यक्तिको नाममा दर्ता कायम रहेको जग्गा अर्को व्यक्ति वा संस्थाको नाममा नामसारी दा.खा. दर्ता गर्दा कानूनले नै अनिवार्यरूपमा अपनाउनु पर्ने गरी उल्लेख गरिएको कानूनी प्रक्रियाहरू पूर्णरूपमा पालना गर्नु पर्ने हुन्छ र यस्तो कार्यको लागि निवेदन दिने निवेदकले कुन कानूनी प्रावधानबमोजिम नामसारी दा.खा. गर्नु पर्ने हो सो प्रस्टरूपमा निवेदनमा खुलाउनु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा पुनरावेदकले आफ्नो निवेदनमा सो कुरा प्रस्टरूपमा खुलाउन नसकेको ।

पुनरावेदकले आफ्नो पुनरावेदनपत्रमा मिति २०७१।२।२६ गते मन गिरी जोगेनी स्मृति प्रतिष्ठान, २०६५ को विधान संशोधन भई मन गिरी जोगेनीका नाउँमा रहेको घर जग्गा यस प्रतिष्ठानको नाउँमा दर्ता गर्ने विधानमा स्पष्ट भै सकेको हुँदा निजको नाउँमा रहेको जग्गा प्रतिष्ठानको नाउँमा दर्ता गर्न मिल्ने भनी लिएको जिकिरतर्फ विचार गर्दा जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरबाट मिति २०७१।२।२६ मा उक्त विधानको परिच्छेद २(ग) मा संशोधन हुँदा मन गिरी जोगेनीका नाउँमा रहेको चल अचल सम्पत्तिको संरक्षण संवर्द्धन तथा जीर्णोद्धार गर्नका साथै उहाँको नाउँमा रहेको घर जग्गासमेत यस प्रतिष्ठानको नाउँमा दर्ता गर्ने गरी विधान संशोधन गरि दिएको कुरा मिसिल संलग्न प्रमाण कागजबाट देखिने ।

मिति २०७१।२।२६ मा उक्त विधानमा संशोधन भई मन गिरी जोगेनीको नाममा दर्ता कायम रहेका जग्गा मन गिरी जोगेनी स्मृति प्रतिष्ठानका नाममा नामसारी गर्न मिल्ने हुन आएको देखिँदा उक्त मिति २०७१।२।२६ को संशोधनपश्चात् मात्र मन गिरी जोगेनी स्मृति प्रतिष्ठान, २०६५ अनुसार मन गिरी जोगेनीको नाममा दर्ता कायम भएका जग्गाहरू मन गिरी जोगेनी स्मृति प्रतिष्ठानका नाममा नामसारी दा.खा. हुन सक्ने देखिन आयो । तर प्रस्तुत मुद्दाका पुनरावेदक महन्तराज गिरी परमादेशको लागि मिति २०७०।३।२६ गते अर्थात् विधानमा संशोधन हुनुपूर्व नै अदालत प्रवेश गरेको देखिने ।

सम्बन्धित प्रतिष्ठानको विधानमा नै प्रतिष्ठानले कसैको जग्गा प्राप्त गर्न सक्ने गरी प्रष्टरूपमा उल्लेख नगरेको अवस्थामा कुनै पनि जग्गा दाताले आफ्नो नाममा दर्ता कायम रहेको जग्गा प्रतिष्ठानको

नाममा नामसारी दा.खा. दर्ताको लागि मन्जुरी दिँदैमा कानूनको अभावमा नामसारी दा.खा. दर्ता हुन नसक्ने हुँदा पुनरावेदन अदालत, महेन्द्रनगरले प्रस्तुत मुद्दामा मिति २०७०।५।१६ मा आदेश गर्नुपूर्व उक्त विधानमा भएको प्रावधानअनुसार मन गिरी जोगेनीका नाममा दर्ता रहेको जग्गा मन गिरी जोगेनी स्मृति प्रतिष्ठानको नाममा नामसारी गर्न मिल्ने नदेखिएको हुँदा कानूनको अभावमा पुनरावेदन अदालत, महेन्द्रनगरबाट पुनरावेदकको रिट निवेदन खारेज गर्ने गरी भएको आदेशलाई अन्यथा भन्न मिल्ने नदेखिने।

विवेचित आधार, कारण र प्रमाणहरूको आधारमा पुनरावेदकको निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०७०।५।१६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७१ साल चैत १७ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-१०३०, निषेधाज्ञा / परमादेश, *रामजतन मल्लाह वि. गोविन्द केवटसमेत*

पुनरावेदक रामजतन मल्लाहले पुनरावेदन अदालत, बुटवलमा दिएको निवेदनमा रूपन्देही जिल्ला हाटी वनगाई गा.वि.स. वडा नं. २क को कि.नं. ५६२ को २-६-९ जग्गा डाक्टर यादवप्रसाद पन्थबाट २०२२ साल अर्थात् सर्वे नापी हुनुभन्दा पूर्व नै खरिद गरेको भन्ने उल्लेख गरेको देखिन्छ भने अर्कोतर्फ यस अदालतमा निजले दिएको निवेदनमा उक्त कि. नं. ५६२ को ज.वि. २-६-९ जग्गामध्ये दक्षिण पश्चिमतर्फबाट ज.वि. ०-१०-० वि.सं. २०२२ सालमा सर्भे नापी हुनुभन्दा पहिले गाउँका डाक्टर यादवप्रसाद पन्थबाट खरिद गरी लिएको हो भन्ने उल्लेख गरिएको देखिन्छ । यसरी पुनरावेदकले दाबी लिएको जग्गाको क्षेत्रफल सम्बन्धमा पुनरावेदन अदालत, बुटवलमा दिएको निवेदन र यस अदालतमा दिएको पुनरावेदनपत्रमा फरक देखिन आई दाबी लिएको जग्गाको वास्तविक क्षेत्रफल नै कति हो भन्ने सम्बन्धमा पुनरावेदक आफैँ प्रष्ट हुन सकेको देखिँदैन । त्यसैगरी पुनरावेदकले दाबी लिएको जग्गाको जग्गाधनी प्रमाण पुर्जा प्रमाणको रूपमा पेस नगरी फिल्ड बुक उतार पेस गरेको कुरा मिसिल संलग्न कागजबाट देखिन्छ । फिल्डबुकबाट मात्रै पुनरावेदकले दाबी लिएको जग्गाको जग्गाधनीको हैसियतको रूप धारण गर्न नसक्ने।

पुनरावेदक घरजग्गा कब्जासम्बन्धी साधारण प्रकृतिको विषयलाई लिएर रिट क्षेत्राधिकार ग्रहण गरी अदालत प्रवेश गरेको देखियो। घर जग्गासम्बन्धी विषय कानूनबमोजिम सबुद प्रमाण बुझी हकदैया, हदम्याद र अन्य प्रमाणका विषयमा मूल्याङ्कन गरी निरूपण गर्ने विषय हो। कब्जा खिचोला जस्ता विषयको निरूपणको सम्बन्धमा कानूनका अन्य वैकल्पिक उपचारको बाटो छँदाछँदै रिट क्षेत्रबाट प्रमाण बुझी हकदैया, घर जग्गा कब्जा खिचोलासम्बन्धी प्रश्नको निरूपण गर्न नमिल्ने हुन्छ । यसै विषयसँग सम्बन्धित निवेदक रामबहादुर तामाङ विपक्षी बखतबहादुर तामाङ भएको उत्प्रेषण रिट निवेदनमा (ने.का.प. २०५० अङ्क १२ नि.नं. ४८३३) वैकल्पिक उपचारको बाटो हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गरेकाले असाधारण अधिकार क्षेत्रको प्रयोग गरी निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने भनी सिद्धान्तसमेत प्रतिपादन भएको परिप्रेक्ष्यमा पुनरावेदन अदालत, बुटवलबाट वैकल्पिक उपचारको बाटो छँदाछँदै रिट क्षेत्रबाट प्रमाण बुझी हकदैया, घर जग्गा कब्जा खिचोलासम्बन्धी प्रश्नको निरूपण गर्न नमिल्ने भनी रिट खारेज गर्ने गरी भएको आदेशलाई अन्यथा भन्न नमिल्ने।

माथि विवेचित आधार, कारण र प्रमाणहरूको आधारमा पुनरावेदकको निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।३।२४

मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल चैत १७ गते रोज ३ शुभम्।

११

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-०८७०, उत्प्रेषण / परमादेश, *महेशबहादुर सिंह वि. सुनिता राणासमेत*

सर्वोच्च अदालतको असाधारण क्षेत्राधिकारको प्रयोग कुन अवस्थामा हुने हो भन्ने सम्बन्धमा विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) को प्रावधान हेर्नुपर्ने हुन्छ । जसमा यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ भनी उल्लेख गरिएको पाइन्छ। उपर्युक्त संवैधानिक व्यवस्थाअनुसार सर्वोच्च अदालतको असाधारण क्षेत्राधिकारको प्रयोग संविधानद्वारा प्रत्याभूत गरिएका मौलिक हकहरूको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि हुन सक्ने देखिन्छ। प्रस्तुत निवेदनमा रिट निवेदक सोबमोजिम मौलिक हक वा कानूनी हकको प्रचलन गराउन आएको नदेखिएको अवस्थामा Doctrine of justifiability अन्तर्गत यस प्रकारको चेक अनादरको मुद्दाबाट सृजित विवादको सम्बन्धमा असाधारण क्षेत्राधिकार ग्रहण गरी हेर्न मिल्ने नदेखिने।

निवेदक महेशबहादुर सिंह वादी तथा विपक्षी सुनिता राना बस्नेत प्रतिवादी भई चलेको चेक अनादर मुद्दामा निर्णय हुँदाका बखत ललितपुर जिल्ला अदालतबाट निवेदकको निवेदन मागबमोजिमको विषयहरू कानूनबमोजिम हुने नै हुँदा साधारण अधिकारक्षेत्रमा विवाद कायम रहेको अवस्थामा असाधारण क्षेत्राधिकार ग्रहण गरी मुद्दाको गुण, दोष र प्रमाणहरूको मूल्याङ्कन गरी विचार गर्न नमिल्ने हुँदा निवेदकको मागबमोजिम रिट जारी हुने अवस्थाको विद्यमानता रहेको नदेखिने।

साधारण अधिकारक्षेत्रको नियमित प्रक्रियाबाट विचलित भै असाधारण अधिकारक्षेत्र ग्रहण गरी दिएको निवेदनबाट निवेदकको मौलिक हक अधिकारमा आघात पुगेको नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०६९।११।१३ मा जारी भएको तत्कालिक अन्तरिम आदेश निष्प्रयोजन भएकाले निष्क्रिय हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल असार २० रोज १ शुभम्।

१२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६६-WO-१३०७, उत्प्रेषण / परमादेश, *नरेश डगौरा वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत*

कुनै पनि कर्मचारी विरूद्ध उसको आचरण व्यवहारसम्बन्धमा कारवाही गर्दा बढो सतर्कताका साथ कानून र नियमको पालना गरी गर्नुपर्ने हुन्छ । किनकि रोजगारीको अधिकार जीवनको अधिकारसँग जोडिएको हुन्छ र सम्बन्धित व्यक्तिमात्र होइन उससँग आश्रित परिवारमाथि पनि यस्ता कारवाहीले प्रतिकूल प्रभाव पार्न सक्दछ । यसरी रोजगारीको अधिकारबाट वञ्चित गर्ने गरी निर्णय गर्दा सम्बन्धित नियमले स्पष्टरूपले तोकिदिएको विधि र प्रक्रियाहरूको

पूर्णरूपमा अवलम्बन गरी गर्नु पर्ने हुने।

रोजगारीको अधिकार भनेको व्यक्तिको मौलिक तथा जीवनको अधिकारसँग प्रत्यक्षरूपमा जोडिएको हक हो जसलाई मानव अधिकारसम्बन्धी धेरै अन्तराष्ट्रिय दस्ताबेजहरूले संरक्षण गरेका छन्। Universal Declaration of Human Rights, 1948 को धारा २३ मा Everyone has the right to work, to free choice of employment, to just and favorable conditions of work and to protection against unemployment. भन्ने व्यवस्था गरी प्रत्येक व्यक्तिको काम गर्ने अधिकार तथा बेरोजगारी विरूद्धको अधिकारको प्रत्याभूत गरेको छ। त्यसैगरी International Covenant on Economic, Social and Cultural Right,1966 को धारा ६ मा The States Parties to the present Covenant recognize the right to work, which includes the right of everyone to the opportunity to gain his living by work which he freely chooses or accepts, and will take appropriate steps to safeguard this right. को व्यवस्था गरी रोजगारको अधिकारको प्रत्याभूत गरेको छ। पक्ष राष्ट्र भएको नाताले उक्त व्यवस्थाको पालना गर्नु र गराउनु नेपालको दायित्व नै हुन आउँछ। त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (३) को (च) मा प्रत्येक नागरिकलाई कुनै पेसा रोजगार उद्योग र व्यापार गर्ने स्वतन्त्रता हुनेछ भन्ने र धारा १८ मा रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकको उल्लेख गरी प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम रोजगारीको हक हुनेछ भन्ने व्यवस्था गरी रोजगारीको हकलाई मौलिक हकको रूपमा स्थापित हुन आउने।

सशस्त्र प्रहरी बल नेपालमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नको लागि गठन गरिएको राज्यको एउटा संयन्त्र हो। राज्यको संयन्त्रबाट कुनै कर्मचारीलाई कानूनविपरीत नोकरीबाट बर्खास्त गर्ने गरी निर्णय गरिन्छ भने यस्तो अवस्थामा राज्यबाट उक्त व्यक्तिको रोजगारीको अधिकारको उल्लङ्घन भएको मान्नु पर्ने।

उपरोक्त तथ्यहरूको विश्लेषण, कानूनी व्यवस्थाको व्याख्या र विवेचनासमेतको आधारमा रिट निवेदक नरेश डगौरालाई सशस्त्र प्रहरी सेवाबाट हटाउने गरी श्री मध्य क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय रूद्र बाहिनी पथलैया, बाराका सशस्त्र प्रहरी उपरीक्षकबाट भएको मिति २०६६।११।२५ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको ऐ. का सशस्त्र प्रहरी नायब महानिरीक्षकको मिति २०६७।२।२५ को निर्णय त्रुटिपूर्ण भएकाले निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। साथै रिट निवेदकलाई पूर्ववत् सेवामा पुनर्वहाली गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

१३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०३७६, *उत्प्रेषण, वैकुण्ठप्रसाद न्यौपाने वि. मालपोत कार्यालय, बारा कलैयासमेत*

निवेदकले दर्ता गरिपाउँ भनी माग गर्न आएको निवेदन दाबीको जग्गाको निवेदकले पेस गरेको नक्सा, फिल्डबुक एवम् जिल्ला वन कार्यालयको पत्रसमेतका सबुद प्रमाणको मूल्याङ्कन गरी बुझ्नुपर्ने अन्य प्रमाणहरूसमेत बुझी दर्ता गर्न मिल्ने हो होइन निर्णय गरी दिनुपर्नेमा २०२३।३।३० र सोपश्चात् द. नं. ३७९० मिति २०५९।५।७ मा समेत दिएको निवेदन हालसम्म विचाराधीन अवस्थामा नै रहिरहेको पाइएकाले मागबमोजिम दर्ता गर्न मिल्ने हो होइन सबुद प्रमाणको

मूल्याङ्कन गरी जो जे बुझ्नुपर्ने हो बुझी निजहरूको नाममा दर्ता हुने हो वा होइन आदेशको जानकारी पाएको मितिले ६ महिनाभित्र निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, बाराको नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

इति संवत् २०७२ साल भदौ २८ गते रोज २ शुभम्।

१४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६७-CI-०१५४, जग्गा खिचोला चलन, *नवलकिशोर महतोसमेत वि. भविछन राय यादव*

जिल्ला सर्लाही, गा.वि.स. सिम्रा महिनाथपुर वडा नं. १ को कि.नं. ४८ को ०-०-९ जग्गा वादी भविछन राय यादवको नाममा रहेको कुरा निजले पेस गरेको राजीनामाको लिखतको प्रतिलिपिबाट देखियो । निजको उक्त जग्गामा पुनरावेदक प्रतिवादीहरूले घर निर्माण गरी उपयोग गरेको कुरा अदालतबाट मिति २०६४।०५।२७ मा भै आएको नक्सा कुण्डलीबाट देखियो । न.नं. १ मा प्रतिवादी नवल किशोर महतोले भोग चलन गरेको र न.नं. २ मा नवरतिया देवीले भोग चलन गरेको भन्ने अदालतबाट भै आएको नक्साबाट देखिन्छ । अदालतबाट मिति २०६४।०५।२७ भै आएको नक्सा कुण्डली अध्ययन गर्दा विवादको न.नं. १ र २ को जग्गा झगडा जनिएको र उक्त जग्गा कि.नं. ४८ को जग्गा रहेको भन्ने देखिने।

प्रतिवादीहरूले बनाएको घर आफ्नो हक नपुगेको जग्गामा घर बनाउन नहुने प्रचलित कानूनी व्यवस्थाको अनुसरण गरेको देखिँदैन । उक्त जग्गामा मोहीको हैसियतले घर बनाएको भन्ने प्रतिवाद भए तापनि विधिवत्‌रूपमा यी प्रतिवादीहरू मोही प्रमाणित भएका छैनन् । यसरी पुनरावेदक प्रतिवादीहरूले विवादित जग्गामा घर निर्माण गरी भोग निरन्तर गरी रहने र जग्गाको स्वामित्व वादीको कायम हुने हो भने विवादित जग्गामा स्वामित्व हुने वादीको उक्त जग्गामा कुनै प्रयोजन नहुने हुन्छ र नाममात्रको स्वामित्वले जग्गाधनीलाई कुनै प्रतिफल नदिने भएकाले पनि घर बनाउनेको ४ नं. को व्यवस्था यस सन्दर्भमा गरिएको देखिन आउँछ। सो घरको सम्बन्धमा समेत घर बनाउने महलको ४ नं. मा व्यवस्था गरिएकाले सोहीअनुसार गर्नुपर्ने हुन्छ । यसर्थ वादी दाबी आंशिकरूपमा मात्र पुग्ने अर्थात् प्रतिवादीहरूले घर बनाइएको जग्गामा दाबी नपुग्ने र खाली रहेको जग्गामा सम्म खिचोला मेटाई चलन चलाई पाउने ठहर गरेको सुरू सर्लाही जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी वादी दाबीअनुसार खिचोला मेटाई चलन चलाई पाउने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिने।

माथि उल्लिखित कानूनी व्यवस्था र मिसिल संलग्न कागजातहरूबाट वादी दाबीको खाली जग्गामा सम्म वादीको दाबी पुग्ने ठहर गरेको सुरू सर्लाही जिल्ला अदालतको मिति २०६४।८।२७ को फैसलालाई केही उल्टी गरी वादी दाबीबमोजिम खिचोला ठहराई प्रतिवादीले भोग गरेको घरको हकमा घर बनाउनेको ४ नं. बमोजिम हुने भनी गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।०५।३१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७१ साल फागुन १२ गते रोज २ शुभम्।

१५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-१०८८, निषेधाज्ञा, *शिवकृष्ण प्रजापति वि. किष्ट बैंक लिमिटेड अनामनगर*

निवेदकले कि.नं. १७५, ६६८, ६८६ का जग्गाहरू धितो राखी विपक्षी बैंकसँग रू.१,५०,००,००० ।- कर्जा लिएको तथ्यमा कुनै विवाद रहेको देखिएन । बैंकसँग कर्जा लिएपछि ऋण लिँदाको भाखा र सर्तअनुसारको सावाँ र ब्याज तिर्नु

बुझाउनु पर्ने दायित्व यी निवेदकमा रहेकामा निजले आफ्नो दायित्व तत् समयमा पूरा गरेको देखिएन । एक किस्ताको रकम बुझाउन बाँकी रहेको तथ्यलाई निवेदकले निवेदनमा नै स्वीकार गरेको अवस्था देखिन्छ । ऋण लिँदाको भाखा र सर्तअनुसार ऋणीले बैंकको सावाँ र ब्याज समयमा नतिरेको अवस्थामा धितो रहेको सम्पत्तिबाट आफ्नो लेना रकम असुलउपर गर्न विपक्षी बैंकले नपाउने भनी मान्न मिल्ने नदेखिने। कानूनबमोजिम कर्जा लिएपछि भाखा सर्तअनुसार साँवा ब्याज नबुझाएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ मा भएको उपरोक्त कानूनी व्यवस्थाअनुसार बैंकले आफ्नो लेना रकम असुलउपर गर्न सक्ने नै देखिन्छ । सो असुलउपर गर्ने प्रयोजनार्थ लिलामको सूचना निकालेको बैंकको कार्यलाई अन्यथा रहेछ भनी मान्न मिल्नेसमेत नदेखिने।

निवेदकले ऋणको साँवा ब्याज भाखाभित्र भुक्तान नगरेकाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ तथा निवेदकले बैंकलाई कर्जा लिँदा गरी दिएको सर्त मुताबिक कर्जा असुली प्रक्रियाको लागि धितोमा रहेको जग्गा लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरी लिलामी प्रक्रिया अगाडि बढाई सकिएकाले निर्णय खारेज गरिपाउँ भनी विपक्षी बैंकको लिखित जवाफ रहेको र विपक्षी बैंकको सञ्चालक समितिको मिति २०७०।३।२४ मा निवेदकको धितोमा रहेको जग्गा निर्मला प्रधानलाई बोलकबोल स्वीकृत गर्ने गरी निर्णय गरी बैंकले मिति २०७०।३।३० मा दा.खा नामसारीको लागि सम्बन्धित मालपोत कार्यालयमा पत्राचारसमेत गरिसकेको विपक्षी बैंकले पेस गरेको निर्णय तथा पत्रको छायाँप्रतिबाट देखिन्छ । यसरी निवेदकले लिलामी कार्य रोकिपाउँ भनी दाबी लिएको धितो जग्गा लिलाम भई दाखिल खारेजसमेत भइसकेको देखिँदा निवेदनको औचित्य नै समाप्त भएको देखिने।

सोसमेतका आधार कारणबाट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटन वाणिज्य इजलासको मिति २०७०।४।३० को आदेश मिलकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम्।

१६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-००९५, उत्प्रेषण, *डम्बरकुमारी सेन ठकुरी वि. कलङ्खोला वन उपभोक्ता समूहकी अध्यक्ष मेनुका शर्मा रिजालसमेत*

निवेदिकाले निवेदन दाबीका जग्गाहरू आफ्ना हुन् भनी दाबी गरे तापनि सो जग्गाहरू निवेदिकाको नाउँमा दर्ता भएको भन्ने कहीँ कतैबाट देखिँदैन । २०४७ सालमा नापी हुँदा उक्त जग्गाहरू कसैको नाउँमा नापी नभई ऐलानी पर्ती जनिई नापी भएको पाइयो । निवेदिकाले आफ्नो हक भोगको प्रमाणसहित नापी टोलीमा गई जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६, ६(क), ७, ८(२) अन्तर्गत नापी गराई जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरेको वा नापी वा दर्ता नगरी दिएको कारण खुलाई म्यादभित्र उजुर गरी दर्तातर्फ कारबाही उठाएको भन्ने नदेखिई विवादित जग्गाको नाप नक्सा भएको धेरै समयपछि आएर मिति २०७०/१/२० मा छुट जग्गा दर्ता गरिपाउँ भनी निवेदन गरेको छु भनी निवेदनमा नै उल्लेख गरेको पाइयो । उक्त निवेदन लेखबाट नै २०७० सालसम्म पनि विवादित जग्गा निवेदिकाको नाममा दर्ता नभएको भन्ने कुरा स्पष्ट हुन आयो । तसर्थ कानूनबमोजिम दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा प्राप्त नभएको स्थितिमा निवेदिकालाई सो जग्गाहरूमा कानूनी हक स्वामित्व प्राप्त भइसकेको मान्न मिलेन । रिट क्षेत्रबाट विवादास्पद हक प्रचलन हुने नभई स्थापित हकको मात्र प्रचलन हुने हो । विवादित जग्गा ऐलानी पर्ती हो भन्ने नापी नक्सा एवम् फिल्डबुकसमेतबाट देखिएकाले निवेदिकाको विवादित

जग्गामा हक स्थापित नै नभइसकेको स्थितिमा त्यस्तो हकको प्रचलन रिट क्षेत्रबाट हुन सक्ने नदेखिने।

निवेदकको विवादित कि.नं. ४१२ र ४१३ को जग्गामा जग्गाधनी प्रमाण पुर्जा प्राप्त भैसकेको नदेखिएको र रिट क्षेत्रबाट विवादित हक प्रचलन गराउन नमिल्ने देखिँदा सोसमेतका आधार कारणबाट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७१।३।११ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम्।

१७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-००१७, निषेधाज्ञा, दिवाकर घिमिरे *वि. निलकुमार श्रेष्ठसमेत*

निवेदक दिवाकर घिमिरेको तर्फबाट पर्न आएको प्रस्तुत पुनरावेदनमा मूलतः हाल कायम रहेको बाटो र हाम्रो घर जग्गा अलगअलग उल्लेख भइरहेको अवस्थामा न.नं. २० र २५ को जग्गा बाटोको जग्गा हो भनी मान्न मिल्ने अवस्था नभएको र घर निर्माण गर्नुपूर्व छोडेको जग्गामा बाटो बिस्तार गर्दा हाम्रो घरमा समेत अतिक्रमण गर्न लागेको प्रस्ट हुँदाहुँदै सो तथ्यलाई कुनै विश्लेषण नै नगरिएको भन्ने जिकिर लिएको देखिन्छ। मिसिल संलग्न रहेको पुनरावेदन अदालतको आदेशानुसार भई आएको नक्सा मुचुल्का अध्ययन गर्दा पुनरावेदकको जग्गाको दक्षिणतर्फ बाटो जनिएको देखियो । सोको पूर्वतर्फ न.नं १८ कि.नं. १९ को प्रत्यर्थी निलकुमार श्रेष्ठको जग्गा भई सो जग्गामा ०.७० मी. को नाली जनिई सोही जग्गाको दक्षिणतर्फ न.नं. १९ हाल बाटो भनी देखाइएको छ। सोही न.नं. १९ को जग्गाको सिधा पश्चिमतर्फ यी पुनरावेदकको कि.नं. १५४ को जग्गामा न.नं. २० र २५ बाटो जनिएको तर सो जग्गामा नाली नभएको उल्लेख गरिएको देखिन्छ। यसरी पूर्वतर्फ न.नं. १८ कि.नं. १९ को जग्गामा नाली देखिएको तर यी पुनरावेदकको कि.नं. १५४ को जग्गामा नाली नदेखिनुका साथ साथै न.नं. २० र २५ मा जनिएका बाटाहरूको चौडाइसमेत एकनास नभई सानोसमेत रहेको उक्त नक्सा मुचुल्काबाट देखिएको छ । यसरी भई आएको नक्साबाट बाटोको चौडाइ घटीबढि देखिनुका साथसाथै हाम्रो जग्गाको लगभग सबै जग्गा ओगटी पक्की घर बनाएको भन्ने निवेदन जिकिरसमेत देखिएको अवस्थामा कि.नं. १५४ को दक्षिणतर्फको जग्गालाई बाटोको होइन रहेछ भनी मान्न मिल्ने नदेखिँदा बाटोको जग्गा नभएको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

उपरोक्त आधार कारणसमेतबाट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६९।६।१० आदेशलाई अन्यथा रहेछ भनी मान्न नमिल्ने देखिँदा सो आदेश सदर हुने।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम्।

१८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-००८७, ०३२०, लागु औषध खैरो हिरोइन, *मोहम्मद नावेद वि. नेपाल सरकार, मोहम्मद समसाद वि. नेपाल सरकार*

आफू निर्दोष रहेको प्रमाण पुर्‍याउने भार यी प्रतिवादीहरूमा नै रहेकामा सोअनुसार यी प्रतिवादीहरूले उक्त लागु औषध आफ्नो साथमा राख्न पाउने अधिकार थियो भन्ने प्रमाण नपुर्‍याएको अवस्थामा कसुरदार नै हुन् भनी ठान्नु पर्ने देखिने।

कानूनी व्यवस्था, सिद्धान्त र मिसिल संलग्न आधार प्रमाणहरूबाट सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।११।२६ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति

२०६७।५।२९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम्।

१९

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०३६०, परमादेश, *पूर्णकुमारी विष्ट वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

कि.नं. १५१ को जग्गाको रजिस्ट्रेसन दस्तुर लिने प्रयोजनको लागि रू.३५,४४,०००।– मूल्य उल्लेख गरिएको देखिन्छ । सो रकम ३० लाखभन्दा बढि देखिएको र निवेदकले खरिद गरेको मूल्य रू.२०,२५,००० भन्दा रू.१४३८१२५।- बढि देखिन आएकाले सो बढि देखिएको रकमलाई लाभांश मानी सोमा १० प्रतिशत कर लगाएकालाई अन्यथा मान्नु पर्ने नदेखिने।

उल्लिखित आधार र कारणसमेतबाट निवेदन खारेज हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।१४ को आदेश मिलेकै देखिँदा सो सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम्।

२०

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०४२१, प्रतिषेध / निषेधाज्ञा, *चन्द्रप्रसाद पौडेल वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

प्रमुख जिल्ला अधिकारीले आफूसमक्ष शान्ति सुरक्षाको माग गरी कुनै व्यक्ति निवेदन लिई आउँदा के भएको रहेछ भनी यथार्थताको जाँचबुझ गर्न सक्ने नै हुँदा जाँचबुझ गर्न बोलाएकै आधारमा निवेदकले दाबी लिएअनुसार पक्राउ गरी जबरजस्ती लेनदेनको विषयमा कागज गराउने आशङ्का रहेको भनी मान्न मिल्ने नदेखिने।

सोसमेतका आधार कारणबाट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९ ।१२ ।२८ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम्।

२१

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-११२४, निषेधाज्ञा / परमादेश, *पुरूषोत्तम दाहाल वि. हिमालयन बैंक लिमिटेड, केन्द्रीय कार्यालय, कमलादी काठमाडौंसमेत*

पुनरावेदक निवेदकले कि. नं. ४९२ को घरजग्गा धितो राखी विपक्षी हिमालयन बैंक लिमिटेडबाट लिएको कर्जा असुलउपर गर्ने प्रयोजनार्थ लिलामको सूचना निकालेको बैंकको कार्यलाई कारागारमा रहेको कारण कर्जासम्बन्धी सूचना नै नपाएको भन्ने आधारमा मात्र अन्यथा रहेछ भनी मान्न मिल्ने नदेखिने।

उपरोक्त आधार र कारणबाट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।५।११ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिकृष्ण श्रेष्ठ

कम्प्युटर : खगेन्द्रकुमार खत्री

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम्।

२२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०६८५, उत्प्रेषण / परमादेश, *नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, आयुर्वेद विभाग, टेकु, काठमाडौं वि. राम प्रवेश यादव*

मिति २०६८।१२।१६ देखिमात्र स्तरवृद्धि

हुने भनी गरेको विपक्षी आयुर्वेद विभागको मिति २०६९।१।३ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकको हकमा निजको सहायक चौथो तहको सेवा अवधि पाँचवर्ष पूरा भएको मितिदेखि नै लागू हुने गरी निजको स्तरवृद्धि गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।२५ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम् ।

२३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-००९६, उत्प्रेषण, *नयनकुमारी शाही वि. जिल्ला वन कार्यालय, रोल्पासमेत*

कानूनबमोजिम दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा प्राप्त नभएको स्थितिमा निवेदिकालाई सो जग्गाहरूमा कानूनी हक स्वामित्व प्राप्त भइसकेको मान्न मिलेन । विवादित जग्गा ऐलानी पर्ती रहेको नापी नक्सा एवम् फिल्डबुकसमेतबाट देखिएकाले निवेदिकाको विवादित जग्गामा हक स्थापित नै नभइसकेको स्थितिमा त्यस्तो हकको प्रचलन रिट क्षेत्रबाट हुन सक्ने नदेखिने।

निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७१ ।३ ।२९ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत : हरिकृष्ण श्रेष्ठ

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम्।

२४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०४४९, अंश चलन, *लवकुमार रानामगर वि. विष्णुबहादुर मगरसमेत*

मिति १९९२।१।१ को घरसारको बन्डापत्रको लिखतलाई वादीले किर्ते भनी नामकरण गरेकामा उक्त लिखत किर्ते हो होइन भन्ने सम्बन्धमा केही नबोली भएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६६।१०।३ को फैसला र सो फैसलालाई सदर ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।७।१० मा भएको फैसलामा मुलुकी ऐन अ.बं.१९२ को त्रुटि भई मिलेको नदेखिँदा बदर हुने।

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल फागुन २२ गते रोज ६ शुभम्।

२५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०४८७, मानव बेचविखन तथा ओसारपसार, *शिवराज जोशी वि. नेपाल सरकार*

मौकामा कागज गर्ने रिता शर्मा, मदनराज शर्मा, डिल्लीराज जैशीसमेतले प्रतिवादी शिवराज जोशीले पीडितलाई भारत लगी बालबच्चा नभएकाले भा. रू. ३०,०००।– मा सतराम भाटीलाई बिक्री गरेको कुरा माइती नेपालका प्रतिनिधिको रोहवरमा सबैको सामुन्नेमा भनेका हुन् भन्ने कुरा मौकामा तथा अदालतमा बकपत्र गर्दासमेत लेखाई यी प्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्ष भएको साबितीलाई थप पुष्टि गरेको देखिन्छ । आफूसँग विदेश भारत गएकी आफ्नो संरक्षकत्वमा रहेकी पीडित श्रीमती हराएपछि भरमग्दुर खोजतलास गर्नुपर्ने दायित्वसमेत यी पुनरावेदक प्रतिवादीले पूरा गरेको मिसिल संलग्न कागजातहरूबाट देखिँदैन । सहअभियुक्त सतराम भाटीसँगको साँठगाँठमा भारतीय नागरिक गणपत भाइसँग कोर्ट म्यारिज गरेको भन्ने पुनरावेदन जिकिर रहेपनि सोको ठोस एवम् भरपर्दो कुनै पनि प्रमाण निजले गुजारेको देखिँदैन । मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकामा सो कसुर आफूले गरेको छैन भन्ने

कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेछ" भन्ने व्यवस्था रहेको देखिँदा उक्त कानूनी व्यवस्थाअनुसार आफ्नो निर्दोषताको प्रमाण पुर्‍याउने भार यी पुनरावेदक प्रतिवादीउपर रहे भएकै देखिन्छ । तर, सोअनुसार निर्दोषताको प्रमाण पुर्‍याएको मिसिल संलग्न कुनै पनि कागजातहरूबाट देखिँदैन । प्रतिवादीउपर परेको किटानी जाहेरी, निजको मौकाको कागज एवम् अधिकारप्राप्त अधिकारीसमक्षको बयान, मौकामा कागज गर्ने रिता शर्मा, मदनराज शर्मा, डिल्लीराज जैशीसमेतको मौकामा तथा अदालतसमक्षको बकपत्रसमेतका आधार कारणबाट यी प्रतिवादी निर्दोष रहेछन् भनी मान्न मिल्ने नदेखिने ।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम् ।

२६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०१२९, कर्तव्य ज्यान, ईन्द्रबहादुर वली *वि. नेपाल सरकार*

मृतकको मृत्यु जलेर भएको हो भन्ने तथ्यमा विवाद देखिँदैन । यी पुनरावेदक प्रतिवादीले अदालत एवम् अदालतबाहिर अनुसन्धानको क्रममा कसुर अपराधमा इन्कार गर्दै पीडित स्वयम्ले आफ्नो शरीरमा आफैँ मोबिल मिसिएको मट्टीतेल खन्याई आत्महत्या गरेको भनी बयान गरेको र सोही बयान व्यहोराको आधारमा अभियोग दाबीबाट आफूले सफाइ पाउनु पर्ने भन्ने पुनरावेदन जिकिर लिएको देखिन्छ । यी प्रतिवादी इन्द्रबहादुर वलीले आफ्नै श्रीमती मृतक तिर्सना वलीलाई मोबिल मिसिएको मट्टीतेल खन्याई आगो लगाइदिएको कारण मृतकको शरीरको अधिकांश भाग जली सोही कारणबाट मृतकको मृत्यु भएको भन्ने अभियोगको कथनलाई मौकामा दिएको जाहेरी दरखास्त, घटनास्थलको अवस्था दर्साइएको मुचुल्का, घटनास्थलमा बरामद भएको तेल खन्याइएको भनिएको जर्किनसमेतका प्रमाणहरूले पुष्टि गरेको अवस्था देखिन्छ । फौजदारी मुद्दामा इन्कारीमात्र उन्मुक्तिको आधार हुन सक्दैन । सो इन्कारीलाई वस्तुनिष्ठ एवम् ठोस आधार प्रमाणबाट पुष्टिसमेत गरिनु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीको इन्कारीलाई पुष्टि गर्नेसम्मको वस्तुनिष्ठ प्रमाण प्रतिवादीले गुजार्न सकेको नदेखिने ।

यसको अलावा मृतक र प्रतिवादीबिच बारम्बार विवाद भई झगडा हुने गरेको भन्ने तथ्य प्रतिवादी र मृतकका छोराले गरिदिएको कागजबाट पुष्टि भएको देखिन्छ । मृतकको शरीरको धेरैजसो भाग जलेको देखिनुका साथै मृतक तिर्सना वलीलाई घट्नाको दिन राति १ बजे कोठाबाट बाहिर निकाली निजले घरमा ल्याइराखेको मोबिल मिसिएको मट्टीतेल खन्याइ आगो लगाइदिएका हुन् । निज लोग्नेले सधैँ कुटपिट गर्ने गर्थे र सो दिन पनि कुटपिट गरेका हुन् भनी मृत्युकालीन घोषणाको रूपमा आफूलाई मार्ने उद्देश्यले मट्टीतेल खन्याई आगो लगाई दिएको भनी गरेको कागज गरेको देखिन्छ । मृतकको सो बयान व्यहोरालाई वादीका साक्षी लिला कुमालले अदालतमा आई गरेको बकपत्रले पुष्टिसमेत गरेको देखिन्छ । जाहेरवाला बसन्तकुमार घर्तीले समेत अदालतसमक्ष उपस्थित भई लिला कुमालले मलाई तपाइँको ज्वाइँले तिर्सना वलीलाई कुटपिट गरी आगो लगाएको भनी खबर गरेको भनी बकपत्र गरिदिएको अवस्थामा प्रतिवादीको अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्ष इन्कारी बयानका आधारले मात्रै प्रतिवादीले आरोपित कसुर नगरेको भनी मान्न मिल्ने नदेखिने ।

यिनै पुनरावेदक प्रतिवादी ईन्द्रबहादुर वलीले पीडित मृतक आफ्नै श्रीमतीलाई मोबिल मिसिएको मट्टीतेल खन्याई आगो लगाइदिई मृतकको मृत्युको कारण रहेको तथ्यलाई मिसिल संलग्न घटनास्थल प्रकृति मुचुल्का, वस्तुस्थिति मुचुल्कामा बसेका

मानिसहरूको भनाइ, मृतक स्वयम्ले मृत्यु हुनुपूर्व गरेको कागज, वादीका साक्षी लिला कुमालले अदालतबाहिर गरेको कागज तथा अदालतमा आई गरिदिएको बकपत्रसमेतले पुष्टि एवम् प्रमाणित गरेको अवस्था देखिँदा सोसमेतका आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी ईन्द्रबहादुर वलीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याई भएको सुरू फैसला केही उल्टी गरी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।११।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम्।

२७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०४२२, ००९१, कर्तव्य ज्यान, *लछु गौतम वि. नेपाल सरकार, नेपाल सरकार वि. रमेश गौतम*

अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा दुवै प्रतिवादीले एकआपसमा आरोपित कसुर गरेकामा पोलापोल गरी बयान गरेको अवस्था देखिएको छ । यी प्रतिवादीको हैसियत पनि प्रतिवादी लछु गौतमकै समान अवस्थाको देखिएकामा प्रमाणको रोहमा एक जना प्रतिवादीलाई कसुरदार ठहर गरी अर्का प्रतिवादी यी रमेश गौतमको हकमा सोही प्रमाणहरू सफाइको आधार बन्न सक्ने अवस्थासमेत नहुनेमा यी प्रतिवादी रमेश गौतमलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला सो हदसम्म उल्टी गरी यी प्रतिवादीलाई समेत अभियोग दाबीबमोजिम सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलासमेत मिलेकै देखिने।

प्रतिवादी लछु गौतमलाई अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने गरेको सुरू फैसला तथा अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद हुने गरी व्यक्त राय सदर गरेको र प्रतिवादी रमेश गौतमलाइ आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू फैसला केही उल्टी गरी निज प्रतिवादी रमेश गौतमलाई समेत अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गरी निजको उमेर अपराध हुँदाका बखत १५ वर्ष पुगी १६ पुगेको नदेखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय गरी वारदात हुँदाको परिस्थिति र अवस्थासमेतलाई दृष्टिगत गरी अ.बं. १८८ नं. बमोजिम वर्ष पाँच कैद हुन राय व्यक्त गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०६९।२।२४ को रायसहितको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । विपक्षी झिकाउँदा लिइएको आधार र कारणसँग सहमत हुन नसकिने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री गोपाल पराजुली,** ०६९-CR-०६४१, जबरजस्ती करणी, *अनिलकुमार गुप्ता वि. नेपाल सरकार*

आफ्नो लिङ्ग पीडिताको योनीमा पूर्ण प्रवेश नगराएको हुँदा जबरजस्ती करणीको वारदात नहुने र कसुर नै कायम भए पनि जबरजस्ती करणीको उद्योगसम्मको कसुर हुने भनी पुनरावेदकले लिएको जिकिरतर्फ विचार गर्दा मुलुकी ऐन जबरजस्ती करणीको १ नं. को स्पस्टीकरणमा व्यवस्थित कानूनी प्रावधानलाई अध्ययन गर्नुपर्ने देखिन आयो । उक्त स्पष्टिकरणको व्यवस्थालाई हेर्दा "योनीमा लिङ्ग

केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिँदा प्रतिवादीको पुनरावेदन जिकिर कानूनसम्मत रहेछ भनी मान्न नमिल्ने।

जबरजस्ती करणीसम्बन्धी विधिशास्त्रीय मान्यता र यस सम्बन्धमा नेपाल कानूनमा भएको पछिल्लो विकासले पनि जबरजस्ती करणी हुनका लागि योनीमा लिङ्ग पूरै प्रवेश भएको हुनु पर्ने भन्ने देखिँदैन। त्यसमा पनि अत्यन्त कम उमेरकी बालिकामाथि भएको यस किसिमको जघन्य अपराधमा योनीमा लिङ्ग पूरै प्रवेश नभएको भन्ने कुरालाईमात्र आधार बनाएर बालिकामाथि भएको जबरजस्ती करणीलाई अन्यथा भन्नु न्यायोचितसमेत हुँदैन । योनीमा लिङ्ग प्रवेश नगरेसम्म जबरजस्ती करणीको कसुर हुँदैन भनी सबै अवस्थामा व्याख्या गर्न पनि सकिँदैन। यस सन्दर्भमा नाबालिकाउपर भएका यस्ता अपराधमा पीडितमाथि भएको अन्यायलाई संवेदनशील भई हेरिनु पर्ने हुन्छ। नाबालिका बच्ची नाङ्गै पारी सुताई आफू पनि नाङ्गै भई माथि चढी करणीको यौन आनन्द लिई वीर्यसमेत स्खलन गरिसकेको अवस्थामा लिङ्ग योनीमा छिर्‍यो छिरेन थाहा भएन भन्नेमात्र प्रतिवादीको कथनबाट त्यो वारदातलाई उद्योगको वारदात मान्न मिल्दैन । पूर्ण यौन तृप्ति लिएपछि त्यो करणीको वारदात हुने।

प्रतिवादीले गरेको कसुर मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. विपरीतको कसुर देखिन आयो। उक्त दफामा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी गरेको ठहर्छ भनी स्पष्ट व्यवस्था गरेको देखिन्छ । सो ऐनको व्यवस्थावाट नाबालकको हकमा निजको मन्जुरी लिए वा नलिए पनि जबरजस्ती करणीको अपराध हुने भएबाट पीडितको मन्जुरीले करणी गरेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरअनुरूप सजायमा कमी हुने आधार देखिन नआउने।

किटानी जाहेरी दरखास्त, पीडिताले मौकामा गरेको कागज, वस्तुस्थिति मुचुल्का, तथा प्रतिवादीले अनुसन्धानको क्रममा र सुरू अदालतमा समेत गरेको साबिती बयानसमेतबाट प्रतिवादीको आरोपित कसुर स्थापित र पुष्टि हुन आएकाले प्रतिवादी अनिलकुमार गुप्ताउपर परिवर्तित नाम ग-१० लाई जबरजस्ती करणी गरेको ठहराई मुलुकी ऐन जबरजस्ती करणीको ३(१) नं. बमोजिम १० वर्ष कैदको सजाय गरेको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।३।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शा.अ.तीर्थराज भट्टराई
कम्प्युटर: सबिना अधिकारी
इति संवत् २०७२ साल भदौ २० गते रोज १ शुभम्।

२

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री गोपाल पराजुली,** ०६९-CR-०७०८, कर्तव्य ज्यान, *बाबुराम थारु वि. विनोदकुमार थारूको जाहेरीले नेपाल सरकार*

खेतमा पानी लगाउने विषयमा मृतकसँग भनाभन भएको र फरूवा जस्तो घातक र जोखिमी हतियारले मृतकको टाउको जस्तो संवेदनशील अङ्गमा पटकपटक प्रहार भएको र सोही चोट पीडाबाट मृतकको तत्काल मृत्यु भएको अवस्था मिसिल संलग्न कागजातहरूबाट पुष्टि हुन आएकाले प्रतिवादी बाबुराम थारूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुरमा ऐ. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको पुनरावेदन अदालत, बुटवलको २०६९।५।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीलाई अभियोग दाबीबमोजिमको सजाय ठहर गरी कैदको हकमा १० वर्षमात्र गर्न मुनासिब हुने भनी अ.बं. १८८ नं. बमोजिम राय व्यक्त भएको सम्बन्धमा विचार गर्दा प्रतिवादीले आफूले गरेको कसुरसम्बन्धमा मौकामा तथा अदालतमा

समेत उपस्थित भई घटनामा साबित रही बयान गरी अदालतलाई गुमराह गर्न खोजेको पनि देखिँदैन । घटनाप्रति गल्ती भयो, माफी पाउँ भनी पश्चाताप पनि गरी बयान गरेको समेतबाट निजलाई सर्वस्वसहित जन्म कैद गर्दा सजाय चर्को पर्ने देखिई १० वर्षमात्र कैद गर्दा पनि न्यायको उद्देश्य पुरा हुने देखिँदा प्रतिवादी बाबुराम थारूलाई अ.बं. १८८ नं. बमोजिम १० वर्षमात्र कैद हुने गरी ब्यक्त रायसमेत सदर भई कैद वर्ष १० मात्र हुने।

इजलास अधिकृत: शा.अ.तीर्थराज भट्टराई

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ साल भदौ २० गते रोज १ शुभम्।

३

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री दीपकराज जोशी,** *०६९-CI-०४८०, प्रतिषेध, मनोजकुमार गुप्ता (भुजुवा) वि. नेपालगञ्ज नगरपालिकाको कार्यालयसमेत*

विवादित घरजग्गामा पुनरावेदकको भोग भएकामा विवाद छैन। तर, भोग भाडावालाको हैसियतले भएको हो वा सम्पत्तिको धनीको हैसियतले भएको हो भन्ने कुरामा विवाद रहेको देखिन्छ । पुनरावेदकसँग भोगको प्रमाण छन् भने विपक्षी मो. हनिफले सो जग्गा मिति २०६७।११।२९ को रजिस्ट्रेसन पास गरी खरिद गरिलिएको भनी उल्लेख गरेको देखिन्छ । यसप्रकार निजहरूका बिचमा सो घरजग्गाको स्वामित्वका विषयमा विवाद सिर्जना भएको देखिन्छ । त्यस्तै प्रत्यर्थी मो.हनिफ हलुवाईले रिट निवेदकहरूमध्ये सलिम भाँड र सईद खानउपर बाँके जिल्ला अदालतमा बहाल दिलाई घर खाली गराई चलन चलाई पाउँ भन्ने मुद्दा गरी प्रतिवादीमध्येका सलिम भाँड र सइद खानले घर खाली गरिदिने गरी वादी दाबी र प्रतिउत्तर जिकिर छोडी छोडाई मो.हनिफ हलुवाई र निज निवेदक प्रतिवादीहरूका बिच मिलापत्र भएकाले रिट निवेदन तामेलीमा राखिपाउँ भनी उक्त मिलापत्रको प्रतिलिपिसमेत संलग्न गरी निज निवेदकहरूले निवेदनसमेत दिएको मिसिलबाट देखिने।

हक बेहकमा विवाद रहेको अवस्थामा प्रतिषेधको निवेदनको रोहबाट सबुद प्रमाण बुझी यो यसको यसरी हक पुग्छ भनी भन्न मिल्ने पनि हुँदैन । अतः दाबीको घरजग्गा विवादित रहेको देखिएको, विपक्षी जिल्ला प्रशासन कार्यालयको लिखित जवाफबाट शान्ति सुरक्षाको लागि स्थानीय प्रशासनको हैसियतले रिट निवेदकलाई बोलाई मौखिकरूपमा सोधपुछ गरी झैझगडा अशान्ति नगर्नु भनी सम्झाई बुझाई गरी पठाएकोसम्म हो भन्ने उल्लेख भएको देखिँदासमेत मागबमोजिम प्रतिषेधको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत **:** सन्तोषप्रसाद पराजुली

कम्प्युटर **:** सबिना अधिकारी

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम्।

यसै लगाउका मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-०४७९, निषेधाज्ञा, *मनोजकुमार गुप्ता वि. नेपालगञ्ज नगरपालिकाको कार्यालयसमेत*

४

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री दीपकराज जोशी,** ०६९-CI-०६७४, उत्प्रेषण, *जिल्ला वन कार्यालय, उदयपुर वि. गोमाकुमारी बस्नेत*

विवादको जग्गालाई जिल्ला वन अधिकृतले वन क्षेत्र कायम गरी गोमाकुमारी बस्नेतको दर्ता बदर गर्नुपूर्व नै उक्त जग्गा वन क्षेत्रको हो वा गोमाकुमारीको हो भन्ने विषयमा मुद्दा चली अदालतबाट गोमाकुमारीको हो भनी विवादको अन्त नै भइसकेको अवस्था छ । प्रमाणमा आएको उल्लिखित जग्गा खिचोला मुद्दामा मिति २०६४।११।१९ मा भै आएको नक्साको न.नं.१ मा कुनै विवाद नरहेको, विवादको न. नं. २ मा पुनरावेदनमा जिकिर लिए जस्तो घना जङ्गल नरही

सानातिना केही बोट बिरूवासम्म रहेको र उक्त न.नं. २ को पूर्वतर्फ मात्र जङ्गल रहेको भन्ने उल्लेख भएको देखिन्छ । न.नं. १ र २ को जग्गाको क्षेत्रफल जोड्दा प्रत्यर्थी निवेदिकाको दर्ता स्रेस्ताबमोजिमको कि.नं. १०० को जग्गाको क्षेत्रफल पुग्ने भएको र उक्त जग्गामा घना जङ्गल रहेको नदेखिएको अवस्था छ । यसरी अदालतबाट नक्सा मुचुल्का गरी सबुद प्रमाण बुझेको पनि देखिएकै छ । तथ्यको यो रोहमा अदालतबाट स्थलगतरूपमा रूखहरूको वस्तुगत अवलोकन गरिएन भन्ने पुनरावेदकतर्फबाट आएको जिकिरसँग सहमत हुन नसकिने ।

जग्गा तेरो मेरो विषयमा एक पटक मुद्दा चली जिल्ला तथा पुनरावेदन अदालतसमेतबाट फैसला भई विवादको अन्त भइसकेपछि पुनः त्यही जग्गाको स्वामित्वको विषयमा विवाद गर्न मिल्ने हुँदैन । यसरी साबिकदेखि दर्ता तिरो भोगको आधारमा अदालतमा मुद्दा चली स्थलगत नक्सा मुचुल्का गरी सबुद प्रमाणको मूल्याङ्कन गरी दुई तहबाट विवादको अन्त भइसकेको अवस्थामा उसै मुद्दाका विपक्षीले मुद्दा हारेपछि पुनः स्थलगत सर्जमिन गर्न लगाई सोलाई मात्र आधार मानी जग्गाधनीलाई तत्सम्बन्धी कारवाहीमा सहभागी नगराई जग्गाको दर्ता बदर लगत कट्टा गर्ने निर्णय गरिएको देखिन्छ । निवेदिकाले मुद्दासमेतबाट जिती पाएको सम्पत्तिको विषयमा दर्ता बदरको निर्णय गरी जग्गाधनीलाई निर्णयको जानकारीसम्म गराएको पुनरावेदक जिल्ला वन कार्यालय, उदयपुरको कार्य कानूनसम्मत नरही प्रत्यर्थी निवेदिकाको संविधान र कानून प्रदत्त सम्पत्तिसम्बन्धी हक अतिक्रमित भएको देखिने ।

निवेदिका गोमाकुमारी बस्नेतका नाम दर्ताको कि.नं. १०० को क्षेत्रफल ज.बि.१-६-१७ मध्ये ज.बि.१-०-१७ जग्गाको दर्ता बदर लगत कट्टा गर्ने गरी जिल्ला वन कार्यालय, उदयपुरले मिति २०६८।५।११ मा गरेको निर्णय कानून र न्यायसङ्गत नदेखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।३।१७ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-०२८१, उत्प्रेषण / परमादेश, *दुखनीदेवी वि. विजयकुमार यादव*

दुई छुट्टाछुट्टै कानूनलाई एकैसाथ राखी कुनै अर्थ निकाल्नु पर्दा दुवैमा एक अर्कासँग बाझिने वा विरोधार्थ हुने गरी सोचिनु हुन्न । अपितु, दुवै कानूनबिच सामञ्जस्यता राखी त्यसको अभिप्रायको अर्थ निकालिनु पर्दछ । कुनै दुई कानूनका प्रावधानहरू विरोधाभाषपूर्ण देखिएकै अवस्थामा पनि बालबालिका जस्ता समाजको कमजोर पक्ष वा समुदायको हितलाई केन्द्रविन्दुमा राखी न्याय निरूपण गरिनु पर्दछ । यस अर्थमा लेनदेन व्यवहारको ८ नं. ले घरको मुख्यबाट भएको लेनदेन व्यवहार गोश्वारा धनबाट चल्ने भयो । तर, त्यस्तो सगोल गोश्वारा धनमा बाह्र वर्षमुनिको नाबालकको पनि हक रहेछ भने सो हकसम्म चलाउन पाउने हुनु नहुने ।

दुनियाको बिगोबापत जायजात गर्दा बाह्र वर्षमुनिका बालबालिकाको अंश सर्वश्व गर्न मिल्ने हुँदैन । यी दुवै कानूनी प्रावधानको आधारबाट दुनियाको बिगोबापत जायजात गर्दा ऋणी घरको मुख्य रहेछ भने सगोलको गोश्वारा धनबाट हुने तर सगोलमा बाह्र वर्षमुनिका बालबालिका रहेछन् भने निजहरूको अंश भाग जायजात हुँदा छुट्टाई दिनुपर्ने हुन्छ । बाह्र वर्षमाथिका अंशियारको मात्रै अंश जायजात गर्नुपर्ने भनी कानूनले नै प्रष्ट गरेको अवस्थामा बाह्र वर्षमुनिका निवेदिकाहरूको अंश भाग पर सारी फैसला

कार्यान्वयन गर्नु भन्ने सुरू धनुषा जिल्ला अदालतको मिति २०६८।१२।१७ को आदेश कानूनसम्मत नै देखिन आउने।

धनुषा जिल्ला अदालतको मिति २०६८।१२।१७ को आदेश बेरीतको देखिई बदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।५।७ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । मुलुकी ऐन, दण्ड सजायको २६ नं. बमोजिम नाबालिका निवेदिकाहरूको अंश भागसमेत पर सारी नियमानुसार फैसला कार्यावन्यन गर्नु भनी धनुषा जिल्ला अदालतका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल असार ३ गते रोज ५ शभम्।

६

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०१७२,०७१७ अशं चलन, *ध्रुव के.सी.समेत वि. भक्तबहादुर खत्री (के.सी.) र भक्तबहादुर खत्री (के.सी.) वि ध्रुव के.सी.समेत*

अंश हक सबै अंशियारले समानरूपमा बाँडफाँड गरी लिन पाउने नैसर्गिक हक हो । मुलुकी ऐन, अंश बन्डाको ५ नं. अनुसार पिताको मृत्युपश्चात् निजले पाउने अंश निजका स्वास्नी छोराहरूमा सर्न गई निजहरूले पाउँछन्। अंश हक छोड्दा वा प्राप्त गर्दा कानूनबमोजिम लिखत पास गरेरमात्र लिनुदिनु गर्नु पर्छ भनी मुलुकी ऐन, रजिस्ट्रेसनको १ नं.ले अनिवार्य कानूनी व्यवस्था गरेको छ । कानूनले लिखत पास गर्नुपर्ने भनी अनिवार्य गरेको विषयमा सगोलमा बसेका परिवार सङ्ख्या धेरै सम्पत्ति आफू खुस अलगअलग बसेको जिकिरलाई सही रहेछ भनी अनुमान गरी मानो छुट्टिई भिन्न भएको मान्दा समान अंशियारबिच समानरूपमा बन्डा हुनुपर्ने कानूनको मूल उद्देश्य नै पराजित हुन जाने । मुलुकी ऐन, अंशबन्डाको ३० नं. ले २०३४/९/२७ सम्ममा बन्डापत्र खडा गरी वा नगरी घरसारमा नरमकरम मिलाई भाग शान्ति लिई छुट्टाछुट्टै भोग व्यवहार गरेकामा मात्र व्यवहार प्रमाणबाट अलग भएको मानिन सक्ने कानूनी व्यवस्था गरेको देखिन्छ । तर यस विवादमा प्रतिवादीले नै भरेका १ नं. लगत तथा वादी प्रतिवादीका बिचमा केही जग्गा आ-आफ्ना नाउँमा दर्ता गराए पनि ती सम्पत्ति असमानरूपमा रहेको र वादीहरू नाबालिक हुँदाकै अवस्थामा व्यवहार प्रमाणबाट छुट्टि भिन्न भएको भन्ने प्रतिवादीको जिकिर उचित मान्न मिल्ने अवस्था नहुँदा निजहरू एकासगोलमै रहेछन् भनी मान्नु पर्ने।

वस्तुतः रजिस्ट्रेसनको १ नं. अनुसार मानु छुट्टिएको वा मानु जोडिएको लिखत रजिस्ट्रेसन पास भएकै हुनु पर्दछ। घरसारको लिखत भए पनि त्यस्तो लिखतको आधारमा मानु छुट्टिएको मिति कायम हुँदैन। कुटपिटको वारदातबाट नै मानो छुट्टिएको मिति कायम हुँदैन । मानो छुट्टेको मिति कायम हुने पहिलो प्रमाण भनेकै अड्डाबाट रजिस्ट्रेसन पास भएको लिखत हो। प्रस्तुत विवादमा मानो छुट्टिएको पास भएको लिखत रहे भएको देखिन आउँदैन। मानो छुट्टिएको पास भएको लिखतको अभावमा वादी प्रतिवादीको मानो छुट्टिएको मितिको सम्बन्धमा मुख मिलेको अवस्थामा त्यही मिति नै मानो छुट्टिएको कायम गरिनु पर्ने हुन्छ । तर, प्रस्तुत विवादमा मानो छुट्टिएको मिति सम्बन्धमा वादी प्रतिवादीको मुख मिलेको पनि देखिन आएन । यसरी मानो छुट्टिएको मितिको रजिस्ट्रेसन पास भएको लिखत पनि नभएको र सो मिति सम्बन्धमा वादी प्रतिवादीको मुख पनि नमिलेको अवस्थामा अंश मुद्दाको फिरादपत्र दर्ता गरेको मितिलाई नै मानो छुट्टिएको मिति मान्नु पर्ने हुन्छ । तसर्थ, अंशियारबिचमा भएको सामान्य कुटपिटलाई आधार मानी २०४६ साललाई मानो छुट्टिएको मिति कायम नगरेको मिलेन भन्ने वादीको जिकिर पनि मनासिब रहेको देखिन आउँदैन। फिराद परेको मितिलाई मानो छुट्टिएको मिति कायम गर्ने गरेको

हदमा सुरू र पुनरावेदन अदालतबाट भएको फैसला सो हदमा मिलेको देखिने।

वादीहरूसँग अंशबन्डा सम्पत्ति नसक्दै प्रतिवादी भक्तबहादुरले आफ्ना श्रीमती र छोराहरूलाई मिति २०४६/१२/३ मा र.नं.३२४ र मिति २०४६/१०/२८ मा र.नं.३१६६ बाट अंश छोडपत्रको लिखत गराई आफ्ना नाउँमा रहेका केही जग्गा लिनु दिनु गरेको देखिन्छ । समान पुस्ताका भाइभाइबिचमा बन्डा नहुँदै सोही पुस्ताको एक अंशियार प्रतिवादी भक्तबहादुर खत्रीका नाममा रहेका जग्गा निजले छोडपत्र गरी आफ्नी श्रीमती र छोरालाई दिँदैमा त्यस्तो व्यवहारले वादीको उक्त सम्पत्तिमा प्रतिकूल प्रभाव पार्न सक्दैन । कानूनले उक्त छोडपत्र लिखतका जग्गाहरूमा वादीहरूको अंश हक निहित रहने नै हुँदा छोडपत्रबाट हक हस्तान्तरण गरेका जग्गामा समेत बन्डा लगाएको मिलेन भन्ने प्रतिवादीको जिकिर कानून र न्यायसङ्गत रहेको नपाइने।

पार्वती के.सी.ले कि.नं. ९७० र कि.नं. ९७१ का जग्गा प्रस्तुत अंश मुद्दाको फिराद परी अदालतबाट मानो छुट्टिएको मिति २०६४।३।१२ गते कायम भएपछि मिति २०६६/२/४ मा राजीनामाको लिखतबाट खरिद गरेको देखिन्छ । यसरी मानो छुट्टिसकेपछि लगाएको ऋण र आर्जन गरेको सम्पत्ति बन्डा लाग्ने हुँदैन। अपितु, जसले ऋण लिन्छ वा सम्पत्ति आर्जन गर्छ त्यो उसैको एकलौटी हुन्छ । विधिवत् मानो छुट्टिई अलगअलग बसेपछि खरिद गरेको त्यस्तो सम्पत्तिमा अंशबन्डाको १८ नं. ले अन्य अंशियारको अंश भाग नलाग्ने भएकाले बन्डा गरिदिएको मिलेन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर कानूनसम्मत रहेको नपाइने।

वादी नकुल के.सी. मिति २०३२/५/१ देखि नेपाल सरकारको प्रहरी सेवाको जागिरमा भर्ना भई मिति २०६३।१।३१ मा प्रहरी नायब निरीक्षकको पदबाट सेवा निवृत्त भएको मिसिल संलग्न निवृत्तिभरण अधिकारपत्रको प्रतिलिपिबाट देखिन आउँछ । आफू प्रहरी सेवामा रहँदा आर्जित रकमले निजले कि.नं.१३३ आफ्नै नाममा र कि.नं.११८ श्रीमती जानुका के.सी.का नाउँमा खरिद गरेको निजी सम्पत्ति हुन् भनी तायदाती फाँटवारीमा जिकिर लिएको पाइन्छ। लामो समयसम्म सरकारी सेवा गरी सञ्चय कोषसमेतको आर्जित रकमबाट खरिद गरेको उक्त कि.नं. हरूबाट पनि बन्डा गर्नुपर्छ भनी प्रतिवादीले जिकिर लिएको देखिँदा उक्त जिकिर कानूनसम्मत रहेको मान्न नमिल्ने।

पुनरावेदक वादी कुबेर खत्रीले आफ्ना नाउँमा रहेका कि.नं.२७८, १७८, २८१ र कि.नं २८३ तथा श्रीमती तुलाकुमारी के.सी.का नाउँमा रहेका कि.नं. ३१, ६५, ९५ र कि.नं.१७९ माइजू गणेश कुमारी भन्ने बच्ची रानाभाटका हकदारहरू कोही नहुँदा निजबाट मिति २०६४/२/२२ मा राजीनामाको लिखत गरी पाएको हुँदा सो सम्पत्तिबाट अन्य अंशियारलाई बन्डा गर्न मिल्ने होइन भनी पुनरावेदनमा जिकिर लिएको पाइन्छ । निज कुबेर खत्रीले पुनरावेदनमा सो कुराको जिकिर लिए पनि कुनै सबुत प्रमाण पुनरावेदन संलग्न गर्न सकेको पाइँदैन। उक्त कित्ताहरू गणेशकुमारी भन्ने बच्ची रानाभाटको रेखदेख स्याहार सुसार गरेबापत शेषपछिको बकसपत्र गरी दिएकामा पुनः राजीनामाबाट २०६४/२/२२ मा प्राप्त गरेको भनी तायदातीमा जिकिर लिएको देखिन्छ। राजीनामा हो कि बकसपत्र हो, त्यो नै स्पष्टरूपमा भन्न सकेको पाइएन । तथापि, उक्त तायदातीसाथ शेषपछिको बकसपत्रको लिखत पेस गरेको पनि देखिन आउँदैन । तायदातीमा उल्लिखित राजीनामा मिति २०६४।२।२२ फिराद गर्नुभन्दा अगाडिको नै रहेको छ । सगोलमा रहँदा प्राप्त गरेको सम्पत्तिहरू निजी हो भनी जसले दाबी गर्छ सो कुराको दाबीकर्ताले नै तथ्ययुक्त र वस्तुगत प्रमाण पेस गरी प्रमाणित गर्नु पर्छ । तर पुनरावेदक वादीले वस्तुगत प्रमाण पेस गर्न नसकी फगत जिकिरमात्र पुनरावेदनमा लिएको देखिन्छ। यसरी वादी कुबेर खत्रीले निजी भन्ने जिकिर लिए पनि कुनै लिखत वा सबुत पेस गर्न सकेको

नदेखिँदा उक्त कि.नं. हरूसमेतबाट सबै अंशियारलाई बन्डा लगाई दिने गरेको पुनरावेदन अदालतको फैसला न्यायोचित नै रहेको देखिने।

मानकुमारी के.सी.बाट राजकुमार के.सी. ले राजीनामा गरी लिएका कि.नं. ९७,९८ र १०८ का कित्ता जग्गाहरू राजकुमार के.सी.ले प्रतिवादी भक्तबहादुर के.सी. खत्रीकी श्रीमती राधिका खत्रीलाई मिति २०६०/१०/२८ मा राजीनामा गरी हक हस्तान्तरण गरेको मिसिल संलग्न लिखतको प्रतिलिपिबाट देखिएको छ। प्रतिवादीले आफ्ना नाउँमा दर्ता भएका जग्गाहरू परिवारबाहिरको तेस्रो व्यक्तिको नाउँमा हक सारी पुनः घुमाई फिराई आफ्नै श्रीमतीको नाउँमा ल्याएको यस्तो व्यवहारलाई सगोलको सम्पत्तिलाई स्वआर्जनको रूप दिने प्रयास भएको भनी मान्नु पर्ने देखिन आयो। तथापि, उक्त सम्पत्ति अन्ततः सगोल परिवारभित्र नै रहिरहेको हुँदा सगोलको प्रकृति रहेकै सम्पत्ति अंशबन्डा हुन सक्ने अवस्था नै रहेको देखियो । त्यसैगरी श्यामकाजी के.सी. को नाउँमा रहेको कि.नं. २५० को जग्गा बन्डा लगाइदिएको मिलेन भन्नेतर्फ हेर्दा निज श्यामकाजी प्रतिवादी भक्तबहादुरको छोरा सन्तान रहेको नातामा विवाद छैन। उक्त कि.नं. २५० नीजिरूपमा आर्जन गरेको भन्ने जिकिर रहेको देखिन्छ। पैतृक सम्पत्ति विधिवत् बन्डा नहुँदै एकासगोल परिवारका सदस्यमध्ये जो कोहीका नाममा रहे पनि कानूनतः सबैलाई बराबरी बन्डा लाग्ने नै हुन्छ। आधार र कारण नखुलाई बन्डा गरिदिएको मिलेन भनी प्रतिवादीले जिकिर लिएकै तथ्यले अन्य अंशियारको अंश हकमा प्रतिकूल प्रभाव पार्न सक्दैन । यसप्रकार उक्त कित्ता जग्गामा वादीहरूको अंश हक कायम गरी बन्डा गरिदिएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

सुरू ललितपुर जिल्ला अदालतको फैसला केही उल्टी गरी पार्वती के.सी.का नामको कि.नं.९७० र कि.नं.९७१ मानो छुट्टिएको मितिपछि खरिद गरेको र कि.नं.१३३ र कि.नं.११८ पुनरावेदक नकुल के.सी.को निजी आर्जनको भनी अरू अंशियारलाई बन्डा नलाग्ने ठहराएको तथा अंशियारबिच बन्डा हुनुपर्ने प्रतिवादी श्याम के.सी.का नामको कि.नं. २५० र राधिका के.सी.का नामको कि.नं. ९७, ९८ र कि.नं.१०८ समेतबाट वादीहरूले तीन भागको दुई भागमध्येबाट एक भाग मानबहादुरतर्फका वादीहरू र एक भाग माइला खत्रीतर्फका वादीहरूले अंशबन्डा गरी लिन पाउने ठहराई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८/१०/२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-००९२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबहादुर तामाङ*

मृतक र प्रतिवादीबिच मार्नुपर्नेसम्मको कुनै पूर्व रिसइबी नरहेको र मार्नुपर्ने पूर्व तयारी तथा धारिलो हतियारसमेतको प्रयोग भएको देखिँदैन। उसै मौकामा उठेको रिस थाम्न नसक्ने अवस्थाको समय क्षणिक हुँदा लामो समयसम्म रहँदैन। रिस उठ्ने घटना वारदात भएपछि लामो अन्तरालपछि भएको अवस्थालाई यसले समेट्दैन। एकै क्षणमा एक वा बढि मानिसलाई आवेश वा थाम्न नसक्ने रिस उठ्न सक्छ वा सक्दैन भन्ने कुरा आवेश उत्पन्न गर्ने कारणमा निर्भर गर्ने गर्दछ। प्रतिवादीले बाँसको टुक्रा चिरा पार्दा आफूसँग बन्चरो जस्तो धारिलो हतियारसमेत रहेकामा मार्नै पर्ने रिसइबी रहेको भए बाँसको टुक्रालाई चिरा नपारी बन्चरोले नैं प्रहार गरी बुद्धिमान तामाङलाई मार्न सक्ने

स्थिति देखिन्थ्यो तर घातक नरहेको बाँसको भाटा प्रयोग भएको अवस्थासमेतलाई मार्ने मनसायले नै प्रहार गरेको हो भनी भन्न मिल्ने नदेखिने ।

मृतकलाई मार्नु पर्नेसम्मको पूर्व मनसाय नभएको, पहिले मृतकले नै कलुषित भावना लिई प्रतिवादीलाई कुटपिट गरेको र सो सहन नसकी बाँसको टुक्रालाई बन्चरोले फोरि कम घातक बनाई कुटपिट गर्दा भाइ नाताका बुद्धिमान तामाङको मृत्यु भएको हुँदा यस्तो स्थितिमा प्रतिवादी रामबहादुर तामाङले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.बमोजिमकै कसुर गरेको देखिने ।

सुरू धनकुटा जिल्ला अदालतले प्रतिवादी रामबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय गर्ने ठहर्‍याएको मिति २०६६।१९।१ को फैसला सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी रामबहादुर तामाङलाई अभियोग मागदाबीबमोजिम प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा सोही नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : रामप्रसाद बस्याल
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम् ।

**२**

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-००७६, ००६७, ०७०-RC-००२५, कर्तव्य ज्यान, नेपाल *सरकार वि. मीनबहादुर थापासमेत, मुक्तबहादुर थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. देवी थापासमेत*

प्रतिवादीहरू मुक्तबहादुर, धनबहादुर र देवी थापाउपर मृतक नारायण थापाको मृत्युको बारेमा अनुसन्धानको क्रममा अनवीर थापाले पोल गरी बयान गर्नु पर्नेसम्मको प्रतिवादीहरूसँग निज अनविर थापाको पूर्व रिसइबी रहेको केही देखिँदैन । अनविर थापाले अदालतमा आई Hoistile भई बकपत्र गरे तापनि निजले अनुसन्धानको क्रममा सिलसिलावद्धरूपमा खुलाएको केही तथ्यहरू अदालतमा आई गरेको बकपत्रमा समेत मेल खाएको तथा निज अनविर थापाले अनुसन्धानको क्रममा प्रतिवादी धनबहादुर थापा, देवी थापाले मृतकलाई प्रहार गरेको भनी लेखाई दिएको तथ्य मृतकको शरीरमा लागेको घा चोटको प्रकृतिसँग मेल खाएको हुँदा मृतकसँग मुक्त थापाको झगडा भएको सो झगडामा मृतकलाई धनबहादुर र देवीले कुटपिट गरेको देखेको लासलाई बाटोमुनि अडेस लगाइराखेको भनी अनविर थापाले मौकामा गरेको कागज सो हदसम्म तथ्य प्रमाणबाट पुष्टि हुन आएको देखिने ।

मृतक नारायण थापाको कर्तव्य भई मृत्यु भएको देखिएकामा निज प्रतिवादीहरू तिलकबहादुर थापा, मिनबहादुर थापा र जमुना थापाको सहभागी संलग्नता रहेको पुष्टि हुने आधार प्रमाणबिना जाहेरीमा गोलमटोलरूपमा नाम उल्लेख गरेकै भरमा कर्तव्य ज्यान जस्तो गम्भीर फौजदारी मुद्दामा कसुर ठहर गर्नसमेत न्यायसङ्गत नहुने हुँदा प्रतिवादीहरू तिलकबहादुर थापा, मिनबहादुर थापा र जमुना थापाले अभियोग दाबीबाट सफाइ पाउने ।

पुनरावेदक प्रतिवादी मुक्तबहादुर थापा, साधकको रोहबाट हेरिएका प्रतिवादीहरू धनबहादुर थापा र देवी थापाले आरोपित कसुर गरेको पुष्टि हुन आएकाले निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जनही जन्मकैदको सजाय हुने ठहराई जन्मकैद हुने ठहरिएका निज प्रतिवादीहरूका हकमा जनही ७(सात) वर्ष कैद हुने गरी व्यक्त गरेको पुनरावेदन अदालत, पोखराको रायसहित र अन्य प्रतिवादीहरू तिलकबहादुर थापा, मिनबहादुर थापा,

जमुना थापाले अभियोग दाबीबमोजिम कसुर गरेको पुष्टि हुन नआएकाले निज प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू लमजुङ जिल्ला अदालतबाट भएको साधकसहित सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पोखराले मिति २०६९।११।१ मा गरेको फैसला मिलेकै देखिँदा रायसहित सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: टेकबहादुर खड्का

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ मा शुभम्।

३

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री ओमप्रकाश मिश्र,** *०७०-CI-००४०, परमादेश, राधेश्याम वैश्य वि. भेरी अञ्चल अस्पताल विकास समिति, नेपालगञ्जसमेत*

वैकल्पिक उपचारको बाटो हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गरेको कार्यका सम्बन्धमा रिट क्षेत्रबाट बोल्न मिल्ने देखिँदैन भने अर्कोतर्फ विधायिका निर्मित कानूनले तोकेको कर्तव्य पूरा गर्नुपर्ने सार्वजनिक दायित्व भएको निकायले त्यस्तो कर्तव्य पूरा नगरेमा मात्र कानूनबमोजिमको कर्तव्य पूरा गराउन परमादेश जारी हुन सक्दछ। तर प्रस्तुत लिखत दुई पक्षका बिच भएको सर्तनामा मात्रै भएको, उक्त लिखतमा उल्लिखित सर्तहरू कानून नभई सर्तमात्र भएका र ती सर्तहरूलाई कानूनसरह मान्यता दिई कार्यान्वयन गर्न भनी विपक्षी भेरी अञ्चल अस्पताल विकास समितिसमेतका उपर परमादेश जारी गर्न मिल्ने नदेखिने।

विपक्षी भेरी अञ्चल अस्पताल विधायिका निर्मित कानूनका आधारमा स्थापना भएको नदेखिनुको साथै पुनरावेदकका आफन्त औतारदेई र विपक्षी अस्पतालका बिचमा सर्तनामाको कागज भएको अवस्थामा कानूनबमोजिम वैकल्पिक उपचारको अवस्था हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गरेको मिलेको नहुँदा रिट निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९।२।३१ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल जेठ १२ गते रोज ३ शुभम्।

४

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०२७८, *निषेधाज्ञा, शोभाराम कुर्मी (वर्मा) वि. दुर्गाध्वज श्रेष्ठसमेत*

प्रस्तुत विवादमा निवेदकको निर्विवाद हक स्थापित भएकोसमेत देखिन आउँदैन। यस्तो निवेदकको निर्विवाद हक नै स्थापित नभएको र आशङ्काको अवस्थालाई वस्तुनिष्ठ तवरले पुष्टिसमेत गर्न नसकेको अवस्थामा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता देखिएन।

विश्लेषण गरिएका आधार र कारणहरूबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जले मिति २०६९।११।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन अदालत, नेपालगञ्जको फैसला उल्टी गरी निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल जेठ १२ गते रोज ३ शुभम्।

५

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री ओमप्रकाश मिश्र,** *०७०-CI-०६६४, निषेधाज्ञा / परमादेश / उत्प्रेषण, जाइफली राना वि. प्रदिपकुमार राना*

गैरकानूनी तवरले मानाचामल भराई दिनसक्ने अनाधिकार निकायमा निवेदन दिएको र अंश र मानाचामलको सम्बन्धमा उजुरी ग्रहण नैं गर्न नसक्ने निकाय जिल्ला प्रशासन कार्यालयसमेतले निवेदन

दिएकै भरमा अधिकारक्षेत्रभन्दा बाहिर गई मानाचामल भराउने प्रयोजनका लागि विपक्षी प्रदिपकुमार रानाको आधा तलब अंश लिई छुट्टिभिन्न भइसकेकी श्रीमती जाइफली रानालाई भराइदिने गरेको कार्य प्रथम दृष्टिमै मिलेको नदेखिने ।

यी पुनरावेदक जाइफली रानाले विपक्षी प्रदिपकुमार रानाबाट मिति २०६७।१।५ मा र.नं.१९५३ बाट अंश भरपाई गरी आफ्नो र नाबालक छोराको अंश बुझी लिई जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरिसकेको देखिँदा विपक्षी जिल्ला प्रशासन कार्यालय, सल्यानको च.नं २०५८ मिति २०६७।२।३० को पत्र र जिल्ला शिक्षा कार्यालय, सल्यानको च.नं. २१२१ मिति २०६७।३।२७ को पत्रबमोजिम निवेदक प्रदिपकुमार रानाले आधा तलबकट्टी गरी प्रत्यर्थी जाइफली रानालाई दिने गरेको विपक्षीहरूको कार्य कानूनसम्मत नदेखिँदा उत्प्रेषणयुक्त परमादेशको आदेशबाट विपक्षी जिल्ला प्रशासन कार्यालय सल्यानको मिति २०६७।२।३० को पत्र तथा जिल्ला शिक्षा कार्यालय, सल्यानको मिति २०६७।३।२७ को पत्रसमेत बदर गरिदिएको यी रिट निवेदक तथा विपक्षी प्रदिपकुमार रानाले खाइपाई आएको पुरै तलब अब उप्रान्त निज रिट निवेदक प्रदिपकुमार रानालाई भुक्तानी दिनु, दिन लगाउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय सल्यान र श्री जन विकास प्रा.वि. पानीखोला छायाँक्षेत्र, सल्यानका नाममा परमादेश आदेश जारी गरेको पुनरावेदन अदालत, तुल्सीपुर दाङको मिति २०७०।५।३१ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल जेठ १२ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-००३९, निषेधाज्ञा, *प्रमोदकुमार गुप्ता वि. प्रविणकुमार गुप्तासमेत*

शान्ति सुरक्षा कायम गरिपाउँ भनी दिएको निवेदनमा शान्ति सुरक्षा कायम गर्ने विषयमा मात्र जिल्ला प्रशासन कार्यालयबाट वास्तविकता बुझी शान्ति सुरक्षामा नियमानुसार कारवाही गर्नु हुन भनी जिल्ला प्रहरी कार्यालयका नाउँमा आदेश भएको देखिन्छ। जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्ने अधिकार स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्ला प्रशासन कार्यालयलाई भएको र सो कानूनी अधिकारबमोजिम उक्त व्यहोरासाथ निवेदन जिल्ला प्रहरी कार्यालयमा पठाइएकाले सोही विषयमा छलफलका निमित्त निवेदक र विपक्षी प्रविणकुमारलाई बोलाई छलफल हुँदा सहमति नभै आ-आफ्नो घर गएको भन्ने जिल्ला प्रहरी कार्यालयको लिखित जवाफबाट देखिन आएको छ । यसरी शान्ति सुरक्षासम्बन्धमा भएको कानूनी प्रक्रियाअन्तर्गतको कारवाहीलाई नभएको क्षेत्राधिकार प्रयोग गरेको भनी अर्थ गर्न मिल्ने नदेखिने ।

निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जले मिति २०६९।१०।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल जेठ १२ गते रोज ३ शुभम् ।

७

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०८६३, उत्प्रेषण / परमादेश, *देवशरणप्रसाद कलवार वि. राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

अंश जस्तो नैसर्गिक हकबाट प्राप्त हुन आएको सम्पत्ति निजले नामसारी नगरेको भन्ने आधारमा हक नै स्थापित भएको थिएन भन्ने प्रत्यर्थीको लिखित जवाफसँग सहमत हुन सकिएन । यी निवेदकको हकको जग्गा प्रत्यर्थी विजयशंकरले निवेदक देवशरण प्रसाद कलवारको मन्जुरी बेगर धितो जमानत दिन र विपक्षी

बैंकले लिलामी गर्नसमेत पाउने अवस्था देखिएन। कानूनबमोजिम बैंकले आफूले धितो राखी ऋण लगानी गरेको तर धितो लिएको जग्गा नै कच्चा ठहरिन पुगेपछि आफ्नो ऋण असुली गर्नका लागि कानूनबमोजिमको अन्य प्रक्रिया अवलम्बन गरी ऋण असुली गर्न पाउने नै देखिने।

प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा २०५२ सालको अंश मुद्दाबाट यी निवेदकको कायम हुने गरी अंशमा पाएको जग्गामा निजको मन्जुरी बेगर अर्को पक्षले धितो राख्ने गरेको कार्य नै दूषित देखिन आयो। बैंकलाई झुक्याई कसैले अदालतबाट अन्तिम हक छुट्टिएको जग्गा धितोमा दिने र लिने कार्य हुन्छ भने त्यसबाट फैसलाको अन्तिमताको सिद्धान्तको विपरीत हुन जाने र त्यस्तो दूषित तवरबाट दिइएको सुरक्षणलाई कानूनबमोजिमको भन्न मिल्दैन। उत्प्रेषणको रिटले नागरिक हकको संरक्षण, संवर्धन र प्रवर्धन गर्दै कानूनी शासनको लागि उत्प्रेरित गर्छ। आफूले पाएको अंश हकको जग्गा फैसलाले अन्तिम भइसकेपछि सुरक्षण लिने गरेको कार्य दूषित देखिँदा उत्प्रेषणको रिट आकर्षित हुने नै देखियो। अतः अब सुरक्षण दिनेसँग जो जे जेथा छ, पक्री वा कानूनबमोजिम ऋण असुल गर्नेतर्फ बैंकलाई अधिकार भएकै देखिँदा विवादित धितोबाहेकबाट असुलउपर गर्नु भनी परमादेशको आदेशसमेत जारी हुने।

विश्लेषण गरिएका आधार कारण र प्रमाणहरूबाट २०५२ सालको अंश मुद्दाको मिलापत्रबाट विजयशंकर कलवारको नाममा रहेको जिल्ला रौतहट सरमजुवा गा.वि.स. वडा नं. २ कि.नं. ३१२ को ०-२-० कठ्ठा जग्गा देवशरण प्रसाद कलवारको नामको अंश भागको जग्गा रहेको पुष्टि हुन आएको र उक्त जग्गा विपक्षी सूर्या इम्पेक्सलाई ऋण लगानी गर्दा विपक्षी राष्ट्रिय वाणिज्य बैंकले धितो राखी उक्त जग्गा रोक्का राखेको र हालसम्म पनि रोक्का रहिरहेकै देखिँदा गैरकानूनी ढङ्गले रोक्का राखेको उक्त कार्य उत्प्रेषणको आदेशद्वारा बदर भई उक्त जग्गा रोक्का फुकुवा गरीदिनु र धितो सुरक्षण दिनेबाट आफ्नो ऋण असुलउपर गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल
कम्प्युटर: रूपा महर्जन
इति संवत् २०७१ साल चैत १५ गते रोज ०१ शुभम्।

८

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-००२२, उत्प्रेषण / परमादेश, *लक्ष्मीराम अधिकारीसमेत वि. रघुनाथ अधिकारीसमेत*

बन्डा छुट्याउने क्रममा सुरू काठमाडौं जिल्ला अदालतबाट कुनै त्रुटि भएको भए मुलुकी ऐन अ.बं. ६१ नं. तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम १३ बमोजिम म्यादभित्र उजुर गर्न पाउने हक यी रिट निवेदकसँग रहे भएकै अवस्था हुँदा उक्त कानूनी उपचारको मार्ग अवलम्बन नगरी म्याद गुजारी हाल आएर रिट क्षेत्रमा प्रवेश गरेको कार्यलाई सफा हात र शुद्ध मनसाय लिई अदालत प्रवेश गरेको भनी मान्न नमिल्ने।

विश्लेषण गरिएको आधार र कारणबाट विवादित आदेशका उपरको निवेदनमा अन्तरिम आदेश नभएपश्चात् बन्डा मुचुल्का नै बदर भई दा.खा.समेत भइसकेको देखिँदा उक्त मिति २०६९।१२।१२ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विदुषी रायमाझी
इति संवत् २०७१ साल चैत १५ गते रोज १ शुभम्।

९

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०७४७, उत्प्रेषण, *मिश्रीदेवी खड्कासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा*

*मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

नेपाल सरकारको नाममा मिति २०४४।८।२५ मा दर्ता हुने निर्णय भएपछि २०७० सालमा मात्र आएर उक्त जग्गामा हामीहरूको हक लाग्ने हो छुट जग्गा दर्ता हक अधिकारप्रति सचेत नभई बेवास्ता गरी बसेको स्पष्ट हुन आउँछ । छुट जग्गा दर्ता गरिपाउँ भनी निवेदन गर्ने अधिकार भन्दैमा जहिलेसुकै निवेदन गर्न पाउने भन्ने हुँदैन । २०४४ सालपछि आफ्नो न्यायिक उपचारका लागि सक्षम निकायमा कानूनले तोकेको म्यादभित्र उजुरी गर्न सक्नुपर्दथ्यो । निवेदकले न्यायिक प्रक्रियालाई अनुशरण नगरी हाल २६ वर्षपछि आएर जिकिर लिएको कार्यलाई कानूनसङ्गतको रहेछ भन्न मिलेन । भएकामा मुद्दाको रोहबाट हेर्दा हकदैया हदम्यादसम्म आकर्षित हुने भए पनि रिट क्षेत्रमा प्रवेश गरेको कार्यलाई विलम्बको सिद्धान्तले निवेदकलाई सहयोग गर्न सकिने देखिएन हदम्यादभित्र रहेको भन्न मिल्दैन । अर्कोतर्फ यति ढिलाइ हुनुको कारण के हो भन्ने विषयमा निवेदक स्वयम्ले प्रमाण पुर्‍याउनु पर्ने हुन्छ । अनुचित विलम्ब गरी अदालत प्रवेश गर्नेलाई अदालतले मद्दत गर्न नसक्ने ।

काठमाडौं जिल्ला धापासी गाउँ विकास समिति वडा नं. ९(क), कि.नं. १९, क्षेत्रफल २-८-२-० को जग्गा निवेदकको नाममा दर्ता नामसारी गरी दिनु भनि विपक्षीहरूको नाममा परमादेशलगायतको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : रामप्रसाद बस्याल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७१ साल चैत १५ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०३०१, उत्प्रेषण, *पार्वती देवी यादव वि. पुनरावेदन अदालत, जनकपुरसमेत*

सुरू फिरादपत्र दायर गर्दाका अवस्थामा नै प्रतिवादी बनाइएका व्यक्तिलाई मुद्दाको अन्तिम फैसला गर्दा ठहरको सम्बन्धमा बोलिने विषयमा आदेश गर्दाकै अवस्थामा बोलेको कुरा मिलेको देखिँदैन । अंश मुद्दाको सम्बन्धमा फिरादपत्र र प्रतिउत्तरपत्रको पेटबोलीमा परेका मानिसहरूलाई समेत मुलुकी ऐन अ.बं. १३९ नं. बमोजिम झिकाई निजहरू कारणीसरह देखिए तारेखमा राख्नेगरी निर्णय गर्न सकिन्छ भने कारणीसरह नदेखिए तारेखमा नराख्ने गरी आदेश जारी गर्न सकिन्छ । यद्यपि प्रस्तुत अंश मुद्दामा फिराद दर्ता गर्दाकै अवस्थामा प्रतिवादी कायम भएका शिवजी यादवलाई तायदाती आदेश गर्दाको अवस्थामा तारेख टुटाउने गरी आदेश गर्न सक्ने कानूनी व्यवस्था रहे भएको देखिँदैन । यसरी अंश मुद्दा दायर गर्दाकै अवस्थामा प्रतिवादी बनाइएका व्यक्तिलाई तायदाती आदेश गर्दाको अवस्थामा तारेखबाट टुटाउने गरी भएको आदेश कानूनविपरीतको देखिने ।

मुद्दाका पक्षसँग तायदाती माग्ने कार्य प्रमाणको विवेचनाबाट हुने हुँदा प्रमाण बुझ्नुपूर्व नै तारेख टुटाएको मिलेको नहुँदा तारेख टुटाएका प्रतिवादीलाई तारिखमा राखी मुद्दाको प्रक्रिया अगाडि बढाउनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल चैत १५ गते रोज १ शुभम् ।

११

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०५३०, उत्प्रेषण / परमादेश, *राजेन्द्र तिमल्सेना वि. पुनरावेदन अदालत, राजविराज, सप्तरीसमेत*

विवादित करारमा वादीले दाबी लिएको करारको दायित्व प्रतिवादीले पूरा गर्नु पर्नेसम्मको अवस्था नभई वादीको करार दाबी नपुग्ने भएपछि त्यसै करारबाट उत्पन्न विवादमा प्रतिवादीको सम्पत्ति रोक्का राख्ने आधार नै खडा हुन सक्ने देखिएन । सुरू सप्तरी जिल्ला अदालतबाट वादीको दाबी नै

पुग्न नसक्ने ठहरी मिति २०६९।३।६ मा फैसला भइसकेको देखिनुका साथै उक्त फैसलासहितको मिसिलसमेत प्राप्त भएको देखिएकाले त्यसरी वादीको दाबी नै पुग्न नसक्ने अवस्थामा प्रतिवादीको सम्पत्ति रोक्का रहन नसक्नेमा प्रतिवादीको बैंक खातासमेत रोक्का गर्ने गरेको मिति २०६८।८।२३ को आदेश कानूनसङ्गतको मान्न नमिल्ने।

विश्लेषण गरिएका आधार र कारणहरूबाट कानूनविपरीत राखिएको प्रतिवादीको बैंक खाता रोक्का फुकुवा गरिदिनु भनी परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७१ साल चैत १५ गते रोज १ शुभम्।

१२

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६७-CI-०९६९, निर्णय दर्ता बदरसमेत, *सुरेन्द्रमान सिंह प्रधान, वि. विक्रमराज भन्ने विक्रमबहादुर थापा*

साबिक लगत १५५८ अन्तर्गत यो विवादित कि.नं. ८० को जग्गा मिल्ने भिड्ने देखिन नआई सो कि.नं. ८० को जग्गा अघि नै रै.प. भइसकेको पुष्टि हुन नआएको र मोही विक्रम थापाको नाउँमा २०४८।४।२१ मा अस्थायी रै.प. दर्ता गर्ने निर्णय भई २०५५।१२।९ मा रै.प. दर्तासमेत भइसकेको देखिएको अवस्थामा मिति २०६५।६।१३ मा कि.नं. ८० को जग्गा आफ्नो हो भनी वादीले दिएको दाबी मिसिल संलग्न प्रमाणहरूबाट पुष्ट्याइँ हुन आएन। विवादित जग्गाको फिल्डबुक हेर्दा मोही र जग्गाधनी नरबहादुर बस्नेत भन्ने देखिन्छ भने २०४२ सालमा रैकरमा परिणत गर्न विक्रमले दिएको निवेदनबमोजिम बिर्ताको जग्गा रैकरमा परिणत भएको देखिन्छ। बिर्ताको जग्गा किसानले रैकरमा परिणत गर्ने म्यादभित्र किसानले रैकरमा परिणत गरिलिएको कार्यलाई अन्यथा गर्न सक्ने देखिँदैन। तसर्थ पुनरावेदक वादीको दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको २०६७/२/२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

१३

**मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-०७६४, परमादेश, *लालबहादुर शाही वि. रविलाल वि.सि.समेत*

वैदेशिक रोजगार न्यायाधिकरणले गरेको फैसलाउपर तहगतरूपमा पुनरावेदनको माध्यमबाट पुनरावेदनको रोहबाट मातहत अदालतको फैसला सदर वा उल्टी हुन सक्ने नै देखिन्छ। कानूनबमोजिमको स्वाभाविक प्रक्रियाको अवलम्बन नगरी कानूनले तोकेको उपचारको स्पष्ट बाटो हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गरेकालाई कानूनसङ्गतको कार्य मान्न नमिल्ने।

रिट क्षेत्रबाट तल्लो तहमा विचाराधीन मुद्दालाई प्रभाव पार्ने गरी हस्तक्षेप गर्दै जाने हो भने न्यायको मर्म हराएर जान्छ। तल्लो अदालतमा विचाराधीन मुद्दामा फैसला भई पुनरावेदन लाग्ने व्यवस्था भई पुनरावेदनको अवस्था बाँकी रहँदै वा पुनरावेदन विचाराधीन रहेको अवस्थामा विपरीत असर पर्ने गरी अर्कै ऐन नियमअनुसार अन्य कारवाही निर्णय गर्न मिल्दैन। प्रारम्भिक तहको विचाराधीन विषयमा अर्को कारवाही निर्णय गर्दै जाने हो भने विचाराधीन मुद्दाको पुनरावेदकीय प्रक्रिया निष्प्रयोजन र त्यसमा हुने निर्णय निरर्थक हुन जान्छ। कानूनबमोजिमको प्रक्रिया अबलम्बन गरी तल्लो तहबाट फैसला भई सोउपर पुनरावेदन गर्न पाउने कानूनी हक हुँदाहुँदै उक्त हकलाई निरर्थक र निष्प्रभावी बनाउने गरी कुनै काम कारवाही वा आदेश रिटको माध्यमबाट जारी गर्न मिल्ने नदेखिने।

वैदेशिक रोजगार न्यायाधिकरणमा

चलिरहेको वैदेशिक रोजगार ठगी मुद्दा करकाप मुद्दाको टुङ्गो नलागेसम्म कुनै प्रकारले अघि नबढाउनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदकको निवेदन माग दाबी खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल चैत १९ गते रोज ५ शुभम्।

**इजलास नं. ६**

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CI-०९०९, ०६७-CI-०१०१, निर्णय दर्ता बदर दर्तासमेत, *वन्दीडिम्मा शेर्पा वि. नारायण थपलिया, नारायण थपलिया वि. वन्दीडिम्मा शेर्पासमेत*

वादी र प्रतिवादी वन्दीडिम्मा दुवै पक्षको जग्गा साबिकभन्दा राम्रै बढेको अवस्था विद्यमान छ। सबै नरबढि जग्गा आफ्नोमात्र एकलौटी हकभोगभित्र पर्ने हो भन्ने पक्षले तत्सम्बन्धी कानूनी आधार प्रमाण खुलाउनुपर्छ । साबिकको जग्गाको ट्रायल चेक वा नक्साको प्रकृति र हाल कायम भएको जग्गाको नक्सा, ट्रायलचेक र जग्गाको प्रकृति दुरूस्त मिले भिडेको भनी वादीले न प्रतिवादीले आफ्नो पुनरावेदनपत्रमा खुलाउनु भएको पाइन्छ। यो लडाइँ वादी प्रतिवादी दुवै पक्षको आआफ्नो जग्गाको साबिक क्षेत्रफलभन्दा बढि जग्गा दर्ता भएको अवस्था हुँदाहुँदै पनि वादी प्रतिवादीबिचमा त्योभन्दा अझ बढि जग्गा आफूले मात्रै पाउनु पर्ने भन्ने कारणबाट उठेको छ। वादी प्रतिवादीको साबिक नक्सा प्रकृतिबाट यो बढि जग्गा भिडेको यथार्थ स्पष्ट नभएको अवस्थामा यस्तो बढि जग्गामा यथार्थमा समाजको हक पुग्नु पर्ने हो। तर सो कुरा अहिले यो मुद्दाको विषयवस्तु देखिँदैन। यसमा कम्पाउन्डभित्र के कति जग्गा पर्‍यो भन्ने कुराभन्दा पनि बढि जग्गामा कुन पक्षले कहिले देखि कुन मनसायका साथ अर्थात् मेरै जग्गा हो भन्ने सम्झी भोग गरेका छन् वा अहो यो जग्गामा कसैको आँखा परेको छैन यसलाई दबाइ हालुँ भनी जग्गा हात पार्ने हिसाबले दाउपेचमात्र गरेका हुन्, सम्बन्धित पक्षको भोगसम्बन्धी मनसायको ठूलो भूमिका हुन्छ। पुनरावेदन अदालतले एक किसिमले दुवै पक्षबिच सन्तुलन कायम गरी फैसला गरेको अवस्था छ। यस अदालतको मिति २०६८।२।२२ र २०६९।४।२९ को आदेशबमोजिमका नक्सा मुचुल्का र नापी मिसिल पनि प्राप्त भएको अवस्था छैन। पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६६।५।३ को नक्साको न.नं. २, ३ र ४ वन्दीडिम्माको कम्पाउन्डवाल, घर जग्गासमेतको कि.नं. ८१, ८४ र ८६ कायम भएको र त्यसैगरी न.नं. ६ कि.नं. १०४ को विवादित जग्गामा नारायण थपलियाको नर्सरी जनिएको, र न.नं. ७ कि.नं. १०५, न.नं. ८ कि.नं. ३९ र न.नं. ९ कि.नं. ३८ समेतका नारायण थपलियाको जग्गासमेतको नक्सा प्रमाणबाट कि.नं. १०४ को जग्गामध्ये उत्तरतर्फको ००१५८.९५ ब.मी. अर्थात् ०-५-० जग्गा प्रतिवादी ज्ञानबहादुर सार्कीको कायम हुने र बाँकी दक्षिणतर्फको ०-६-१-० जग्गाको दर्ता लिखत बदर भै वादीका नाममा कायम हुने ठहराएको पुनरावेदन अदालतको मिति २०६६।७।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल भदौ २० गते रोज १ शुभम्।

२

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CI-०९१०, ०६७-CI-०१००, निर्णय दर्ता बदर दर्तासमेत, *आङदाली शेर्पा वि. नारायण थपलिया, नारायण थपलिया वि. ज्ञानबहादुर सार्कीसमेत*

वादी र प्रतिवादी आङदालीका परदाता

वन्दीङ्मिा दुवै पक्षको जग्गा साबिकभन्दा राम्रै बढेको अवस्था विद्यमान छ । सबै नरबढि जग्गा आफ्नोमात्र एकलौटी हकभोगभित्र पर्ने हो भन्ने पक्षले तत्सम्बन्धी कानूनी आधार प्रमाण खुलाउनुपर्छ । साबिकको जग्गाको ट्रायल चेक वा नक्साको प्रकृति र हाल कायम भएको जग्गाको नक्सा, ट्रायलचेक र जग्गाको प्रकृति दुरूस्त मिले भिडेको भनी न वादीले न प्रतिवादीले आफ्नो पुनरावेदनपत्रमा खुलाउनु भएको पाइन्छ । यो लडाइँ वादी प्रतिवादी दुवै पक्षको आआफ्नो जग्गाको साबिक क्षेत्रफलभन्दा बढि जग्गा दर्ता भएको अवस्था हुँदाहुँदै पनि वादी प्रतिवादीबिचमा त्योभन्दा अझ बढि जग्गा आफूले मात्रै पाउनु पर्ने भन्ने कारणबाट उठेको देखिने ।

पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६६।५।३ को नक्साको ननं २, ३, ४ वन्दीङ्मिाको कम्पाउन्डवाल, घर जग्गा समेतको कि.नं. ८१, ८४ र ८६ कायम भएको र त्यसैगरी ननं ६ कि.नं. १०४ को विवादित जग्गामा नारायण थपलियाको नर्सरी जनिएको, र ननं ७ कि.नं. १०५, ननं ८ कि.नं. ३९ र ननं ९ कि.नं. ३८ समेतका नारायण थपलियाको जग्गासमेतको नक्सा प्रमाणबाट कि.नं. १०४ को जग्गामध्ये उत्तरतर्फको ००१५८.९५ ब.मि. अर्थात् ०-५-० जग्गा प्रतिवादीको कायम हुने र बाँकी दक्षिणतर्फको ०-६-१-० जग्गाको दर्ता लिखत बदर भै वादीका नाममा कायम हुने ठहराएको पुनरावेदन अदालतको मिति २०६६।७।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल भदौ २० गते रोज १ शुभम् ।

३

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०२७०, लेनदेन, *इन्द्रबहादुर गुरूङ वि. कुलचन्द्र भट्टराई*

ऋणीले दोस्रो लिखत गरिदिनु पर्ने ठहराई भएको अदालतको फैसला भाखापत्र नै हो । तमसुकबमोजिमको रकममा दाबी गर्नको लागि सुरू दश वर्षको म्याद रहेकामा सोको बिचमा भाखापत्र भएपछि उक्त २ नं. बमोजिम पुनः थप दश वर्षको म्याद पाउने सो थप म्यादभित्रै यो नालेस परेको हुँदा हदम्याद नघाई परेको फिरादपत्रबाट रकम भराएको भन्न नमिल्ने ।

यस अदालतको संयुक्त इजलासले उल्लेख गरेको ने.का.प. २०५६ को पृष्ठ २१९ मा प्रकाशित नि. नं. ६६९० को मुद्दामा *पुनरावेदक प्रतिवादी लोकभक्त राणा विरूद्ध रमादेवी राजभण्डारी वादी भएको फौपुइनं. २६ को मुद्दामा थाहा पाएको मितिबाट हदम्याद सुरू हुने नभै भए गरेको मितिले हदम्याद सुरू हुने भनी प्रतिपादित सिद्धान्तले नरबहादुर लिम्बू वि. गजलाल लिम्बू भएको नि. नं ८१४ को जालसाजी मुद्दामा प्रतिपादित सिद्धान्तलाई अमान्य गरिसकेकाले मिति २०३५।१०।२४ को राजीनामाउपर २ वर्षभित्र फिराद दायर नभै सो हदम्याद नघाई २०४०।५।१३ मा फिराद दायर भएकाले हदम्यादको अभावमा खारेज हुने ठहर्छ । मुद्दाको औचित्यमा प्रवेश गरी दाबी नपुग्ने गरेको पुनरावेदन अदालत, बुटवलको फैसला सो हदसम्म बदर हुन्छ* भनी कीर्ते जालसाजी मुद्दामा सिद्धान्त प्रतिपादन भएको तर यो मुद्दा लेनदेन भएको र उक्त नि. नं. ६६९० को मुद्दा जस्तो यसमा नक्कल सारेको मितिबाट हदम्याद नाघी नालेस परेको अवस्था नहुँदा विषयवस्तु फरक रहेको मुद्दामा प्रतिपादित सिद्धान्तलाई आधार बनाई प्रदान भएको निस्सासँग सहमत हुन नसकिने ।

प्रतिवादीले यस अदालतमा दिएको मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदनमा ने.का.प. २०५८ को पृष्ठ ५४७ मा प्रकाशित बाबुराम राई वि. सरिता देवकोटा भएको मुद्दाको नजिरको उल्लेख भएको उक्त नि.नं. ७०३४ को फैसलामा प्रतिवादीले कि.नं. ५८८ को जग्गा प्रति रोपनी रू. १३ लाख ५० हजारले

वादीलाई बिक्री गर्न मन्जुर भै रू. ५० हजार बैना लिएको र बाँकी थैली लिखत भएको मितिले तीन महिनाभित्र लिखत रजिस्ट्रेसन पारित गरिदिँदा लिने गरी जग्गाको हकभोग छाडिदिने, भाकाभित्र पारित गरी नदिए लिएको बैनाबट्टाको दोब्बर दिने र जग्गा लिनेले पनि उक्त भाकाभित्र पारित गरी नलिएमा दिएको बैना पच हुनेसमेतको कुरामा मन्जुर भै बैनाबट्टाको कागज गरिदिएको लिखत व्यहोराबाट वादी प्रतिवादीबिच जग्गा सुक्री बिक्री गर्ने कुरामा मन्जुर भै जग्गाको मूल्यसमेत निश्चित गरी बैना रकम लिनेदिने कार्य भै दुवै पक्षले पालना गर्नु पर्ने सर्तहरू र दायित्वहरूसमेत निश्चित गरी करारमा हुनु पर्ने मूलभूत तत्त्वहरू समावेश भएको देखिँदा करार ऐन, २०५६ को दफा १०(१) अनुसार लिखत पारित गरिपाउन र दफा १५(१) अनुसार क्षतिपूर्तिको दाबी लिन सक्ने प्रष्ट व्यवस्था भएपछि दफा १८(२)(ग) को म्यादभित्र आउनु पर्नेमा नआई आकर्षित नै हुन नसक्ने लेनदेन व्यवहारको ४० नं. अँगाली दायर गरेको फिराद हदम्यादभित्रको नदेखिँदा खारेज गरेको मनासिब देखिँदा सदर हुने ठहर्छ भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ । तर प्रस्तुत मुद्दामा वादीदाबीको मिति २०४७।११।२ को लिखत करार लिखत भएको भए त्यसमा ८ वर्ष ८ महिनापछि परेको फिराद खारेज गर्नु पर्नेमा सुरू र पुनरावेदन अदालतले वादी दाबीलाई स्वीकार गरी अर्को लिखत गरिदिनु पर्ने ठहराएको पुनरावेदन अदालतको फैसलालाई सर्वोच्च अदालतको मिति २०६५।१२।१७ को फैसलाले पनि सदर गरेको अवस्थाबाट अब विवादित लिखत करार लिखत भएकाले हदम्यादविहीन भएको भन्ने प्रतिवाद जिकिरमा कुनै बल छैन । दाबीको लिखतमा *इन्द्रबहादुर गुरूङले लिया खायाको नगद रू. १,८०,००० कर्जा लिया... भाकामा पास गरी नदिए तपाइँ साहुले अन्य मेरा चलअचल जेथाबाट असुलउपर गरिलिनु भनी मेरा मन्जुरीसाथ तमसुक लेखी* जस्ता शब्दहरूको प्रयोग भएको तर उल्लिखित नि.नं. ७०३४ को मुद्दामा बैनाबट्टाको लिखत भनी पक्षहरूले नामकरण गरेको र बैनाबापत रकमसमेत लेनदेन भै जग्गा दिनेले सर्त उल्लङ्घन गरेमा बैनाको दोब्बर तिर्नु पर्ने र लिनेले उल्लङ्घन गरेमा दिएको बैना भूस हुने सर्त रहेकाले उक्त नजिर प्रस्तुत मुद्दामा प्रासङ्गिक नदेखिने ।

प्रतिवादीले उल्लेख गरेको ने.का.प. २०४१ को पृष्ठ ७६२ मा प्रकाशित न्हुछेमाया खड्गी वि. सोबीर लामा भएको रिटमा पहिलेबाट रैकर परिणत गरिपाउँ भनी सोबीर लामाले दिएको निवेदनमा कारवाही गरी सबुद प्रमाणको मूल्याङ्कन गरी कसका नाउँमा रैकर परिणत गर्नु पर्ने हो न्यायिक मनको प्रयोग गरी निर्णय गर्नु पर्नेमा सो नगरी फाँटवालाले उठाएको टिप्पणी सदर गरेको निर्णय बदर गरेको डिभिजन बेन्चको निर्णय मनासिब ठहराई पुनः निर्णय गर्न परमादेश जारी गरेको देखिन्छ । उक्त नजिरको प्रस्तुत मुद्दामा बिलकुलै सान्दर्भिकता देखिँदैन । यस्ता नजिर उद्धृत गरेर अदालतको समय नष्ट गर्नु प्रस्तुत निवेदनका मसौदाकारको गम्भीर गल्ती रहेकाले आइन्दा यस्तो गल्ती नगर्न आग्रह गरिने ।

प्रतिवादीले फैसलाबमोजिम लिखत नगरी लेनदेनको बिगो पच गर्ने कुराको कल्पनासम्म पनि गर्न सकिँदैन । त्यसो मान्ने हो भने अदालतको फैसला शक्तिविहीन हुने र त्यसको कार्यान्वयन प्रतिवादीको इच्छामा निर्भर हुन जान्छ । सम्बन्धित पक्षले अदालतको फैसला पालन गर्ने वा नगर्ने कुरा पक्षहरूको इच्छाधीन हुन सक्तैन । विवादित तमसुकका सम्बन्धमा एकपटक दोस्रो लिखत गराई पाउँ भन्ने मुद्दा परी वादीको २०४७।११।२ को तमसूक सद्दे ठहरी सो तमसुक हराएको ठहर भै निजले दोस्रो लिखत गर्नु पर्ने भनी सर्वोच्च अदालतसमेतको फैसलाले सदर गरेबाट सो तमसुकको थैलीको दायित्व प्रतिवादीले व्यहोर्नु पर्ने हो । प्रस्तुत मुद्दामा फैसलाबमोजिम दोस्रो लिखत भएकै छैन, सो नभै सोझै लेनदेनमा फिराद लाग्दैन भनी प्राविधिक र यान्त्रिक हिसाबले हेर्नु उचित हुँदैन । त्यसरी

हेर्दा सर्वोच्च अदालतको मिति २०६५।१२।१७ को फैसलासमेत अस्तित्वविहीन हुन पुग्छ । उक्त दोस्रो लिखत गराई पाउँ भन्ने मुद्दामा पुनरावेदन अदालत, धनकुटाबाट सुरू फैसला सदर भै मिति २०५९।४।२२ मा भएको पुनरावेदन फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन लाग्ने व्यवस्था नभै सो फैसला अन्तिम भएको र उक्त ऐनको दफा १२ बमोजिम दोहोर्‍याउने निस्सा प्रदान भएको कारणबाट सो फैसला अन्तिम नहुने भनी मान्न नसकिँदा उक्त फैसलाको नक्कल सारेको मिति २०५९।८।१९ ले ३५ दिनभित्रै परेको प्रस्तुत फिराद हदम्याद नाघी दायर भएको देखिन नआई हदम्यादभित्रै दायर भएको र विवादित लिखत करार लिखत नभै कपाली तमसुककै लिखत भएको र लिखतबमोजिमको साँवा ब्याज बुझाएको कानूनबमोजिमको प्रमाण प्रतिवादीबाट गुज्रन नआएको एवम् प्रस्तुत निवेदनमा तत्सम्बन्धमा प्रतिवादीको कुनै जिकिरसमेत नरहेबाट वादीले प्रतिवादीबाट दाबीबमोजिमको साँवा ब्याज भरिपाउने ठहर्‍याएको सुरू मोरङ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।११।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल असोज १४ गते रोज ५ शुभम्।

४

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-००३१, सवारी ज्यान, *नेपाल सरकार वि. सुरज कर्ण*

मोटरसाइकल ट्रायल गर्ने मिस्त्रीले हेलमेट नलगाई ट्रायल गर्ने कुरालाई सामान्यरूपमा लिन मिलेपनि ३/३ जना सवार भै राजमार्गमा तीव्र गतिमा हाँकेको कारण दुर्घटना हुन गएको तथ्यलाई सामान्यरूपमा लिन मिल्दैन । साथै सवारी चालक अनुमतिपत्र नभएका व्यक्तिले मोटरसाइकल ट्रायल गर्ने नाममा ३/३ जना सवार भै सवारी हाँक्नुपर्ने स्थितिलाई पनि सामान्यरूपमा लिन नमिल्ने हुँदा प्रस्तुत वारदातमा प्रतिवादीउपर लचिलो हुनुपर्ने स्थिति नदेखिँदा सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६१(३) लगाई ४ महिना कैद र रू. २०००।– जरिवाना गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिएन । यसै सन्दर्भमा नेपाल सरकार वि. विष्णुहरि महर्जनसमेत भएको २०६२ सालको फौ.पु.नं. ३३५५ को सवारी ज्यान मुद्दा (सर्वोच्च अदालत बुलेटिन, २०६६ भदौ १, पूर्णाङ्क ४११) मा यस अदालतको संयुक्त इजलासबाट सवारी चालक अनुमतिपत्र प्राप्त गर्न नसकेको अवस्थामा सवारी चलाउन आवश्यक र पर्याप्त कुशलता, दक्षता र योग्यताको अभाव रहेको देखिने र यस्तो दक्षता र कुशलता नभएपछि सवारी चलाउँदा ठक्कर लागी वा किची मानिस मर्न सक्छ भनी जान्नुपर्ने अवस्थामा लापरवाहीपूर्वक सवारी चलाएको र त्यसबाट बाटोमा रहेको मानिसलाई ठक्कर लागी मृत्यु भएकाले निजले लापरवाहीपूर्वक सवार चलाएको र दफा १६१(२) बमोजिम कसुर गरेको देखिने भनी सिद्धान्त प्रतिपादन भएबाट निज प्रतिवादीलाई अभियोग दाबीअनुसार सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गरी ऐ. १६१(३) लगाई ४ महिनामात्र कैद र रू. २०००।– जरिवाना हुने ठहर्‍याएको सुरू फैसला मिलेको देखिन आएन। माथि उल्लिखित आधार प्रमाणसमेतबाट यी प्रतिवादीले अभियोग दाबीअनुसारको कसुर गरेको ठहरेकाले निजलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैद सजाय र ऐ. १६१(४) बमोजिम थप रू. २०००।– सजाय हुने।

इजलास अधिकृत : विदुर काफ्ले

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल असोज १४ गते रोज ५ शुभम्।

५

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-१३०५, जबरजस्ती करणी, *श्यामकुमार अधिकारी वि. नेपाल सरकार*

प्रतिवादी श्यामकुमार अधिकारी मौकामा र अदालतमासमेत पीडिताउपर अभियोग दाबीबमोजिम आरोपित कसुर गरेको कुरामा साबित रहेका छन् । प्रतिवादीले पीडितालाई खेलाई सुम्सुमाउँदा उत्तेजना आएपछि चकलेट किनीदिन्छु भनी फकाई मनहरा खोलाको झाडीमा लगी पीडिताको कट्टु खोली करणी गर्न खोज्दा लिङ्ग नपसी योनीबाट रगत आई पीडिता रोइकराई गरेकाले घरमा लगेर छोडेको भनी आरोपित कसुर स्वीकार गरेको र निजको स्वीकारोक्तिलाई घटनास्थल प्रकृति मुचुल्कासमेतका सङ्कलित बयानहरूले समर्थन गरिराखेको देखिन्छ । प्रतिवादीको साबितीलाई पीडिताको मौकाको कागज र स्वास्थ्य परीक्षण प्रतिवेदनले समेत समर्थन गरिराखेको देखिन्छ । जबरजस्ती करणीजस्तो महिला विरूद्धको गम्भीर प्रकृतिको फौजदारी अपराधमा प्रतिवादी मौकामा साबित भै मौकाको बयान समर्थन हुने गरी अदालतमा समेत साबित हुनु, प्रतिवादी वारदातस्थलमा भएको प्रमाणित हुनु र पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट प्रतिवादीको साबिती समर्थन हुनु नै कसुर कायम हुनको लागि पर्याप्त मानिन्छ । यी प्रतिवादीले पीडिताउपर आरोपित कसुर गरेको स्थापित हुन आएको देखिएकाले सुरूले १५ वर्ष कैद र रू. ५०,०००।- जरिवाना गरेको फैसला केही उल्टी गरी यी प्रतिवादीलाई ११ वर्ष कैद र रू. ५०,०००।- जरिवाना हुने ठहराएको पुनरावेदन अदालत, पाटनको फैसलामा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** २०६९-CI-०५७९, निषेधाज्ञा, *फरमुद मियाँ वि. रमेश मरिकसमेत*

जिल्ला सप्तरी कन्चनपुर गा.वि.स. वडा नं. २ कि.नं. ४७१ को जग्गा निवेदक फरमुद मियाँको नाउँमा जग्गाधनी प्रमाण पुर्जा कायम रहेको देखिन आयो । आफूहरूले साबिक २०२० सालदेखि नै उक्त जग्गामा घर बनाई बसी आएको हो भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको देखियो । गाउँ विकास समितिको कार्यालय, कन्चनपुरको मिति २०६८।९।११ को सिफारिस पत्रानुसार उक्त जग्गामध्ये पूर्वतर्फबाट केही जग्गा खाली रहेको र पश्चिमतर्फबाट यिनै विपक्षीहरूको घरबास रही साबिकदेखि हालसम्म बसोवास कायम रहेको भन्ने देखियो । यसरी एकातर्फ निवेदकले आफ्नो जग्गामा आफ्नै घर भएको भनी दाबी लिएको देखियो भने अर्कोतर्फ उक्त जग्गामा विपक्षीहरूले साबिकदेखि नै घर बनाई बसोबास गरी आएको भन्ने देखिन आयो । एउटै जग्गामा रहेको घरलाई दुवै पक्षले आफ्नो भएको दाबी गरेको अवस्था हुँदा सो सम्बन्धमा मुख नमिली विवाद सिर्जना भएको देखिन आयो । उक्त जग्गामा रहेको घर कसले बनाएको र कसको भोगचलनमा रहेको छ भन्ने तथ्यमा नै पक्षहरूबिच निराकरण हुनु पर्ने विषय देखियो । त्यसरी मुख नमिलेको विवादित विषयका सम्बन्धमा कानूनबमोजिम सम्बन्धित अदालतमा आवश्यक कारवाही चलाउनु पर्ने हुन्छ । त्यस्तो विवादित विषयका सम्बन्धमा निषेधाज्ञाको निवेदनमार्फत निराकरण हुन सक्दैन । तसर्थ पुनरावेदक निवेदकको मागबमोजिमको निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने देखिँदैन । प्रस्तुत निवेदनलाई खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति

२०६८।१२।१९ को आदेश मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७२ साल साउन २४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** २०६९-CI-०५८९, निषेधाज्ञा, *हरिनारायण यादवसमेत वि. सावित्री यादव*

निवेदन मागबमोजिमको गाउँ ब्लक नं. २३३ को जग्गामध्ये उत्तर तर्फबाट क्षेत्रफल ०-१-१४ जग्गामा कुनै दाबी नगरेको र सो मितिमा जनज्यामीसमेत भै रूख बिरूवा हामीले रोपेका हौं हामीले काटेर लग्छौं भन्ने जस्ता कुनै किसिमको काम कुरा गरेका छैनौं भनी निवेदन जिकिरको खण्डन गरी विपक्षीहरूले लिखितजवाफ दिएको देखिन्छ। यो लिखितजवाफबाट उक्त निवेदन दाबीको जग्गा निवेदिकाकै भएको कुरालाई विपक्षीहरूले स्वीकार गरेको अवस्था देखियो । यस अवस्थामा यस अदालतमा पुनरावेदन गर्दा उक्त गाउँ ब्लकको ०-१-१४ जग्गा निवेदिका र निजको लोग्ने रामनारायण यादवले एकआपसमा मिलेमतो गरी विपक्षीमध्ये सकुलवती यादवको नाउँको ०-१-१४ जग्गा जफत गर्ने नियतले झुट्ठा निवेदन दिएका हुन् भनेर विवादित जग्गामा निवेदिकाको हक स्वामित्वलाई चुनौती दिएको विपक्षीहरूको पुनरावेदन जिकिर पहिले आफैंले स्वीकार गरेको तथ्य विपरीत देखियो। मुद्दामा दाबी र प्रतिवाद गर्ने पक्षले सो मुद्दाको प्रारम्भदेखि अन्तसम्म आफ्नो जिकिरमा परिवर्तन गर्न मिल्ने देखिन्न । यसरी परिवर्तन गर्दा पक्षहरूको जिकिर अनिश्चित हुन पुग्छ। यस्तो अनिश्चित जिकिरको आधारमा सम्बन्धित पक्षलाई न्याय सम्पादन गर्न बडो असहज हुन्छ । अतः विपक्षीहरूले निवेदिकाको जग्गा र सोमा भएका रूख बिरूवा काट्ने र घर भत्काउने आशङ्का भएकाले निवेदिकाको हकभोगको जग्गामा कुनै किसिमको हस्तक्षेप नगर्नु नगराउनु भनी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।११।१४ मा जारी भएको निषेधाज्ञाको आदेश मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७२ साल साउन २४ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-०६४९, उत्प्रेषण / परमादेश, *रामकुमार श्रेष्ठ वि. मालपोत कार्यालय, सुर्खेत*

पुनरावेदकले उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी जिकिर लिएको तत्कालीन भूमि प्रशासन कार्यालयको मिति २०३३।१।१३ को निर्णयको जानकारी मिति २०६७।११।२५ मा मात्र आफूलाई भएको भनी जिकिर लिएको पाइयो। तर साबिक कि.नं. १२७ कित्ताकाट भै कायम भएको कि.नं. ३३३ को जग्गा यी पुनरावेदकको नाममा दर्ता कायम रहेको र सो कि.नं. बाट पुनरावेदकले मिति २०३५।३।१८ मा कि.नं. ४७४ को जग्गा मिति २०३६।४।२५ मा कि.नं. ४७६ को जग्गा र मिति २०३८।८।२९ मा कि.नं. ४८७ को जग्गा कित्ताकाट गरी विभिन्न व्यक्तिलाई राजीनामा पारित गरिदिएको जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिन आउँछ । यसबाट उक्त साबिक कि.नं. १२७ को जग्गा कि.नं. ३३२ र ३३३ कायम भएको व्यहोरा पुनरावेदकलाई त्यतिबेलै थाहा जानकारी थिएन भनी भन्नै मिल्दैन । तत्सम्बन्धमा निवेदकले मुआब्जा पाए अथवा नपाएको कुरा हेर्नलाई पनि निवेदकले समयमा नै आउनु पर्ने हुन्छ । यावत् लिखत नासिए हराएपछि निवेदकले उपचार खोज्नु न्यायोचित हुँदैन । यसको फाइदा निवेदकले पाउन सक्ने हुँदैन। निवेदकको नाममा नै कायम हुन नसकेको कि.नं. ३३२ को जग्गामा निवेदकको भोगचलन यथावत् रहेको भनी मान्नै मिल्दैन । यसरी भोगचलनसमेत

टुटेको र २०३३ सालमा तयार भएको जग्गाधनी दर्ता प्रमाण पुर्जालाई स्वीकार गरी निवेदकले लिखत आदि पारित गरी काम कारोबार व्यवहारसमेत गरी आएको अवस्थामा निवेदकले आफूलाई अनजान देखाई यो निवेदन दिएको कपटपूर्ण पनि देखियो । विवन्धनको सिद्धान्त, हक परित्यागको सिद्धान्त, स्वच्छ न्यायको सिद्धान्त एवम् अनुचित विलम्बको सिद्धान्त यी सब तगाराहरूलाई निवेदकले सामना गर्न सक्ने देखिँदैन । अतः मिति २०६९।५।३१ को पुनरावेदन अदालत, सुर्खेतले रिट निवेदन खारेज गरेको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल साउन २४ गते रोज १ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७२-WO-००१६, उत्प्रेषण / परमादेश / प्रतिषेध, *अवधकिशोर महतो वि. लगन महतोसमेत*

अंश मुद्दा यस अदालतमा विचाराधीन रहेको अवस्थामा उक्त मुद्दा सम्बन्धमा कुनै अनियमितता भएको भनी निवेदकलाई लाग्दछ भने त्यस विरूद्ध निवेदकले उल्लिखित मुद्दामा नै निवेदन दिई यस अदालतको ध्यानाकर्षण गर्नु गराउनु पर्ने हुन्छ । साधारण अधिकारक्षेत्रअन्तर्गत यस अदालतको विचाराधीनमा रहेको यो अंश मुद्दाको विषयवस्तुमा यही अदालतको असाधारण अधिकारक्षेत्र गुहार्नु पर्ने कुराको कुनै औचित्य र आवश्यकता छैन । प्रस्तुत साधारण अधिकारक्षेत्रअन्तर्गतको मुद्दाको निरूपण वादी प्रतिवादीको आधारमा हुने हुँदा त्यस्ता कुरामा रिट निवेदनबाट विचार हुने अवस्था नरहने।

साधारण अधिकारक्षेत्रमा विचाराधीन रहेको मुद्दामा भएको आदेशलाई लिएर रिट निवेदकले असाधारण अधिकारक्षेत्र गुहार्नु असाधारण अधिकारक्षेत्रको प्रयोगको परिप्रेक्ष्यमा बडो बिडम्बनापूर्ण र दु:खद् अवस्था हो । साधारण अधिकारक्षेत्रबाट उपचार पाउने अवस्था रहँदारहँदै त्यसमा उठेको विवादको निरूपण रिट आदेशबाट गर्नु अधिकारक्षेत्र, स्वच्छ, न्याय, सार्वजनिक नीति (Public Policy), न्यायिक निश्चितता (Judicial certainty), न्यायिक काम कारवाहीमा सुव्यवस्थालगायतको सिद्धान्तहरू विपरीत हुने देखिन्छ । अत: प्रस्तुत रिट निवेदनमा निरूपणयोग्य कुनै विषय नै नरहेकाले विपक्षीहरूसँग लिखित जवाफ माग गरिरहनु परेन । रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल साउन ११ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७२-WO-०११३, उत्प्रेषण, *महावीर मल्लाह गोढी वि. भूमिसुधार कार्यालय, मोरङसमेत*

कानूनबमोजिम नै फैसलाको दोष निवारण हुनु पर्छ । उल्लिखित मोही निष्कासन मुद्दामा मुद्दाको पक्ष निवेदककी आमाले कानूनबमोजिम मुद्दा दोहोर्‍याई पाउँ भन्ने उपचारबाट उक्त मुद्दाको न्यायिक परीक्षण गराउन सकिने अवस्था रहेकामा सो उपचार अवलम्बन गरेकी देखिँदैन । न त सो फैसलाउपर यी निवेदकले नै तत्काल कुनै कानूनी उपचार लिन सकेको देखिन्छ । असर पर्ने पक्षलाई नबुझी फैसला भएको वा अरू कुनै सारभूत कार्यविधि कानूनको त्रुटि भै न्याय सम्पादनमा न्यायिक स्वच्छता र निष्पक्षताको निर्वहन नभएको टड्कारो देखिएमा ती कार्यविधिगत त्रुटिको निवारण गरी प्रक्रिया पुर्‍याई निर्णय गर्नु भनी रिट अधिकारक्षेत्रले भन्ने हो । निवेदकले दिएको यो रिट निवेदनबाट मुद्दाको विषयवस्तुमा प्रवेश गरी प्रस्तुत

रिट निवेदनलाई पुनरावेदकीय वा दोहोर्‍याई पाउने साधारण अधिकारक्षेत्रमा परिणत गरी सो फैसला अ.बं. ८५ नं. विपरीत भै त्रुटिपूर्ण रहेको भनी निवेदकलाई उपचार दिनु न्याय र संविधानसम्मत समेत नहुने।

मोही प्रमाणपत्र मुद्दाको दाबी २०४५ सालमा परेको तर कुत दिलाई मोही निष्कासन गरिपाउँ भन्ने मुद्दा २०४९ सालको बालीको हकमा परेकाले यो मुद्दा मोही प्रमाणपत्र मुद्दालाई निस्तेज गर्नको लागि दायर भएको भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने। कुत दिलाई मोही निष्कासन गरिपाउँ भन्ने मुद्दामा पुनरावेदन अदालत, विराटनगरबाट २०५१।८।१९ मा भएको फैसला बदर हुने किसिमको त्रुटि विद्यमान नभएको समेतबाट विपक्षीहरूबाट कारण देखाउ आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम्।

## पुनरावलोकन निस्सा

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-RV-०१२३, फैसला बदर, *सफिद महमद मियाँ वि. शोभाकान्त चौधरी*

यसमा कि.नं. १४३ को जग्गा सुरूमा सार्वजनिक बाटो जनिई नापी भई मालपोत कार्यालयको निर्णयबाट तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता कायम रहेको देखिन्छ। उक्त निर्णय कहीँकतैबाट बदर भएको देखिँदैन। नेपाल सरकारको नाममा दर्ता कायम भएको यसप्रकारको जग्गा कोही कसैले दर्ता गराएको खण्डमा मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिम त्यस्तो दर्ता स्वत: बदर हुने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रतिवादीमध्येका बृजलालले विवादित जग्गा सार्वजनिक भौचर हो भनी भूमिसुधार कार्यालय, सप्तरीमा बयान कागजसमेत गरिरहेको अवस्थामा उक्त कि.नं. १४३ बाट कित्ताकाट भई कायम भएका कि.नं. ६७०, ६७१ र ५४७ का जग्गामात्र सार्वजनिक कायम हुने र अन्य कित्ताको हकमा हालका दर्तावाला व्यक्तिहरूलाई प्रतिवादी नबनाएको भन्ने आधारमा निजहरूको नामको दर्ता यथावत् कायम हुने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६८।१२।२९ मा भएको फैसलामा मालपोत ऐन, २०३४ को दफा २४(२) त्रुटि देखिनुका साथै ने.का.प. २०६६ अङ्क १२ नि.नं. ८२८०, पृष्ठ १९८७ मा प्रतिपादित सिद्धान्तसमेतको विपरीत देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरी हेर्न निस्सा प्रदान हुने।

इति संवत् २०७२ साल मङ्सिर ४ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६९-RV-०१२४, फैसला बदर, *सफिद महमद मियाँ वि. शोभाकान्त चौधरी*
- ०६९-RV-०१२५, फैसला बदर सार्वजनिक कायम, *गुल्टेन यादव वि. शोभाकान्त चौधरी*
- ०६९-RV-०१२६, फैसला बदर सार्वजनिक कायम, *गुल्टेन यादव वि. शोभाकान्त चौधरी*
- ०६९-RV-०१२७, करार लिखत बदर सार्वजनिक कायम, *गुल्टेन यादव वि. शोभाकान्त चौधरीसमेत*

## अन्तरिम आदेश

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७२-WO-०३७०, उत्प्रेषण, *तुलसीप्रसाद सुवेदी वि. गृह मन्त्रालयसमेत*

यसमा अन्तरिम आदेश माग गर्नेतर्फ विचार गर्दा विकास कार्य रोकिनु न्यायोचित नहुने

हुँदा विकास कार्यलाई रोक्ने गरी आदेश गर्न मिलेन। तथापि मिति २०७२।४।७ को सूचनाअनुरूप निवेदकले मुआब्जा लिँदा वा लिन नगई समयावधि नाघेपछि निवेदकलाई प्रतिकूल प्रभाव परी सुविधा सन्तुलनको दृष्टिबाट बढि मर्का पर्नसक्ने हुँदा मुआब्जा लिने विषयसम्मको लागि निवेदकको हकमा उक्त सूचना तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षी जिल्ला प्रशासन कार्यालय, रामेछापको नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल मङ्सिर १५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-WO-०३६०, उत्प्रेषण, *जगन्नाथ आचार्य वि. विद्या मन्दिर उच्च मा.वि. बागलुङसमेत*

यसमा शिक्षा नियमावली, २०५९ को (१२) मा भएको व्यवस्थाबमोजिम प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत् शिक्षकहरूमध्ये वरिष्ठतम् स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भै कार्य गर्ने भन्ने उल्लेख भएको र जिल्ला शिक्षा कार्यालय, बागलुङको मिति २०७२।७।२९ को पत्रबाट पहिला ज्येष्ठ वरिष्ठमा यी निवेदक रहेको भन्ने देखिएकाले अन्तरिम आदेशको सम्बन्धमा दुवै पक्ष राखी छलफल गराई अन्तरिम आदेश हुनु उपयुक्त देखिएकाले विपक्षीहरूलाई मिति २०७२।८।१५ को तारेख तोकि सोको सूचना विपक्षीहरूलाई दिनुका साथै उक्त अवधिसम्मको लागि प्रत्यर्थी विद्यालयको मिति २०७२।७।१५ को पत्र र प्रत्यर्थी विद्यालय व्यवस्थापन समितिको मिति २०७२।८।२ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल मङ्सिर १५ गते रोज ३ शुभम्।

**अदालत गतिविधि**

## सर्वोच्च अदालतका माननीय न्यायाधीशहरू र पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरूको सम्मेलन - २०७२

सर्वोच्च अदालतको आयोजनामा मिति २०७२।८।१०-११ मा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरू र पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरूको सम्मेलन सम्पन्न भयो। सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठज्यूको आतिथ्यतामा सम्पन्न भएको उक्त सम्मेलनमा सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरू तथा १६ वटा पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरूको उपस्थिति रहेको थियो। उक्त सम्मेमलनको पहिलो दिन मिति २०७२।८।१० मा **न्यायपालिकामा हुन सक्ने अनियमितताको पहिचान, नियन्त्रण र निगरानी प्रणालीको स्थापना** विषयमा पुनरावेदन अदालत, राजविराजका माननीय मुख्य न्यायाधीश श्री ईश्वर खतिवडाबाट भएको प्रस्तुतीको अध्यक्षता सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री गिरीश चन्द्र लालले गर्नुभएको थियो । यसैगरी पुनरावेदन अदालत, पाटनका माननीय मुख्य न्यायाधीश श्री शम्भुबहादुर खड्काबाट **न्यायमा सहज पहुँचका चुनौतीहरू** विषयमा भएको प्रस्तुतीको अध्यक्षता सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सुशीला कार्कीज्यूबाट भएको थियो । प्रस्तुत कार्यपत्रउपर माननीय मुख्य न्यायाधीशहरूको छलफलपश्चात् सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठज्यूबाट सम्मेलनको पहिलो दिनको सत्र समापन भएको थियो।

सम्मेलनको दोस्रो दिन मिति २०७२।०८।११ गते पुनरावेदन अदालत, दिपायलका माननीय मुख्य न्यायाधीश श्री दिपककुमार कार्कीबाट **नयाँ संविधान र न्यायपालिका: अवस्था, कार्यान्वयनका चुनौती र न्यायपालिकाको व्यवस्थापन** विषयमा



प्रस्तुती रहेकामा सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठज्यूबाट सो प्रस्तुतीकरणको अध्यक्षता भएको थियो । सम्मेलनको समापनमा सम्माननीय प्रधानन्यायाधीशज्यूले नयाँ संविधानले निर्धारण गरेको न्यायापालिकाको संरचनाले आधुनिक न्यायका अपेक्षालाई पूरा गर्नुपर्ने चुनौती छ र यसमा माननीय मुख्य न्यायाधीशहरूले असल नेतृत्वदायी भूमिका खेल्न जरूरी छ भन्ने कुरा उल्लेख गर्दै सो सम्बन्धमा महत्त्वपूर्ण निर्देशनसमेत दिनुभएको थियो ।

सो सम्मेलनमा **नयाँ संविधानअनुसारको न्यायपालिका स्थापना र व्यवस्थापन सम्बन्धमा**, **न्यायपालिकामा हुन सक्ने अनियमितताको पहिचान एवम् नियन्त्रण र निगरानी प्रणालीको स्थापना सम्बन्धमा**, **न्यायमा सहज पहुँच कायम गर्ने सम्बन्धमा** सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरूबाट संयुक्तरूपमा घोषणा पत्रसमेत पारित भएको थियो ।

**4th South Asia Judicial Roundtable on Environmental Justice**

सर्वोच्च अदालतको आयोजनामा नेपालको याक एण्ड यति होटलमा मिति २०७२ साल मङ्सिर १२ र १३ गतेका दिन 4th South Asia Judicial Roundtable on Environmental Justice विषयक अन्तराष्ट्रिय सम्मेलन सम्पन्न भयो । दक्षिण एसियाली राष्ट्रका प्रधानन्यायाधीश, न्यायाधीशहरू तथा वातावरण न्यायको क्षेत्रमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघ तथा संगठन, नेपालको सर्वोच्च अदालतका माननीय न्यायाधीशहरू, पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीश तथा माननीय न्यायाधीशहरू तथा जिल्ला अदालतका माननीय न्यायाधीशहरूको उपस्थिति रहेको दुई दिने उक्त सम्मेलनको उद्घाटन मिति २०७२ साल मङ्सिर १२ गते सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठबाट भएको थियो । कार्यक्रम अवधिभर सार्क राष्ट्रका न्यायाधीशहरू तथा संघ, संस्था र सरोकारवालाहरूबाट वातावरण र न्यायसम्बन्धी विभिन्न गहन तथा महत्त्वपूर्ण विषयमा कार्यपत्र प्रस्तुत भएको थियो । सो अन्तर्राष्ट्रिय सम्मेलनमा सार्क राष्ट्रबीच वातावरण कानूनसम्बन्धी सूचना र अभ्यासको आदान प्रदान गर्ने, क्षमता अभिवृद्धि गर्ने, क्षेत्रिय सहयोग र सुमधुर सम्बन्ध कायम गर्ने, वातावरण न्यायको प्रवर्धन गर्न साझा धारण बनाउनेलगायतका विभिन्न विषयमा २३ बुँदे घोषणापत्रसमेत पारित गरियो ।

